# भूमि अधिकार

वर्ष ११, पूर्णाङ्क ३३, असार २०७०



## आन्दोलन पुगेकै छैन

-पहलसिंह पहराई मगराई



# दलीय स्याउला हुँदैछन् भूमि मुद्दा

- ठूला खेतीको विपक्षमा
- नेपालमा भूमि कब्जा र यसले पार्ने असर
- भोट कसलाई ?

# भूमि अधिकार

वर्ष ११, पूर्णाङ्क ३३, वैशाख–असार २०७०


**आवरण**

दलीय स्याउला हुँदैछन् **भूमि मुद्दा** १०

**लेख**

ठूला खेतीको विपक्षमा ५




मोही किसानले पाए हक २५



- कमलरी मुक्तिको आन्दोलन सङ्घर्ष र उपलब्धि ७
- भूमि आन्दोलन र अन्तर्राष्ट्रिय सम्बन्ध १४
- अभ्यास : सामुदायिक भूमि सुधारको १५
- यात्रा : पहाड हिंडाइ १७
- राष्ट्रिय भूउपयोग नीति, २०६९ २३
- सङ्घर्षशील अगुवाको कथा २५
- हरूवाचरूवाले बुझाए मागपत्र २९



प्रकाशक

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**

पोस्ट बक्स नम्बर १९७९०, भूमि घर, धापासी–८ काठमाडौं, नेपाल

फोन ९७७–१–४३६०४८६, फ्याक्स ४३५७०३३

इमेल landrights@csrcnepal.org, website: www.csrcnepal.org

**लेआउट/डिजाइन** : मिडिया क्याफे, अनामनगर, **आवरण** : भक्तबहादुर कार्की

# सम्पादकीय

# गरिब निचोर्न छाड

जे सुकै व्यवस्था आओस् । सरकारमा जोसुकै आउन् । तिनीबीच एउटा गजबको तालमेल देखिँदै आएको छ । कागजमा सबभन्दा कमजोर वर्गको उन्नति लेख्ने र व्यवहारमा भने तिनैलाई निचोर्ने । निमोठ्ने । लखेट्ने । अपमान गर्ने । गरिब जनताको जीवनस्तर उकास्ने र मर्यादा बढाउने चासो कसैलाई भएन ।

पछिल्लो सरकारकै कुरा गरौं । चुनाव हुनु कहिले हो कहिले ? सरकारले मन्त्रालयका सचिव सरुवा-बढुवा गरेकै छ । ठूला नीतिगत निर्णय पनि लिएकै छ । तर सुकुम्बासी आयोगचाहिँ खारेज गरिदियो । यसो गर्दा केहीको स्वार्थ पूरा भयो होला तर सरकारको सुकुम्बासी पहिचान गरी परिचयपत्र बाँड्ने उद्देश्य पूरा भयो त ? हामी उन्नतीतर्फ अघि बढ्यौं त ? पटकपटक ऋण गरेर पेश भएका निवेदनको छानबिन नै नसकी सुकुम्बासी आयोग निमोठियो । यसका लागि चार दलको संयन्त्रमा समेत तुरुन्तै सहमति भयो । र, यो काम सम्पन्न गर्न कुनै वैकल्पिक व्यवस्था पनि चाहिएन ।

सुरक्षित बास सबैको आधारभूत आवश्यकता हो । यसको कुनै विकल्प छैन । अन्तरिम संविधानले नै सबै नागरिकको सुरक्षित आवासको अधिकार दिएको छ । कमजोर नागरिकका अधिकार पूरा गराउन सरकारले घर बनाउन सघाउनुपर्ने हो । तर सरकार सुकुम्बासीका बस्ती जलाइरहेको छ ।

वन सुरक्षाको नाममा वास्तविक गरिबको सवाल सम्बोधन हुनेगरी कहिल्यै नीति र कार्यक्रम ल्याइएन । अहिले गरिबको सबभन्दा ठुलो शत्रु 'वन' बनेको छ । उदाहरणका लागि बर्दिया बानियाभार खुरखुरेका राजी समुदायलाई नै लिउँ न, उनीहरुको संस्कृति भनेको वनछेउ बस्ने । माछा मार्ने । वन स्रोतबाटै अधिकांश खाद्यान्न जुटाउने हो । उनीहरुको जमिन छैन । तर तिनै राजी आज वनमा एउटा छाप्रो बनाउने ठाउँ नपाएर तड्पिरहेका छन् । प्रत्येक वर्ष बस्ती सारेर ढोकाबिहीन घरमा महिला र केटाकेटी बस्छन् । सबै घरका पुरुष जीविकाका लागि भारतमा ज्याला मजदुरी गर्न जान्छन् । उनीहरुलाई दुःख गरेर जुटाएको पीठो, चामल पकाएर खान पनि गाह्रो छ । पात पतिङ्गर कहाँबाट ल्याउने ? दाउरा कहाँबाट ल्याउने ? संस्कृति सबैका लागि महत्वपूर्ण हुन्छ । कृषिको संस्कृति नभएकाले राजीसँग जग्गा थिएन । उनीहरु पूर्णतः वनमा नै निर्भर हुन्थे । तर आज उनीहरु वनको अधिकारबाट वञ्चित भएका छन् । वनमात्र हैन, गरिबका लागि सार्वजनिक पोखरी र तिनका डिलको पनि महत्व हुन्छ तर अब ती पनि गरिबको पहुँचमा रहेन ।

वर्षायामसँगै प्रकोप बढेको छ । यस्तो प्रकोपको मार सबभन्दा बढी गरिबले नै खेप्नुपर्ने हुन्छ । किनकि उनीहरुको बास बढीजसो असुरक्षित ठाउँमा हुन्छ । राज्यले कतिसमेत विभेद गरिरहेको छ भने राहतसमेत नम्बरी जग्गा नहुनेलाई कम दिइरहेको छ ।

सरकारी कार्यक्रम र बजेट पनि उनीहरुसम्म पुग्दैन । समाजका कमजोर वर्गका हितमा एक त बजेट बन्दै बन्दैन । केही गरी बनिहाल्यो भने पनि कार्यान्वयन हुँदैन । यी वर्गका केही जागरुक भएर आफ्ना अधिकारका लागि आवाज उठाउँदा पनि राज्यले सुनिरहेको छैन । अहिले सरकारले बजेट बनाउने कार्य गरिरहेको छ । यसैबीच पूर्वका हरुवाचरुवा आफ्ना समस्या सुनाउन अर्थ मन्त्री भेट्न आएका थिए । तर उनीहरुले भेट्न पाएनन् । मन्त्री ठूला व्यापारी र उद्योगपति भेट्न तिनले डाकेकै ठाउँमा पुग्छन् । तर हरुवाले उल्टै प्रधान मन्त्री कार्यालयमा अपमान खेप्नुपर्‍यो । यतिखेर राज्यले संरक्षण गर्नुपर्ने भनेको सबभन्दा कमजोर वर्ग हो तर ऊ पुरै बेवास्ता गरिरहेको छ । यस्ता अनेकन् उदाहरण छन्- जुन लेख्दा, सुन्दा र बोल्दा पनि शरीरमा काँडा उम्रन्छ । यस्तो परिस्थितिमा अति कमजोर वर्गका सबै नागरिक सङ्गठित हुनु र राज्यलाई उम्किनै नसक्नेगरी दबाब दिनुको विकल्प छैन । यसका लागि केवल साङ्गठनिक बलले मात्र पुग्दैन । वैचारिक बल पनि चाहिन्छ । यसतर्फ राष्ट्रिय भूमि अधिकार मञ्चले आशालाग्दो पहल गरिरहे पनि अझै धेरै गर्न बाँकी छ ।

लाग्छ, राज्यको सबै व्यवहार हेर्दा उनीहरु अर्को विद्रोह कुरिरहेका छन् । गरिबहरुको विद्रोह । जहाँ गरिबी, शोषण र अन्याय भोगिरहेका नागरिकको आवाज सुनिँदैन । तिनको अधिकारको रक्षा गरिँदैन । त्यतिखेर विद्रोह कसैले रोक्न सक्दैन । राज्यको अहिलेको गरिब विरोधी चालाले त्यही विद्रोह कुरेर बसिरहेको देखाउँछ । भूमि अधिकारबाट वञ्चितलगायत्का गरिबले आफ्नो शक्ति बढाउने कार्यमा केन्द्रित हुनु जरुरी छ । जुन शक्तिले अहिलेको अन्याय र अत्याचार लडाउन सकोस् । याचना र विन्तीले केही हुनेवाला छैन । बेलैमा बुझौं । दृढ भएर शक्ति निर्माणमा जुटौं ।

# ठूला खेतीको विपक्षमा



■ जगत देउजा

नेपालको कृषि क्षेत्रका समस्या अनेकन् छन् । जग्गा टुक्रियो । सिँचाई बनेन । कृषि सडक छैन । बजार अव्यवस्थित छ । मलखाद समयमा पाइँदैन । बिमाको व्यवस्था भएन । प्राविधिक गाउँ बस्दैनन् । युवा विदेशिए । खेतीपाती गर्ने श्रम शक्ति छैन । जग्गा बाँझै बस्न थाल्यो । खेती गर्नेसँग जग्गा छैन । भएकाको थोरै छ । धेरै जग्गा हुने खेती गर्दैनन् । खेती व्यावसायिक भएन । निर्वाहमुखी भयो । अनि यसको समाधान ? धेरैले भन्ने गर्छन्- 'मेसिनरी औजार' प्रयोग गरेर ठूला खेती गर्नुपर्छ । तिनलाई लागेको छ- ठूला खेती गरेपछि प्रशस्त खाद्यान्न उत्पादन हुन्छ र यसले सबैलाई रातोपिरो हुनेगरी आहारा जुटाउँछ ।

नीति निर्माण तहमा रहेका धेरैलाई यस्तै लागेको छ । राजनीतिक दल आफ्ना घोषणापत्रमा त्यही लेख्छन् । 'जसको जोत, उसको पोत' भनेर जिन्दगीभर आन्दोलनमा होमिएका पनि अहिले ठूला खेतीको प्रवक्ता बनिरहेका छन् । भन्छन्- जग्गाको चक्लाबन्दी गर्नुपर्छ । अब पुरानो पाराले हुँदैन । व्यावसायिक खेती गर्नुपर्छ । कतिपय साना किसान पनि नबुझेरै व्यावसायिक खेतीको कुरा गर्छन् । यसो भन्न थालेको पनि जुग बितिसकेको छ । यहाँसम्म आउँदा कृषि क्षेत्रको मुख्य श्रम शक्ति झनै पलायन हुँदैं गइरहेको छ । भन्दै आएको निर्वाहमुखी खेती पनि धरापमा पर्दैछ । हामीसँग भएको जमिन, भू-संस्कृति, भूगोल र कृषिको शिक्षा नबुझी एकोहोरो ठूला खेतीको कुरा गरेर समय बर्बाद भइरहेको छ ।

निर्वाहमुखी खेती भनेको के हो ? व्यावसायिक भनेको के हो ? कर्पोरेट भन्नाले के बुझ्ने ? निर्वाहमुखी भन्दै आएको खेतीपाती निर्वाहमुखी छ कि छैन ? किसानले उत्पादन पहिले आफ्ना लागि गर्ने कि बजारको माग पूरा गर्न गर्ने ? यावत् अलमल देखिन्छन् अहिलेको खेतीपातीमा । त्यस्तो खेतीपातीबाट पर्ने नकारात्मक असरचाहिँ के हो ? त्यसमा बहस पुगेको छैन ।

चितवनका चेपाङ कम्मरमा डोरी बाँधेर रूखमा अल्झाउँछन् र मुखमा मकै हालेर कोदालोले मकै छर्छन् । पहाडमा गोरूले जोत्न नसकेर खनेर निर्वाह गरिने कैयन् क्षेत्र छन् । कतिले बगरमा अस्थायीरूपमा केही न केही फलाएर जीविका धानिरहेका छन् । परिवारलाई आवश्यक पर्ने सबै चिज उत्पादन गर्दा आली, कान्ला सबैतिर खेती भइरहेको छ । कुवेतको तेल ल्याएर कुदाउनुपर्ने ट्याक्टर किफायती होला कि कान्लाको घाँस खाँदै जोत्ने गोरू ? यो विशिष्ट अवस्थामा 'ठूला खेती' भनेको के हो ?

माघ अन्तिम साता सुनसरीमा मोही सम्मेलन थियो । आसपास जिल्लाका सयौं मोही सम्मेलनमा सहभागी थिए । त्यसमध्ये मोरङका ४ सहभागीले आफ्नो विस्थापनको कथा सुनाए । मोरङको डाँगीहाटमा एक कम्पनीले व्यावसायिक खेती गर्ने उद्देश्यले जग्गा एकीकरण गरेको रहेछ । त्यसो गर्दा केही परिवार, जो मोही लागेको जग्गा कमाएर जीविका चलाइरहेका थिए,

> साना र दिगो खेतीपातीका लागि जमिनको पुनर्वितरण हुनैपर्छ । दिगो खेतीपाती भनेको जमिनमा किसानको स्वामित्व कायम गरेर उसलाई जमिनमा आधारित उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आम्दानी बढाउन मद्दत गर्नु हो । जमिन नभएका विपन्न छन् र थोरै जमिन भएका पनि विपन्न छन् ।



कम्पनीको उद्देश्यअनुसार त्यो जग्गा चाहिने भयो । उनीहरूलाई त्यहाँबाट हटाएर अन्तै सारियो । यसरी सारिएको जग्गा कमाउनेलाई दर्ता गरिदिने सहमति भयो । र, पहिले छाडेको जग्गामा मोहियानी हक दाबी नगर्ने कागत गरियो । सोझा मोहीले रोजगारी र जग्गा पनि पाउने आशमा मञ्जुरी गरे । अहिले रोजगारी पनि पाएका छैनन् । सारिएको जग्गा पनि भोलिभोलि भनेर दर्ता गरिदिएको छैन । उनीहरू पुरानो थलोबाट विस्थापन हुनुपरेकामा साह्रै चिन्तित थिए । यो एउटा सानो उदाहरण हो वञ्चितीकरणको । भोलि कर्पोरेट फार्मिङमा गइयो भने भोग्ने सबैले यही दुर्दशा हो ।

अहिलेको खेतीपातीमा सुधार आवश्यक छ । तर यसको समाधान 'ठूलो' वा 'कर्पोरेट' खेती हैन । यसका लागि किसान नेतृत्वको सामुदायिक र सहकारी पद्दति नै चाहिन्छ । जुन खेतीपातीको व्यावसायिक घरानाले हैन, किसान स्वयम्ले व्यवस्थापन गर्न सकून् । किसान-किसान मिलेर जग्गा वा बालीमा चक्लाबन्दी गरून् । तर कुनै एउटा ठालु नबनोस् । जहाँ परिवारको श्रमले खेतीपाती हुनसक्छ, त्यहाँ श्रम शोषणका सम्भावना न्युन रहन्छन् । एकोहोरो ठूलो खेतीले अहिलेका किसानलाई मजदुर र उद्योगपति र जमिनदारलाई कम्पनीको मालिकमात्र बनाउनेछ । कृषि क्षेत्रको चुरो समस्याको हल हुँदैन । अहिले पनि व्यावसायिक खेती गर्ने नाममा किसानहरू आफ्ना उत्पादन आफैँ खान सक्ने अवस्थामा छैनन् । उनीहरू आफू सुकेर अरूलाई खुवाइरहेका छन् । यतातिर आँखा चिम्लन कदापि मिल्दैन ।

आफ्नै श्रमले खेतीपाती गर्ने किसानहरू एकापसमा मिलेर आर्थिक, वातावरणीय र जैविक हिसावले उपयुक्त प्रणालीमा जाने कार्य नै भविष्यका लागि पनि महत्वपूर्ण हुन्छ । यसका लागि किसान आफैंले सहकारी बनाई वा अन्य उपायबाट खेतीपाती, बजार आदिको सामूहिक व्यवस्थापन गर्न सक्छन् । उदाहरणका लागि किसानहरू आ-आफ्नो जग्गामा के खेती गर्ने ? कुन आवश्यक छ ? कुन फाइदाजनक छ भनेर एक आपसमा समूहमा सल्लाह गरेर योजना बनाउन सक्छन् । आवश्यक मल, बीउ खरिद एकमुष्ठ गर्न सक्छन् र बजार व्यवस्थापन पनि त्यसैगरी गर्न सक्छन् ।

यसो गर्दा हुने छलफल र सहकार्यले समाजलाई सहयोगी बनाउन पनि मद्दत मिल्छ । यसको विकल्प अहिलेका साना खेती गर्नेबाट जग्गा लिएर कुनै व्यावसायिक घरानाले खेती गर्ने र तिनलाई मजदुर बनाउने कार्य कुनै पनि हिसावबाट उचित हुने छैन । यसले आर्थिक वृद्धिमा पनि योगदान पुऱ्याउँदैन । अझै यसले असमानता पनि झनै बढाएर लैजान्छ । कृषक समुदाय कर्पोरेट चाहनाले प्रभावित हुँदै जाने हो भने समुदायको अहिलेको बचेखुचेको स्रोतको नियन्त्रण पनि फुत्किने निश्चित छ ।

धेरैलाई लाग्न सक्छ, अहिलेको खेतीपाती गरेर सबै भोकै मर्ने ? गरिबीमा बाँचिरहने ? अहिलेको खेतीपातीले कति उत्पादन भइरहेको छ र यसले नेपालीको खाद्यान्नमा कस्तो मद्दत गरिरहेको छ भन्ने भरपर्दो अध्ययन छैन । अनि अहिले ठूलो खेतीको योगदानचाहिँ के छ भन्नेमा पनि कुनै तथ्य भेटिँदैन । तर भएका केही अध्ययनले नेपालमै पनि साना खेतीको उत्पादन दिगो र धेरै छ ।

विश्वको ७० प्रतिशत खाद्यान्न यही साना र पारिवारिक खेतीबाट पूरा हुँदै आएको छ । प्रतिइकाईमा हिसाव गर्दा पनि ठूलो खेतीको भन्दा साना खेतीपातीमै बढी उत्पादन हुन्छ । जहाँ कम ऊर्जा र विषादि एवम् रासायनिक मल प्रयोग हुन्छ । यसले जलवायु परिवर्तनको समस्यालाई पनि सम्बोधन गर्न मद्दत गर्छ । एक साकाहारी साथीले भने- 'अब त विषादिका कारण साकाहारीलाई बाँच्न गाह्रो हुने भयो ।' अत्याधिक रासायनिक मल र विषादिले त्यसै गराएको छ । ठूलो र कर्पोरेट खेतीमा कुनै पनि हालतमा गोबर मल हालेर खेती हुन सम्भव छैन । यसबाट मानव स्वास्थ्यमा पर्ने खराब असर त कति हो कति ? अहिले विश्वका ४० प्रतिशत परिवार परिवारिक खेती गर्छन् । यो नै अहिलेसम्मको रोजगारीको पनि ठूलो क्षेत्र हो । कृषि क्षेत्रले कुल गार्हस्थ्य उत्पादनमा पुऱ्याएको योगदानबाट गरिबी निवारणमा पुगेको सहयोग अरू क्षेत्रको भन्दा दुई गुणा बढी पाइएको छ ।

साना र दिगो खेतीपातीका लागि जमिनको पुनर्वितरण हुनैपर्छ । दिगो खेतीपाती भनेको जमिनमा किसानको स्वामित्व कायम गरेर उसलाई जमिनमा आधारित उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आम्दानी बढाउन मद्दत गर्नु हो । जमिन नभएका विपन्न छन् र थोरै जमिन भएका पनि विपन्न छन् । यसका लागि सरकारले किसानमैत्री औजार, प्रविधि, तिनका सहकारी र उचित बजार व्यवस्थापनका क्षेत्रमा लगानी गर्नुपर्छ । खेती नै अरूलाई सुम्पने हैन । यो अहिलेको वैदेशिक, सम्भ्रान्त वर्गको भूमि कब्जाको दाउ सफल हुन नदिन पनि जरूरी छ । ठूलो खेती जैविक विविधता, स्थानीय र मौलिक बीउको संरक्षण र वातावरण संरक्षणका लागि पनि बाधक छ ।

भविष्यमा यदि वातावरणीय स्वास्थ्य र सामाजिक न्यायलाई हेरेर दिगो र शान्तिपूर्ण समाज चाहने हो भने साना र दिगो किसानी नै एकमात्र उपाय हो । यही चेत तथा हण्डर खाएर विकसित देशहरू खासगरी ल्याटिन अमेरिकी देश परिवारिक र खाद्यमुखी खेतीमा फर्किसकेका छन् ।

वैशााख दोस्रो साता ग्वाटेमालाको एन्टिगुवामा अन्तर्राष्ट्रिय भूमि सञ्जालले 'विश्व भूमि मञ्च' को आयोजना गरेको थियो । त्यो मञ्चमा अधिकांश ल्याटिन अमेरिकन मुलुकका किसान नेताले कर्पोरेट खेतीले दिएका दुःख र तिनले गरेका व्यवस्थापनका कथा सुन्न पाइयो । ग्वाटेमालाको एउटा गाउँ ललपुटिया य कोनराडोमा पुग्दा त देख्न नै पाइयो । आँखाले नभ्याउने, गाडीको बाटोमा घन्टौं हुइँकिँदा पनि केरा, उखु र आँप खेती भइरहेको । खोई त किसान ? विस्थापित भएर कतै थुप्रिएका छन् र गरिबीमा बाँचेका छन् ।

हिजो जमिनका मालिक आज सक्नेहरू सस्तो श्रममा मजदुर बनेर अरूलाई धनी बनाइरहेका छन् । सरकारले ठूला कम्पनीको पक्षमा नीति बनाइदिएको छ । उनीहरू आफूले बनाएको जमिनबाट विस्थापित भएर कुनै विदेशी र स्वदेशी कम्पनीको उत्पादन हेरेर बाँचिरहेका छन् । जुन खेतीमा ब्याङ्कले लगानी गर्छ । खरिद गर्ने कम्पनी अर्के छ । स्थानीय सरकार त ती कम्पनीको मुन्सी जस्तो । ओ हो ! कल्पनै गर्न नसक्ने स्थिति !

यहाँ सुकुम्बासी छन् । कृषि श्रमिक छन् । हरूवाचरूवा छन् । मोही छन् । कमैया, कमलरी र हलिया छन् । साना किसान छन् । जिन्दगीभर माटोमा काम गर्ने मुसहर समुदाय छन् । खोरिया र परम्परागत भूमिमा खेतीपाती गर्ने आदिवासी समुदाय छन् । यिनीहरूको भूमि र कृषि अधिकार को ग्यारेण्टी कसरी गर्ने ? र, यिनीहरूमा भएको उत्पादनको ज्ञान र कहिल्यै नथाकी काम गर्ने ज्यानलाई कसरी खुसी राख्ने भन्नेचाहिँ आजको अहम् प्रश्न हो । दिगो र पारिवारिक खेतीबाटै स्वयम् तिनका परिवार, समुदाय र राष्ट्रलाई पुग्ने उत्पादन गर्न सकिन्छ । कृषि क्षेत्रको लगानी किसानलाई बलियो बनाउनमा हुनपर्छ । व्यापारिक घरानालाई हैन । ●

# कमलरी मुक्ति आन्दोलन
# सङ्घर्ष र उपलब्धि



■ मानबहादुर क्षत्री

कानुनमा कमलरी प्रथा अन्त्य गरिए पनि विद्यालय जानुपर्ने उमेरका बालिका अझै मालिकको घरमा बँधुवा मजदूरका रूपमा कमलरी (दासी) जीवन बिताउन बाध्य छन् । कुप्रथा, कुसंस्कार, कुरीति र आर्थिक समस्याका कारण थारू समुदायका महिला, किशोरी र बालिकालाई निश्चित सर्त र बन्देजमा मालिकको घरमा बँधुवा मजदुरका रूपमा जबर्जस्ती राख्न पठाउने चलन पहिलेको तुलनामा कमी आएको छ । तर पनि निमिट्यान्न भने भएको छैन । जमिनमा पहुँच नभएका कारण जग्गा अँधिया लगाउन तथा ऋण लिएवापत ब्याजका लागि छोरीलाई मालिकको घरमा कमलरीका रूपमा काम गर्न पठाउने गरिएको छ ।

यो स्वस्फुर्त भन्दा पनि बाध्यकारी रूप हो । यसरी मालिकको घरमा जाँदा कमलरीहरू समय-समयमा श्रम शोषण, यौन शोषण र बेचबिखनमा समेत परेका घटना बाहिर आइरहन्छन् । कमलरी गाउँमा मात्र नभई  शहरसम्म पनि काम गर्न बाध्य छन् ।

फ्रेण्डस् अफ निडी चिल्ड्रेन (एफएनसी) ले सन् २००० देखि कमलरी प्रथा उन्मूलन गर्न कमलरी मुक्ति अभियान सुरू गर्दै आएको छ । जुन अहिले १३ वर्ष पुगेको छ । सन् १९८९ को बाल अधिकार महासन्धि र सन् २००२ को बालश्रमसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (आइएलओ) लाई नेपालले अनुमोदन गरिसकेको छ । ती महासन्धिमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई दास बनाउनु अथवा दासत्वसरह व्यवहार गर्न नपाइने साथै बिक्री वितरण र जीउ मास्ने, ऋण बधुँवा, बाँधा वा कमलरी जस्ता काममा लगाउन प्रतिबन्ध लगाएको छ ।

बालबालिकाको हकहितका लागि बनेको ऐन, २०४८ बालश्रम (निषेध एवम् नियमित गर्ने) ऐन मा समेत सोही किसिमको व्यवस्था छ । त्यतिमात्रै होइन, यस्ता कार्य गर्ने/गराउनेलाई हदैसम्मको कार्वाही हुने पनि तोकिएको छ । कमैयाहरूको मुक्तिका लागि बनेको कमैया श्रम निषेध ऐन २०५८ ले पनि बधुँवा मजदुरका रूपमा कमैया, कमलरी राख्न पूर्णरूपमा निषेध गरिसकेको छ ।

मानव बेचविखन तथा ओसारपसार कार्य नियन्त्रण ऐन, २०६४ ले पनि कमलरीका रूपमा जिल्लाभित्र वा बाहिर बेचबिखन र ओसारपसार गर्नेउपर कडा कानुनी व्यवस्था गरेको छ । यस कानुनअन्तर्गत शोषण गर्ने उद्देश्यले नेपालभित्रको एक ठाउबाट अर्को ठाउँमा लैजानेलाई एकदेखि दुई वर्षसम्म कैद हुने व्यवस्था पनि गरेको छ । २०६३ साल भदौ २५ मा सर्वोच्च अदालतले कमलरी प्रथा रोक्न र मुक्त कमलरीहरूको पुनर्स्थापनाका लागि सरकारको नाममा निर्देशनात्मक आदेश जारी गरिसकेको छ । तर पनि बनेका नीति नियम लागु भएको पाइँदैन । तिनीहरूलाई कागजमा मात्र सीमित राखियो । कमलरीको मुद्दाले प्राथमिकता पाएन । परिणामस्वरूप कमलरीहरू सङ्गठित भएर

बाध्यतावश कमलरीको सिङ्गो नारी अस्मिता रक्षाका लागि यस्ता सबै घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कडाभन्दा कडा कानुनी कार्बाहीको माग गर्दै मुक्त कमलरी लगायत कमलरी प्रथा उन्मूलन सङ्घर्ष समिति दाड, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लामा वैशाख ३ र ४ गते दुई दिन बन्दसमेत घोषणा गर्न बाध्य भए । यो बन्दले पनि सरकारलगायत् सम्बन्धित निकायमा कुनै असर परेन ।

सडकमा ओर्लन बाध्य भए । थारू समुदायका विशेषगरी एक पटक कमलरीका रूपमा दासत्व जीवन भोगका र अहिले मुक्त भएकाहरू सङ्गठित भएका छन् । पछिल्लो पिँढीका बालबालिकाले पनि त्यस्तै दासत्व जीवन जीउन नपरोस्, सानैदेखि उनीहरूले पनि अरूसरह शिक्षा र अवसर पाऊन् र भोलि गएर उनीहरू पनि राज्यको आवश्यकता बन्न सकून् भन्ने उद्देश्य राखेर उनीहरूले सङ्गठन नै निर्माण गरेका हुन । उनीहरूले कमलरी मुक्तिका लागि साझा मञ्च गठन गरी सङ्गठितरूपमा आवाज उठाइरहेका छन् । जसले अधिकार प्राप्तिका लागि सघाउ पुऱ्याइरहेको छ ।

मुक्त कमलरीहरू स्वयम् कमलरी मुक्तिका लागि अगुवाई गरिरहेका छन् । सङ्गठितरूपमा अघि बढेका उनीहरूले पाँच पटक राजधानीमा डेलिगेसन गई पार्टी नेतालाई समस्या सुनाए । उनीहरूले जतिलाई भेटे, ती सबैले समाधानका लागि पहल गर्ने आश्वासन दिए । उनीहरूकै मागअनुसार सरकारले पहिलो पटक कमलरीका लागि १२ करोड रूपियाँ बजेट छुट्यायो । यो सकारात्मक थियो तर अन्य माग भने सनुवाई भएन ।

उनीहरूले २०६६ साल असारको अन्तिम साता सरकारले बजेट भाषणको तयारी गरिरहेका बेला फेरि प्रधान मन्त्री र नेताहरूलाई भेटे र मागपत्र बुझाए । प्रधान मन्त्री झलनाथ खनालले प्रतिबद्धता जनाए र कमलरीको लागि छुट्याइने बजेट १२ करोडबाट १६ करोड बनाए । साथै मुक्त कमलरीको अधिकार तथा पुनर्स्थापनाका लागि निर्देशिकासमेत तयार भयो । यसअघि आफ्ना माग पूरा गराउन मुक्त कमलरीले जिल्लामा धर्ना दिएका थिए । सरकारी निकायको

> कमलरीले आन्दोलन रोकेका मात्र हुन । समाप्त गरेका हैनन् । किनकि अझै पनि सृजना चौधरीको हत्याको सत्यतथ्य बाहिर आएको छैन । अनायासै मृत्यु वरण गर्न बाध्य अन्य कमलरीबारे पनि छानबिन हुन सकेको छैन । सरकारले गरेका थुप्रै अन्य वाचा पूरा भएका छैनन् । झन् ठूलो समस्या त बाध्यतामा पारेर कमलरी राख्ने क्रम अझै जारी छ ।

राज्यको उच्चस्तरीय निकायसँग आफ्ना माग राखेका छन् । कमलरीको अधिकारका लागि उनीहरूले मन्त्री, प्रधान मन्त्रीदेखि राष्ट्रपतिसम्म भेटी माग र समस्या प्रष्टरूपमा राखेका छन् । तर आफ्ना माग सजिलै सुन्न सरकार तयार नभएपछि उनीहरू चरणबद्ध आन्दोलनमा समेत लागेका छन् ।

### कमलरीको सङ्घर्ष

२०६५ पुसमा उर्मिला चौधरीको अगुवाईमा पाँच सय मुक्त कमलरीहरूले काठमाडौंमा धर्ना दिए, जुलुस गरे र सम्बन्धित निकायमा मागपत्र बुझाए । प्रधान मन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र राष्ट्रपति डा.रामवरण यादव अनि अन्य मन्त्री एवम् ढिलासुस्तीले समयमा नै निर्देशिका जारी भएन । सरकारले मुक्त कमलरीलाई झुक्यायो भनी उनीहरूले फेरि अर्को आन्दोलन घोषणा गरे ।

२०६८ मङ्सिरमा फेरि मुक्त कमलरी काठमाडौंमा भेला भए । प्रधान मन्त्री डा.बाबुराम भट्टराईलाई भेटे र मागपत्र बुझाए । सिंहदरबारमा भएको बैठकमा निर्देशिक कार्यान्वयन गर्ने र समस्या समाधानका लागि पहल गरिने निर्णय भयो । मुक्त कमलरीहरूको शिक्षा तथा सीप विकासका लागि निर्देशिका जारी गर्ने काम भयो । छात्रवृति वृद्धि गरियो । २०६८ चैतमा निर्देशिका जारी गरियो तर निर्देशिकाले तोकेका विषय प्रभावकारी रूपमा कार्यान्वयन भएन ।

### मारिन थाले कमलरी

यसैबीच लालमटिया गाविस दाङकी १२ वर्षिया सृजना चौधरीको २०६९ चैत १४ मा कमलरी बसेकी चाकुपाट ललितपुरस्थित मालिकको घरमा मट्टितेल छर्केर आगोमा जलेर मृत्यु भएको खबर आयो । यसअघि नै कैलाली टीकापुर ९ की १५ वर्षिया कमलरी सरिता चौधरीको २०६५ वैशाख २ मा दाङ लमहीका इन्द्रमणि खनालको घरमा झुण्डिएर मृत्यु भएको थियो । त्यसैगरी दाङ रामपुरकी १३ वर्षिया सीमा होजा मगर पनि लमहीकै दङ्गाली होटलमा २०६४ पुस ३० गते झुण्डिएर मृत्यु भएको, कैलाली धनगढीकै १५ वर्षिया उर्मिला रानाथारूको पनि धनगढीकै प्रकाश बिष्टको घरमा पासो लगाएर मरेको अवस्थामा भेटियो । कैलाली दैदवारी मुक्त कमैया शिविरकी १६ वर्षिया मेघी चौधरीको दाङ जिल्लाकै बालकृष्ण शाहको काठमाडौंस्थित नयाँ बानेश्वरको घरमा २०६८ भदौ १ मा जलेर मृत्यु भएको थियो ।

यसरी लगातार कमलरीको मृत्यु हुन थालेपछि मुक्त कमलरीलाई असह्य भयो । पछिल्लो समयमा सृजनाको मृत्युको खबर सुनेपछि उनीहरू पुनः आन्दोलनमा उत्रिए । यसरी शृङ्खलाबद्धरूपमा कमलरी बालिकाको जीवन जाने क्रम बढ्न थाल्यो । तर पनि उनीहरूलाई न्याय दिने तथा पीडकलाई कार बाही गर्नेबारे सरकारले कुनै चासो देखाएन । अबोध बालिकाहरू दिनानुदिन मरिरहँदा पनि राज्यले कमलरीको सुरक्षा गर्न सकेन । लगातार कमलरी मृत्युको खबर सुनेपछि मानव अधिकारवादी र कमलरीको क्षेत्रमा काम गर्ने संस्था, नागरिक समाज, पत्रकार, विद्यार्थी र राजनीतिक दलले समेत घटनाविरूद्ध आवाज उठाउँदै दोषीलाई कार्बाहीको माग गरे । पढ्दै गरेकी सृजनालाई अधिया जग्गा कमाउन दिएवापत उनका बाबुलाई बाध्य पारेर जग्गाधनी पार्वती गिरी र स्थानीय लालमणि शर्माले कमलरी काम गर्न युवराज पौडेलको ललितपुरस्थित घरमा पठाएका थिए । जहाँ सृजनाको जलेर विभत्सतवरले मृत्यु भएको थियो ।

बाध्यतावश कमलरीको सिङ्गो नारी अस्मिता रक्षाका लागि यस्ता सबै घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कडाभन्दा कडा कानुनी कार्बाहीको माग गर्दै मुक्त कमलरीलगायत कमलरी प्रथा उन्मूलन सङ्घर्ष समिति दाङ, बाँके, बर्दिया, कैलाली र कन्चनपुर जिल्लामा वैशाख ३ र ४ गते दुई दिन बन्दसमेत घोषणा गर्न बाध्य भए। यो बन्दले पनि सरकारलगायत् सम्बन्धित निकायमा कुनै असर परेन।

२०७० वैशाख १४ मा ७ बुँदे मागसहित मुक्त कमलरीले राष्ट्रपति डा. रामवरण यादव, मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी, गृह मन्त्री, महिला तथा बालबालिका मन्त्री, राष्ट्रिय मानव अधिकार आयोग, राजनीतिक दलका नेतालगायतलाई भेटी मागपत्र बुझाए। सबैले दोषीलाई कार्बाही गरिने आश्वासन पनि दिए। तर आश्वासन दिएको दुई हप्ता बित्दा पनि कुनै माग सम्बोधन भएन।

सरकारलाई कमलरीले बुझाएको ७ बुँदे मागमा कुनै सुनुवाई नभएपछि, कमलरी प्रथा उन्मूलन सङ्घर्ष समिति र मुक्त कमलरीहरू सरकार सँग 'वार कि पार' को आन्दोलन गर्ने तयारीका साथ जेठ १३ गते राजधानी आइपुगे। करिब सय जना सम्मिलित कमलरीको टोली काठमाडौंको शान्ति बाटिकामा धर्ना बसे। यसरी उनीहरू पाँचै जिल्लाबाट मुठीदान मानाचामल, दाल, तरकारी उठाएर पाँचौ पटक जिल्लादेखि काठमाडौंसम्मको आन्दोलन गर्न बाध्य भए। उनीहरूले यसरी काठमाडौंमा आन्दोलन गर्दै गर्दा पाँचै जिल्लाको प्रशासन कार्यालयमा दबाबस्वरूप स्थानीय कमलरी धर्ना दिए। तीन दिनसम्म शान्तिपूर्ण धर्नामा बस्दा पनि सरकारी तवरबाट कुनै चासो दिइएन।

आफ्नो धर्ना र मागप्रति रत्तिभर मतलव नगरिएपछि उनीहरूले 'अधिकार माग्दा नदिए, खोसेर लिनुपर्छ' भन्ने नीति आत्मसाथ गरे। जसअनुसार जेठ १६ गते सिंहदरवारको दक्षिण ढोका घेराउ कार्यक्रम तय गरे। 'माग पूरा नभए मर्न तयार छौं तर रित्तो हात फर्कन्नौं' भन्ने अठोट लिए।

जेठ १९ गते सिंहदरबार घेराउ गर्न पुगेका मुक्त कमलरीहरूको शान्तिपूर्ण जुलुसमाथि प्रहरीले निर्ममतापूर्वक दमन गरी ११ जनालाई सख्त घाइते बनायो। बाँकीलाई गिरफ्तार गऱ्यो। भोलिपल्ट दाङमा मुक्त कमलरीले जिल्ला प्रशासनको मूलगेटमा धर्ना बसी प्रशासन कार्यालय घेराउ गर े। त्यहाँ पनि प्रहरीले दमन गऱ्यो। ४ जनालाई घाइते बनाई बाँकीलाई गिरफतार गऱ्यो। कमलरी मुक्तिका लागि चर्केको आन्दोलन सरकारको दमनकारी नीतिका कारण आगोमा पेट्रोल थप्ने काम गऱ्यो। सिंहदरबारमा लागेको आगोको ज्वालाले दाङ, बाँके, बर्दिया, कैलाली कञ्चनपुर हुँदै तराईका २२ जिल्ला सल्कन पुग्यो। २१ गतेदेखि तराईका सबै जिल्ला अनिश्चितकालीन बन्द भए। शान्तिपूर्ण आन्दोलनमाथि भएको दमनप्रति मिडिया लगायत् नागरिक समाज, राजनीतिक पार्टी सबैले विरोध जनाए। विदेशमा समेत कमलरी दमनको घोर निन्दा भयो। अन्ततः सङ्घर्ष समितिले अगाडि सारेका माग पूरा गर्नेगरी १० बुँदे सहमति भयो र चर्किएको आन्दोलन रोकियो।

कमलरीले आन्दोलन रोकेका मात्र हुन। समाप्त गरेका हैनन्। किनकि अझै पनि सृजना चौधरीको हत्याको सत्यतथ्य बाहिर आएको छैन। अनायासै मृत्यु वरण गर्न बाध्य अन्य कमलरीबारे पनि छानबिन हुन सकेको छैन। सरकारले गरेका थुप्रै अन्य वाचा पूरा भएका छैनन्। झन् ठूलो समस्या त बाध्यतामा पारेर कमलरी राख्ने क्रम अझै जारी छ। त्यसैले यी यावत् समस्या समाधान नहुन्जेल उनीहरूको आन्दोलन जारी रहनेछ। जुन अत्यन्तै आवश्यक पनि छ।

जे होस्, पटकपटकको आन्दोलनले कमलरी र उनीहरूका सहयोगीलाई धेरै निराश बनाए पनि यो पछिल्लो आन्दोलनले भने केही शुभ सङ्केत देखाएको छ। हुन त केही वर्षअघिदेखि नै कमलरीका शिक्षाका लागि सरकारले रकम छुट्याउनु सकारात्मक कदम थियो तर पनि निर्देशिका लागु नहुनु तथा यसरी छुट्याएको रकमसमेत पूरै खर्च नहुने अवस्थाले कार्यान्वयनको फितलो पक्ष पनि उदाङ्गिएको थियो। तर पनि हुँदै नहुनुभन्दा सरकारले नै बजेट छुट्याएर उनीहरूका हितमा काम गर्नु एक कदम अगाडिको उपलब्धि पक्कै हो।

गएको जेठमा आफ्ना माग पूरा गराउन राजधानी आएका कमलरीले सरकारसँग गरेका केही सम्झौता महत्वपूर्ण छन्। सबैभन्दा ठूलो अधिकार बाँच्न पाउनु हो। यसरी यही सबैभन्दा ठूलो अधिकार हनन् गर्नेहरूलाई छानबिनको दायरामा ल्याउने सरकारी प्रतिबद्धता आन्दोलनको महत्वपूर्ण उपलब्धि हो। जसले आगामी दिनमा कमलरीलाई 'जे गरे पनि हुन्छ' भन्ने सोच निर्मूल हुनेछ र गर्नेहरू कारबाहीको दायरामा आउनेछन्। सँगै उनीहरूको हितका लागि अन्य व्यवस्थासमेत गरिने आश्वासन अर्को उपलब्धि हो। तर यसको कार्यान्वयनका लागि भने खबरदारी गरिरहनु पनि उत्तिकै जरूरी छ।

यो आन्दोलनको मुख्य उपलब्धि कमलरी राख्न नपाउने घोषणा पनि हो। यही आन्दोलनको परिणामस्वरूप सरकारले असार १३ गते कमलरी कसैले राख्न नपाउने घोषणामात्र गरेको छैन, उनीहरू ऋण लिएवापत कमलरी राखिएका हुन् भने त्यस्तो ऋणसमेत फिर्ता गर्नु नपर्ने घोषणा पनि गरेको छ। यसले एकातिर कमलरी राख्ने कार्य अवैध भएको प्रमाणित गर्छ भने अर्कोतर्फ कमलरी राखेविरूद्ध उजुरवाजुर परेमा सरकारी निकायलाई पनि कारबाही गर्ने आधार प्राप्त भएको छ।

हुन त सरकारले २०५८ सालमा बनेको कमैया श्रम निषेध ऐनमै कमलरी राख्न नपाउने उल्लेख गरेको थियो। तर त्यो ऐनलाई कमलरी राख्ने र यसरी राखेवापत कारबाही गर्नुपर्ने सरकारी निकायसमेतले कमैयासँग मात्र सम्बन्धित ठानी व्यवहार गरेकाले कमलरीको समस्या ओझेलमा पर्दै आएको थियो। अब भने सरकारले नै स्पष्टरूपले कमलरी राख्नु अवैध घोषणा गरेकाले यस्तो कार्य कानुनविपरित हुनेमा शङ्का रहेन। जसले कमलरी राख्नेलाई सोच्न बाध्य बनाएको छ भने सरकारी निकायलाई पनि कारबाहीको ढोका खुलेको छ। जसलाई ठूलै उपलब्धि मान्नुपर्छ। •



■ रघुनाथ लामिछाने

# दलीय स्याउला हुँदैछन् भूमि मुद्दा

नेपालमा कुनै यस्ता राजनीतिक दल छैनन्, जसले गरिब किसानसँग जोडिएको भूमिको मुद्दा अघि नसारेका हुन । उनीहरूका घोषणापत्र हुन वा ठूला भाषणदेखि पीपलबोटे कोण सभासम्म भूमिका कुरा झुक्केर पनि छुट्दैनन् । तर विडम्बना, उनीहरूका यी ओठे प्रतिबद्धता कहिल्यै पनि सत्यमा परिणत हुन सकेनन् । जसको शिकार मुलुकभरका भूमि अधिकार बाट वञ्चितहरू भइरहेका छन् । यही कारण उनीहरूको जीविका सङ्कटमा परेको छ भने भोक र कुपोषणले सताइएका छन् । तर पनि दलहरू भने यो वास्तविकता बुझ पचाइरहेका छन् ।

विडम्बना भन्नुपर्छ- नेपालकै सबैभन्दा ठूलो र पुरानो प्रजातान्त्रिक दल दाबी गर्ने नेपाली कङ्ग्रेसका नेता भूमि सुधारको कुरा उठाउँदा पार्टीमै एक्लिन्छन् र आलोचना खप्न नसकेर भूमि सुधार मन्त्रीबाटै राजीनामा दिन बाध्य पारिन्छन् । यो त्यही देश हो, जहाँ 'घर कसको - पोत्नेको, जमिन कसको - जोत्नेको' नारा लगाउँदै क्रान्तिका नाममा गरिबलाई पछाडि लगाइन्छ । अनि सत्तामा पुगेपछि 'सबैलाई जमिन दिएर कहाँ साध्य हुन्छ र ?' भन्दै निराश बनाइन्छ । हो, माओवादीबाट गरिब भूमिहीनले निकै आशा गरेका थिए तर उसले यो आशालाई मूल्यहीन बनाइदियो । मानौं, यसको कुनै अर्थ छैन ।

नेपालको सन्दर्भमा भूमि गरिबी र खाद्य सुरक्षासँग मात्र जोडिएको विषय रहेन । यो सामाजिक प्रतिष्ठा, मानव अधिकार तथा स्रोतहरूमा पहुँचको आधारसमेत बन्दै आइरहेको छ । त्यसैले भूमि नहुनु भनेको यी सबै विषयबाट वञ्चितीकरणसमेत हो । जसले पहिलो दर्जाको नागरिकका रूपमा बाँच्ने सम्भावना निमिट्यान्न पार्छ ।

एमाले घोषणापत्र र भाषणहरूमा भूमिहीन सुकुम्बासीका समस्याप्रति जति संवेदनशील देखिन्छ, व्यवहारमा त्यो प्रतिविम्बित हुन्न । भलै यसले २०५१ सालमा ९ महिना सरकार चलाउन पाउँदा भने अध्ययनसमेत गर्न लगाएर केही चासो भने पक्कै देखाएको हो । जहाँसम्म मधेसी दलको सवाल छ, उनीहरू भूमि सुधार शब्दसमेत सुन्न चाहन्नन् । र, भन्ने गर्छन्- यो सङ्घीय सरकारले गर्ने विषय हो । यदि जनताको, गरिबको भलाइका खातिर कुनै काम हुन्छन् भने त्यो कसले गर्ने भन्नेसँग के मतलव ? तर यही प्रश्नको बुझिनसक्नु रहस्य वर्षौंदेखि बोकेर बसेका छन् उनीहरू ।

सानातिना दल भूमिहीन र भूमि अधिकार बाट वञ्चितका मागप्रति पूर्ण समर्थन जनाउँछन् तर उनीहरूको कुनै हैसियत छैन । शायद यही हैसियत नभएकै कारण गर्नुनपर्ने भएकाले हुन सक्छ, उनीहरू जुनसुकै मागमा पनि चाहिनेभन्दा पनि बढी लचिलो हुन्छन् । तर उनीहरूले पनि खासै केही गर्दैनन् भन्नेचाहिँ प्रमाणित भइसकेको छ- नेकपा मालेले धेरै पटक भूमि सुधार मन्त्रालय हाँक्यो तर उसका मन्त्रीहरूले भूमिहीनप्रति गरेको रूढ व्यवहार झनै बिर्सिनसक्नु रहे । सक्ने काम पनि गरेनन् उनीहरूले झन् । उल्टै कार्यकर्ता पोस्ने काममा उनीहरूले यो मन्त्रालयको दुरूपयोग गरे ।

यसरी हेर्दा थाहा हुन्छ कि कुनै पनि दल भूमिहीनका समस्याप्रति खासै संवेदनशील छैनन् । सबैभन्दा क्रान्तिकारी दाबी गर्ने पार्टी एमाओवादी पहिलो पटक सत्तामा आएपछि भूमि सुधार आयोग गठन गर भन्दै आधा महिना टुँडिखेलमा धर्ना बस्नुपर्ने विडम्बनायुक्त अवस्थासमेत भोगिसके भूमिपीडितले । जबकि माओवादीको उद्देश्यअनुसार हुने हो भने सरकार बनेलगत्तैको पहिलो काम नै यही हुनुपर्थ्यो उसको । अर्को विडम्बना, माओवादीकै सरकार भएका बेला जनताले सबैभन्दा बढी मल अभाव झेल्नुपर्‍यो । बाली लगाउने खेती बाँझै राख्नुपर्‍यो । अनि मल लिनका

लागि बन्दोबस्तीका सामानसहित लामो यात्रामा निस्कनुपर्‍यो र लाइनमा ठेलमठेल हुँदा लाठीसमेत खानुपर्‍यो । जबकि यही दल हो, जसले सशस्त्र आन्दोलन थाल्नुअघि तत्कालीन प्रधान मन्त्री शेरबहादुर देउवालाई बुझाएको ४० बुँदे मागपत्रमा किसानका लागि मल बीउ सस्तो र सुलभतवरले उपलब्ध गराउने माग राखेको थियो । अनि आन्दोलन गर्नुपर्नाको कारणमा यो माग पनि पूरा नभएकाले भन्ने उल्लेख छ । यसले पनि प्रमाणित गर्छ कि भूमिसँग जोडिएका मुद्दा दलका देखाउने दाँतमात्र हुन् ।

एकातिर भूमिका मुद्दालाई दलहरूले 'छोड्न पनि नसकिने र पूरा गर्न पनि नचाहने' वस्तुका रूपमा लिएका छन् भने अर्कोतिर मुलुकमा विद्यमान भूमि समस्या समाधानका लागि के गर्नुपर्छ भन्नेबारे समेत उनीहरूमा अन्यौल देखिएको छ । नेता/कार्यकर्ता खेतीपातीबाट टाँढिँदै जानु र वास्तविकता ख्याल गर्न नसक्नु नै यसको कारण हो । त्यसैले उनीहरूलाई बदलिँदो राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थितिमा भूमिका मुद्दा कसरी रूपान्तरण भइरहेका छन् र तिनलाई कसरी समाधान गरिनुपर्छ भन्ने हेक्कासमेत छैन ।

कृषियोग्य भूमि खेतीकिसानी गर्नेहरूको स्वामित्वमा कसरी ल्याउने, विभिन्न उद्योग वा सरकारका नाममा बाँझै रहेका जमिन कसरी खेती गर्नेलाई उपलब्ध गराउने, गैरकृषि प्रयोजनमा गइरहेका कृषियोग्य भूमिलाई कसरी रोकथाम गर्ने, बेदर्तावाल मोहीदेखि गुठीपीडितसम्मका समस्या कसरी समाधान गर्ने, सुकुम्बासी बसोबासका लागि जग्गा दिने हो वा अपार्टमेन्ट व्यवस्था गर्ने, खेती गर्ने, रूख रोप्ने, घर बनाउने जस्ता क्षेत्र कसरी निर्धारण गर्ने, खाद्य सुरक्षा सुनिश्चितताका लागि कस्तो रणनीति अपनाउने, कृषि क्षेत्रतर्फ युवालाई आकर्षित गर्न के/कस्ता कार्यक्रम र योजना अघि सार्ने, हरूवाचरूवा, कमलरी जस्ता भूमिसँग जोडिएका प्रथा कसरी उन्मूलन गर्ने जस्ता यावत् विषयमा दलहरूको चिन्तनमनन नै छैन । अध्ययन छैन । अद्यावधिक रहने चलन छैन । ३० वर्षअघिको रेडिमेड भाषणले अब जनताको मन जित्ने छैन भन्ने कुराको पनि याद छैन ।

अर्कोतर्फ सुकुम्बासी वा भूमिहीनका समस्या भन्दासाथ वन फँडानीकर्ता वा सार्वजनिक जग्गा ओगट्नेका रूपमा हेरिन्छ । दलहरू पनि यसबाट मुक्त छैनन् । हो, यस्तो पनि भएको हुन सक्छ । तर यस्तो भएको छ भने त्यसको छानबिन गरेर समस्यामा परेकालाई समाधानमा लैजाने र गल्ती गर्नेलाई कारबाही गर्ने निकाय पनि छन् । तर ती निकायलाई सक्रिय बनाउनु सट्टा आफैं आरोप लगाउने, आफैं धारणा बनाउने र आफैं विरोध गर्दै हिँड्ने परिपाटी दलभित्रै मौलाएको छ । भूमि समस्यालाई हेर्ने उनीहरूको दृष्टिकोण यस कारण पनि गलत छ । न उनीहरू भूमिसम्बन्धी

सुकुम्बासी वा भूमिहीनका समस्या भन्दासाथ वन फँडानीकर्ता वा सार्वजनिक जग्गा ओगट्नेका रूपमा हेरिन्छ । दलहरु पनि यसबाट मुक्त छैनन् । हो, यस्तो पनि भएको हुन सक्छ । तर यस्तो भएको छ भने त्यसको छानबिन गरेर समस्यामा परेकालाई समाधानमा लैजाने र गल्ती गर्नेलाई कारबाही गर्ने निकाय पनि छन् । तर ती निकायलाई सक्रिय बनाउनु सट्टा आफैं आरोप लगाउने, आफैं धारणा बनाउने र आफैं विरोध गर्दै हिँड्ने परिपाटी दलभित्रै मौलाएको छ ।

सवालमा आइरहेको परिवर्तनसँग परिचित छन्, न त यो समस्याको गहिराइ नै उनीहरूले अनुमान गर्न सकेका छन् । समस्या जड यही हो ।

त्यसैले अहिले एकातिर दलहरूसमक्ष आफूले वर्षौंदेखि आश्वासन दिँदै आएको भूमि मुद्दा समाधानका लागि केही गरेर देखाउनुपर्ने चुनौती छ भने अर्कोतर्फ समयानुकूल भूमिका मुद्दा र त्यसलाई उठाउने तथा समाधान उन्मुख बनाउने रणनीति अख्तियार गर्नुपर्ने आवश्यकतासमेत छ । यी दुवै विषयको संयोजनकारी भूमिकाले मात्र उनीहरू मुलुकका भूमि समस्या समाधानमा सकारात्मक हुन सक्छन् । अनि सर्वसाधारणको नजरमा 'फटाहा' को बिल्ला भिर्नबाट जोगिन सक्छन् । अन्यथा उनीहरूमाथि लागेको 'राजनीतिक बेइमान' को परिभाषा फेरिन सक्ने छैन । जसले जहिले पनि दलका शीर्ष नेता हामीलाई झुक्याउने पात्रमात्र हुन भन्ने आमधारणा पनि पखाल्न सक्ने छैन । यसको मतलब हो, नेताहरू भूमिका मुद्दाबारे स्पष्ट हुनुपर्‍यो । अलमलबाट मुक्ति लिनुपर्‍यो ।

नेपालको सन्दर्भमा भूमि गरिबी र खाद्य सुरक्षासँग मात्र जोडिएको विषय रहेन । यो सामाजिक प्रतिष्ठा, मानव अधिकार तथा स्रोतहरूमा पहुँचको आधारसमेत बन्दै आइरहेको छ । त्यसैले भूमि नहुनु भनेको यी सबै विषयबाट वञ्चितीकरणसमेत हो । जसले पहिलो दर्जाको नागरिकका रूपमा बाँच्ने सम्भावना निमिट्यान्न पार्छ । त्यसैले पनि भूमि अधिकारबाट वञ्चितका समस्यालाई प्राथमिकता नदिनु भनेको पीडितलाई झनै पीडित बनाउनु हो । उसको उन्नति र प्रगतिको बाटोमा राखिएको तगारोका किलाकाँटा झनै मजबुत गराउनु हो । र, स्रोत र साधन प्राप्तिमा अझै खुम्च्याउनु हो । जसलाई दलहरूले बेलैमा सोच्नु आवश्यक छ । एउटा ठूलो जमातलाई गरिबीको आहालमा हुलेर उन्नत मुलुकको सपना साकार हुनै सक्दैन ।

**विज्ञेषु किमधिकम् इत्यलम् ।**



# नेपालमा भूमि कब्जा र यसले पार्ने असर

■ उपासना रेग्मी

काभ्रेस्थित पतञ्जली योगपीठले आयुर्वेदिक शिक्षण अस्पताल निर्माणका लागि भन्दै ८१० रोपनी जमिन हदबन्दी नियममा छुट दिलाएर खरिद गऱ्यो । जमिन बेच्न नपाउने सर्तमा उसले हदबन्दीमा छुट पाएको थियो । तर पछि २४३ रोपनी जमिन बिक्री गरेको पाइयो । उद्योग व्यवसायका लागि भनेर बहुर्राष्ट्रिय कम्पनीले विभिन्न स्थानमा जमिन हडपेका उदाहरण प्रशस्तै छन् । त्यसरी कब्जा गरिएका कतिपय जमिनमा न कुनै भौतिक संरचना पाइन्छ न त खेतीपाती नै गरिन्छ । बाराको सिमरामा मात्रै ३३ हेक्टर जमिन औद्योगिक प्रयोजनका लागि भन्दै हडपिएको छ । जहाँबाट स्थानीय बासिन्दा विस्थापित हुन पुगेका छन् । ठूलो परिमाणका यस्ता लगानीले स्थानीयलाई केही हदसम्म रोजगार त दिएको छ तर प्राकृतिक स्रोतमाथिको पहुँचबाट भने उनीहरू बेदखल भएका छन् ।

नेपालका ७४ प्रतिशत जनता कृषिमा काम गर्छन् । तैपनि उनीहरूमध्ये आधाजसोलाई वर्षभरि खान पुग्दैन । खेतीपाती गरे पनि जमिनको स्वामित्वबाट वञ्चित हुनु र जमिन भएकाहरूसँग पनि कम भएका कारण खाने नपुग्ने अवस्था छ । जो खेतीकिसानी गर्छन् र जीविकोपार्जनका निम्ति खेतीमै निर्भर हुन्छन्, उनीहरूकै स्वामित्वमा जमिन छैन । सुर्खेत, दैलेख र डडेलधुरामा गरिएको एक अध्ययनअनुसार ८४.७३ प्रतिशत जनतालाई उनीहरूले गरेको खेतीबाट वर्षभर खान पुग्दैन ।

यस्तो अवस्थामा केही वर्षयता जमिनलाई जीविकोपार्जन र उत्पादनको स्रोतभन्दा पनि सामान्य बजारिया वस्तु (कमोडिटी) का रूपमा हेरिँदै आएको पाइन्छ । जमिनमा लगानी गर्नु सुरक्षित मानिन्छ र धेरैले जमिनमा लगानी गरी त्यसलाई पैसा कमाउने माध्यम पनि बनाएका छन् । जमिन खरिद गरी त्यसलाई प्रयोजनमा नल्याउने, खेतीयोग्य जमिन बाँझै छाड्ने र जमिनलाई अप्रत्याशित मूल्य राखी बिक्री गर्ने जस्ता क्रियाकलापले जमिनलाई बजारिया वस्तु (कमोडिटी) का रूपमा स्थापित गरेको छ ।

ठूलो परिमाणमा जमिन किनबेच हुन थालेका छन् । जमिन ओगट्ने र हडप्ने क्रम बढ्दो छ । तसर्थ, नेपालको सन्दर्भमा भूमि कब्जालाई व्याख्या गर्नुपर्दा 'ठूलो परिमाणमा जमिन हडपेर स्थानीय बासिन्दालाई विस्थापित गरी उनीहरूको प्राकृतिक स्रोतमाथिको अधिकार हनन् गर्ने प्रक्रिया' बुझ्नुपर्छ ।

> भूमि अतिक्रमण वा कब्जाले स्थानीयदेखि राष्ट्रिय तहसम्म नै प्रभाव पारिरहेको हुन्छ । एक त स्थानीयलाई वर्षौंदेखि बसोबास गर्दै आएको जमिनबाट विस्थापित गर्छ र उनीहरूलाई उचित क्षतिपूर्ति पनि दिइँदैन ।

नेपालमा भूमि कब्जाको सन्दर्भ अलि फरक पाइन्छ । यहाँ कुनै बाहिरी मुलुकले खाद्य सुरक्षा वा अन्य कुनै अभाव परिपूर्ति गर्न लगानी गरेको छैन । यहाँ भिन्न प्रकृतिको भूमि अतिक्रमण हुने गरेको छ । विकासोन्मुख कार्यक्रमका नाममा, गुठी, मठमन्दिर र धार्मिक स्थलका नाममा, राजनीतिक उद्देश्यका नाममा, औद्योगिक प्रयोजनका नाममा, सामुदायिक वनका नाममा जमिन हडप्ने प्रवृति बढेको पाइन्छ ।

ठाउँठाउँमा जमिन कब्जा गरी स्थानीय बासिन्दालाई विस्थापित गरेका घटना पनि सुनिन्छ । स्थानीय तहमा धनीमानी, जमिनदार, भूमिपतिहरूले जग्गा कब्जा गरी भूमिमाथि अधिकार र नियन्त्रण कायम गर्दै आइरहेका छन् । कतिपय ठाउँमा विद्यालय, क्याम्पस जस्ता शैक्षिक संस्थानले अधिकतम् जमिन ओगटेर राखेका उदाहरण पनि छन् ।

तैपनि व्यक्ति, परिवार वा संस्थानले आफ्नो स्वामित्वमा राख्न पाउने जग्गाको सीमाभन्दा बढी जग्गा राखेर उपभोग गरेमा वा कृषियोग्य जमिनलाई गैरकृषि प्रयोजनका लागि कब्जा गरेर बाँझो राखेमा त्यसलाई भूमि अतिक्रमण वा कब्जा भन्न सकिन्छ । सरकारी प्रतिवेदनअनुसार करिब १४८ सङ्घ/संस्थाले सार्वजनिक जग्गा उपयोग गरिरहेका छन्, जसमा एउटै संस्थाले १३७३ रोपनीसम्म ओगटेको तथ्याङ्क बाहिर आएको छ । काली गण्डकी हाइड्रो प्रोजेक्टले २०८.६८ हेक्टर, पश्चिम सेती हाइड्रो प्रोजेक्टले २,३२५ हेक्टर जमिन ओगटेको छ, जसमा ६५९ हेक्टर खेतीयोग्य जमिन पर्छ । प्रत्येक भूमि अतिक्रमणका घटनालाई एउटै दृष्टिकोणबाट हेर्नुभन्दा यसले स्थानीय समुदायमा पार्ने असर, जस्तै- प्राकृतिक स्रोतमाथिको पहुँच, कृषिजन्य उत्पादन, खाद्य सुरक्षा, भूस्वामित्व र भूमि अधिकारलगायत्का आधारमा विभाजन गरेर हेर्नु जरूरी हुन्छ ।

सुर्खेतमा रेडियो नेपालको प्रशारण केन्द्रले १,१४,४१९.१५ वर्ग.मि जमिन कब्जा गरी

करिव ७० परिवारलाई विस्थापित गरेको छ । सुर्खेतकै साटाखानी गाविसमा ७५० हेक्टर जमिन खनदेवी सामुदायिक वनले ओगटेको छ । त्यस्तै दैलेखमा श्री चरण पादुका गुठीको नाममा रहेको जमिन त्यहाँका किसान पूर्णरूपमा उपभोग गर्नबाट वञ्चित छन् । कति जमिन त गुठीका महन्तहरूले आफ्नो नाममा समेत रैकर गरिसकेका अध्ययनबाट पाइएको छ ।

भूमि अतिक्रमण वा कब्जाले स्थानीयदेखि राष्ट्रिय तहसम्म नै प्रभाव पारिरहेको हुन्छ। एक त स्थानीयलाई वर्षौंदेखि बसोबास गर्दै आएको जमिनबाट विस्थापित गर्छ र उनीहरूलाई उचित क्षतीपूर्ति पनि दिइँदैन । विभिन्न जातजातिले आ-आफ्नो धार्मिक अस्तित्व बचाइराख्ने अभिप्रायले ठाउँठाउँमा जग्गा कब्जा गरेका छन् । जसले गर्दा बेलाबेलामा जातीय विभेद सिर्जना हुने गरेका छन् ।

मोरङको पथरीमा मात्रै ४० हेक्टर सामुदायिक वनको जमिन विभिन्न जातजातिका सङ्गठनले हडपेका छन् । यस्तै किसिमका विभिन्न परिबन्द मिलाएर जग्गा खोसिएकाहरूको जीविकाको बाटो बन्द भएको छ ।

खेतीयोग्य र उत्पादनशील जमिन गैरकृषि प्रयोजनमा लगाउँदा खाद्य उत्पादन वृद्धिमा गम्भीर असर परिरहेको छ । यस्तै अवस्था लम्बिएमा यहाँ पनि खाद्य असुरक्षाको खतरा हुँदैन भन्न सकिँदैन । सम्बन्धित निकायबाट भूमि अतिक्रमण जस्तो गम्भीर विषयतर्फ ध्यानाकर्षण हुँदै ठूलो परिमाणमा हुने भूमि कब्जामा आवश्यक नीति निर्माण गरी नियन्त्रण गरिनुपर्छ । समयसमयमा हदबन्दीको कार्यान्वयन र निरीक्षण पनि उत्तिकै जरूरी छ । ठूला लगानीले स्थानीय समुदायलाई पुऱ्याइरहेको असर अनुगमन गरी यस्ता लगानीले मुनाफा बाँडफाँट गर्नुपर्ने नीति निर्माण हुन आवश्यक छ ।

स्थानीयलाई रोजगार, खाद्य पर्याप्तता जस्ता विभिन्न प्रलोभन देखाई जग्गा कब्जा गर्ने र पछि वास्ता नै नगर्ने यस्ता भू-सामन्तहरूको अधिनमा रहनेगरी अनुमानै गर्न नसकिने कृषियोग्य जमिन 'कब्जा' भइरहेको छ । यसरी भइरहेको जमिनको अतिक्रमण नरोकिए साना किसान, मोही, सुकुम्बासी जस्ता शोषित, पीडित वर्ग अझ बढी मर्कामा पर्नेछन् । त्यसैले उचित भू-व्यवस्थाको सुदृढीकरण र स्थायित्व अनिवार्य भएको छ । ●

## भूमि घर बन्यो

कटान गाउँ भूमि अधिकार मञ्च देखतभुली, कञ्चनपुरको भूमि घर बनेको छ । स्थानीय बाल विकास समितिबाट जग्गा र कटान सामुदायिक वन उपभोक्ता समितिबाट काठ सहयोग प्राप्त भएपछि मञ्चले भूमि घर निर्माण गरेको हो । भूमि घर निर्माणमा सङ्गठनका ८० जना सदस्यले १० दिनसम्म श्रमदान गरे । त्यस्तै हजारी गाउँ भूमि अधिकार मञ्च टीकापुर कैलालीको पनि भूमि घर बनेको छ । भूमिघर निर्माणका लागि सङ्गठनमा सङ्गठित ६६ अगुवाले २८ दिन श्रमदान गरेका थिए ।

त्यसैगरी गैयाँडाँडा भूमि अधिकार मञ्च ओखलढुङ्गाको पनि भूमि घर निर्माण भएको छ । एक कोठे भवन निर्माणका लागि गाउँ मञ्चले सामुदायिक वनको सहयोगमा काठ, आफ्नै प्रयासमा माटो, ढुङ्गा र अन्य सामग्री सङ्कलन गरेको थियो । घरको छाना छाउनका लागि आत्मनिर्भर केन्द्रले सहयोग गरेको थियो ।

## गाउँ ब्लकको जग्गा नापी भयो

किसाननगर-६ महोत्तरीको गाउँब्लकमा बसोबास गर्ने २४ घरपरिवारको जग्गा नापी भएको छ । नापी कार्यालय महोत्तरीले गाउँ ब्लकबासीको जग्गा नापी गरेको हो ।

सौफर्साटिकर-३ रूपन्देहीको बेतानी गाउँ भूमि अधिकार मञ्चका ४० घरधुरी र दोगना गाउँ भूमि अधिकार मञ्चका ८५ घरधुरीको गाउँब्लक जग्गा नापी भएको छ । नापी कार्यालय भैरहवाले गाउँब्लक जग्गा नापी गरिरहेको छ ।

रङ्गपुर-८ शान्तिटोल, रौतहटको गाउँब्लक बसोबास गर्ने ८ घर धुरीको जग्गा नापी भएको छ । त्यस्तै बस्तीपुर गाविस-४ सिरहाको गाउँ ब्लकमा बसोबास गर्ने ३५ गाउँ ब्लकबासीले बसोबास गरेको जग्गाको नापीपछि स्थायी पूर्जा पाएका छन् । गाउँ ब्लक जग्गा नाप जाँच गर्नका लागि बस्तीमा गएको टोलीले उनीहरूलाई पूर्जा वितरण गरेको हो ।

## सङ्गठन निर्माण

भूमि अधिकार अभियानमार्फत आफ्नो भूमि अधिकार प्राप्तिको अभियानमा सङ्गठित हुनका लागि यस अवधि (वैशाख-असार) मा १२ गाउँ भूमि अधिकार मञ्च गठन भएका छन् । जिल्ला भूमि अधिकार मञ्चको पहलमा धनुषामा २, सुर्खेतमा २, झापामा १, महोत्तरीमा २, डडेलधुरामा १, पर्वतमा १, बारामा १, रौतहटमा २ गाउँ भूमि अधिकार मञ्च गठन भएका छन् । गाउँ तहमा निर्माण भएका सङ्गठनमा महिला १८१ र पुरूष १७२ गरी ३५३ भूमि अधिकारबाट वञ्चित महिला, दलित, साना किसान, भूमिहीन, सुकुम्बासी, गुठीपीडित, गाउँ ब्लकबासी, चुरेपीडित सङ्गठित भएका छन् ।

## सहकारी अभियान

जिल्ला भूमि अधिकार मञ्च ओखलढुङ्गाको च्यानम गाविसमा गठन भएको गाउँ भूमि अधिकार मञ्चका सदस्य मिली परिवर्तनशील महिला कृषि सहकारी संस्था गठन गरेका छन् । सहकारीमा ३१ महिला सङ्गठित भएका छन् । जिल्ला अधिकार मञ्च खोटाङको दुर्छिम गाविसमा वरभञ्याङ्ग महिला कृषि सहकारी संस्था गठन भएको छ । सहकारीमा २९ महिला सङ्गठित भएका छन् । भूमि अधिकार अभियानमा सङ्गठित महिलाको सक्रियतामा कृषि सहकारी गठन भई दर्ता गर्ने तयारीमा छ ।

जिल्ला भूमि अधिकार मञ्च कैलालीको मौरनिया कृषि सहकारी संस्था लि. र कालिका भूमि अधिकार कृषि सहकारी संस्था लि.सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कैलालीमा दर्ता भएको छ । त्यसैगरी जिल्ला भूमि अधिकार मञ्चले निर्माण गरेको भूमि अधिकार कृषि सहकारी संस्था लि. पिपलाडी, सहकारी डिभिजन कार्यालय कञ्चनपुरमा दर्ता भएको छ। मोरङ जिल्लाको शान्तिटोल गाउँ भूमि अधिकार मञ्च र किराँतटोल गाउँ भूमि अधिकार मञ्चका सदस्य सङ्गठित भई सहकारी गठन गरी सहकारी दर्ता गरेका छन् । शान्तिटोल भूमिहीन कृषि सहकारी संस्था सहकारी डिभिजन कार्यालय झापामा दर्ता भएको छ ।

लेख



■ पुष्कर आचार्य

# भूमि आन्दोलन र अन्तर्राष्ट्रिय सम्बन्ध

वैशाख २६ देखि ३१ गतेसम्म फिलिपिन्सको राजधानी मनिलामा एसियाली किसान महासङ्घको २८ औं कार्यसमिति बैठक तथा 'किसानको बढ्दो पहुँच एवम् दिगो तथा समावेशी बजार व्यवस्थापन' विषयक क्षेत्रीय सिकाई कार्यशाला आयोजना भयो । उक्त कार्यक्रममा नेपालका तर्फबाट राष्ट्रिय भूमि अधिकार मञ्चका महासचिव ल्यामबहादुर दर्जी र म सहभागी थियौं। सन् २०१२ मा महासङ्घको सदस्यता लिएको मञ्चले यसअघिको बैठकमा पनि भाग लिएको थियो ।

नेपालमा भूमिको समस्या अहिलेको हैन । राणाकालदेखि नै छ । जबसम्म भूमिको समस्या समाधान हुँदैन तबसम्म देशको आर्थिक उन्नति सम्भव हुँदैन । देशको उन्नति नहुँदा गरिब भूमिहीन र साना किसानको जीवनस्तरमा पनि सहजता आउँदैन । नेपालको भूमि समस्याबारे नीति निर्माता पनि जानकार छन् तर उनीहरूमा त्यसलाई हल गर्ने इच्छाशक्ति भने देखिँदैन । राजा महेन्द्रले २०२१ सालमा भूमि सुधार गरेर समस्या छिमोल्ने केही सुरूवात् त गरे तर यसलाई पूर्णरूपले कार्यान्वयनमा ल्याउन सकेनन् । यसपछि पनि सानातिना सुधारका प्रयास भए तर समस्यालाई धक्कै लगाउनेखालका पहल भने हुन सकेनन् ।

२०५२ सालमा शेरबहादुर देउवा नेतृत्वको सरकारले हदबन्दीको सीमा तोकेर समस्याको आकार घटाउने केही थप पहल गऱ्यो । यसअघि २०४८ सालमा जगन्नाथ आचार्यले गरेको भूमि सुधारको पहल उनकै पार्टीभित्र पाच्य भएन । बरू उल्टै उनी भूमि सुधार मन्त्रीबाट पदमुक्त गरिए । सत्ता सञ्चालनको जिम्मेवारी पाएर सरकारमा गएको पार्टी नै जनताको काम गर्नुको साटो केही नेता र जमिनदारको पक्षमा वकालत गर्न लागिपर्छन् । गरिब किसानको हक अधिकार सुनिश्चित गर्ने तथा गास, बासको सुरक्षासहित भूमि सुधार गर्ने कुरामा कुनै पनि राजनीतिक पार्टीले प्राथमिकता दिएनन् ।

कसैले केही नगरेपछि निरास भएका जनता आफ्ना लागि आफैं लड्ने भनी सङ्गठित हुन थाले । यसै क्रममा देशमा रहेका भूमिका विभिन्न सवाल- मोही, बिर्ता, गुठी, हरूवाचरूवा, सुकुम्बासीलगायतका पीडितहरूले २०६० सालदेखि सङ्गठितरूपमा भूमि अधिकार अभियान सुरूवात् गरे । भूमि अधिकार मञ्च गठन गरे । त्यसपछि स्थानीय तहमा सङ्गठन निर्माण, भूमि अधिकार बारे अभिमुखीकरण, क्षमता अभिवृद्धि तथा शान्तिपूर्ण आन्दोलन गरी सरकारलाई भूमि सुधारका लागि दबाब दिइरहेका छन् । यसरी अभियानको प्रभावका कारण मञ्चले आफ्नो सञ्जाल विस्तार गर्ने क्रममा देशमा मात्र सीमित नरही विदेशमा समेत सम्बन्ध कायम गर्न सफल भएको छ । जसको फलस्वरूप राष्ट्रिय भूमि अधिकार मञ्च एसियाली किसान महासङ्घको सदस्य हुन सफल भएको छ ।

मञ्चको अन्तर्राष्ट्रिय सम्बन्ध विस्तार हुनु भनेको आफ्नो हक अधिकार सुनिश्चित गर्न भूमि आन्दोलनमा होमिएका सम्पूर्ण भूमिहीन किसानका लागि आन्दोलनमा थप बल प्राप्त हुनु हो । आन्दोलनमा एउटा इँटा थपिनु हो । यसले आन्लोलनमा अन्तर्राष्ट्रिय सङ्घ/संस्थाले दिने सुझाव तथा दबाबका कारण सरकारले भूमिहीनको कुरा सुन्न बाध्य पनि हुन्छ । जसले आन्दोलनको शक्ति पनि बलियो बनाउँछ ।

नेपाल, बङ्गलादेश, कम्बोडिया, इण्डोनेसिया, लाओस, भियतनाम, फिलिपिन्स, थाइल्याण्ड, ताइवान, जापान र दक्षिण कोरियाका सहभागी उक्त बैठकमा थिए । सहभागी सम्पूर्ण देशको भूमि अधिकारको सवाल, कृषि सुधार तथा किसानको आर्थिक विकासका लागी भएका अभियानबारे जानकारी लिने मौका त्यस अवसरमा पाइयो भने नेपालको भूमि अधिकार अभियान सम्बन्धमा पनि जानकारी गराउन पाइयो । यसबाट भूमि अधिकारबाट वञ्चितहरूका समस्या आदान-प्रदान र त्यसका विभिन्न आयाम नियाल्ने सफलता हात पऱ्यो । अधिकांश देशमा भएका किसानको कृषि सुधार र यसको उत्पादनको बजारीकरण साथै प्रभावकारिता सम्बन्धमा पनि जानकारी लिइयो । आधुनिक प्रविधि अपनाइएको देशमा भने बजारसम्मको पहुँच सहज भएको देखियो । अन्य मुलुकका किसानको चाहिँ सञ्जाल बलियो देखिन्छ । बढ्दो बजारीकरणमा विभिन्न कम्पनीले बीउ उत्पादन गरेर किसानलाई वितरण गरिरहेको पाइन्छ । तर किसानले आफैं उत्पादन गरेको देखिँदैन । किसानको परनिर्भरता देखिन्छ । जसले गर्दा प्रकृतिक प्रकोप तथा अन्य विपद् पर्दा सम्पूर्ण क्षति किसानले मात्रै बेहोर्नुपर्ने रहेछ ।

एसियाली किसान महासङ्घको १० वर्षे कार्यकालको समीक्षा पनि सोही समयमा भएको थियो । त्यसैले महासंघको मूल्याङ्कन पनि जान्ने मौका पाइयो । मूल्याङ्कनकर्तासँग छुट्टै छलफल पनि भयो । छलफलमा एसियाली किसान महासङ्घले हाल गरिरहेको काम सम्बन्धमा मञ्चको राय माग भएअनुसार दिइयो पनि ।

एसियाली किसान महासङ्घका अधिकांश सदस्य राष्ट्रमा भूमि समस्या कम देखिन्छ । जस्तै- जापान, ताइवान, भियतनाम, दक्षिण कोरिया आदि देशमा किसानको उत्पादन, उत्पादकत्व वृद्धि साथै बजारको पहुँच धेरै राम्रो छ । नेपाल, बङ्गलादेश, इण्डोनेसिया तथा फिलिपिन्सलगायत् देशमा भइरहेको भूमि अधिकार अभियानको काममा भने अझै प्राथमिकता बढाउनुपर्ने देखियो । यसमा एसियाली किसान महासंघले अझ अग्रगामी भूमिका खेल्नुपर्ने कुरा पनि उठे । कृषि सुधारका साथै भूमि अधिकारका लागि पनि एसियाली किसान महासङ्घले उत्तिकै प्राथमिकता दिनुपर्ने देखिन्छ ।

जे होस्, उस्तै पीडा र उहीखालका समस्या भएकाबीच सम्बन्ध जोडिँदा अभियान सशक्त हुन सक्छ । यसले गन्तव्य छोट्याउँछ र सफलता चुम्ने सम्भावना वृद्धि हुन्छ । त्यसैले राष्ट्रिय भूमि अधिकार मञ्चमार्फत् अन्तर्राष्ट्रिय स्तरमा जोडिएको भूमि सम्बन्धको महत्व निकै छ । यसले एकातिर समस्या र समाधानका उपाय आदान-प्रदानमा सघाउँछ भने अर्कोतर्फ शक्ति वृद्धिका लागि आवश्यक खुराक वृद्धिमा पनि मद्दत पुऱ्याउँछ । यी विभिन्न दृष्टिकोणबाट नियाल्दा थाहा हुन्छ कि हाम्रा भूमिहीन तथा साना किसान र भूमि अधिकारबाट वञ्चितहरूका समस्या समाधानार्थ चालिनुपर्ने मुख्य कदममध्ये एउटा सम्बन्ध विस्तार पनि हो । जसले समस्या अन्तर्राष्ट्रियकरण हुन गई समाधानका लागि दबाबसमेत सिर्जना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्छ । ●

# अभ्यास : सामुदायिक भूमि सुधारको



■ शम्भु सापकोटा

सिन्धुपाल्चोकस्थित राम्चे गाविसको ६६४ घरमध्ये आफ्नै खेतीले मात्र ३ महिनाभन्दा बढी खान नपुग्नेको सङ्ख्या २२२ परिवार छ। ६ महिनामात्र खान पुग्नेको सङ्ख्या १६९ छ। मुस्किलले १२ महिना खान पुग्नेको सङ्ख्या जम्मा १६४ परिवार देखिएको छ। आफूलाई बढी भएर केही अन्न बेच्ने परिवारचाहिँ थोरैमात्र छन्।

यीमध्ये सुकुम्बासी ९ परिवार, मोही किसान ३५ परिवार र गुठीबाट पीडितको सङ्ख्या २४ परिवार छ। १७ परिवार दलित अति विपन्न अवस्थामा छन्। अधिकांश जनजाति समुदाय सामाजिक, राजनीतिक सबै क्षेत्रमा पछाडि परेका छन्। ग्रामीण महिलामा भूमिको स्वामित्व छैन। बेरोजगारी दर बढ्दो छ। युवाहरू विदेशतिर पलायन भइरहेका छन्। गाउँमा बस्नेहरू सामाजिक अवस्था र व्यवस्थाप्रति दिक्क छन्। निराश र उदास देखिन्छन्।

राम्चे एउटा प्रतिनिधि गाउँमात्र हो। हाम्रो समग्र ग्रामीण परिवेश योभन्दा धेरै भिन्न छैन। भूमि सुधार जहिले पनि चर्चाको विषयमात्र बनिरह्यो। राजनीतिक विषयमा भाषणको मसलामात्र बनिरह्यो। भूमि सुधारलाई समुदायको जीविकामा परिवर्तन ल्याउने कुनै आधार बनाउने प्रयास भएन। जस्तोसुकै परिवर्तनकारी दाबी गरिएका शक्ति सरकारमा पुगे पनि किसानका हितमा खासै काम गर्न सकेनन्। भूमि सुधार, भूमि व्यवस्थापन र कृषि विकासको पक्षमा कुनै परिवर्तन आएन।

राजनीतिक परिवर्तनका पछिल्ला दिनमा धेरै अभियान सामुदायिक स्तरबाट उठाउने प्रयास भयो। यहाँ कार्यरत् सामाजिक सङ्घ/संस्था र ग्रामीण समुदाय आपसमा मिलेर सामुदायिक भूमि सुधारको अभ्यास गर्न प्रेरित भए। सामाजिक परिवर्तनका लागि चुनौती र जोखिम स्वीकार गरेरै अगाडि बढ्नुपर्ने विकासको नियमलाई आत्मसात गर्ने निर्णय भयो।

भूमि सुधारमा सामुदायिक पहल सुरू हुन थाल्यो। स्थानीय स्तरमा बहस/विवाद हुन थाले। भूमि सुधार जस्तो कुरा पनि यहाँ गाउँका किसानले गर्न सक्छन र ? सरकार र पार्टीहरूले समेत नसकेका भूमिका काम गाउँलेले गर्ने भन्ने कुरा एनजिओको डलर कमाउने काइदामात्र हो भनिए। तर हामीले काम गर्दै जाँदा ती भ्रम आफैँ खण्डित हुँदै गए। त्यसको प्रतिवाद गर्दै हिँड्नुपर्ने अवस्था नै आएन।

गाउँ समुदायमा सामाजिक, आर्थिक, सांस्कृतिक रूपान्तरण ल्याउन कसैको भरोसा पर्खेर बस्ने अवस्था र हेन। सामुदायिक तहमा वास्तविक भूमि सुधारकर्ता निर्माण हुन थाले। गाउँको भूमिलाई बुझ्ने र त्यसको व्यवस्थापनका उपाय दिन सक्ने स्थानीय स्रोत पहिचान गरिए। यसरी गाउँ रूपान्तरणमा चासो राखेर केही न केही भूमिका राख्दै आएका अगुवाहरूको अनुभव मथेर सामुदायिक भूमि सुधार अभ्यासको मार्गचित्र तय भयो।

सयौं किसान अभ्यासमा आए। भूमि सिकाई केन्द्रहरूमा भूमि सुधारबारे सामुदायिक छलफल भयो। गुठी, मोही, सुकुम्बासी, भूमिमा महिला स्वामित्व तथा चक्लाबन्दीको सामुदायिक योजनाहरू बन्यो। सवालगत सङ्गठन निर्माण भए। निवेदन, मुद्दा, डेलिगेसन, धर्ना र शान्तिपूर्ण घेराउ तथा र्‍यालीमा सहभागिता बढ्दै गयो। यसरी सामुदायिक तवरबाटै भूमि सुधार अभ्यासको शृङ्खला सुरू भयो।

पूरै गाविस यस कार्यमा सरिक भयो। हिउँदमा बाँझै रहने बाह्रबिसे फाँट हरियालीमात्र भएन, पचासौं मुरी आलु र हिउँदे बेमौसमी तरकारीसमेत उत्पादन हुन थाल्यो। भूमिहीन, मोही, सुकुम्बासीको स्वरोजगार सृजनाको आधारसमेत बन्यो। भूमि सुधार अभ्यासकर्ताहरू खेतीमा सामुदायिक कृषि चक्लाको अभ्यासमा आउन थाले। भट्टेका गुठीमुक्त किसानहरू गुन्द्रुक उत्पादन गरी आय बढाउनेतर्फ लागेका छन्। गुन्द्रुक भिलेजको अवधारणामा गाउँ पर्यटन विकासको आधार सृजना गर्ने छलफलमा छन्। राम्चेको भू-बनोटलाई प्राकृतिक सुन्दरतामा राखेर स्थानीय नक्शाङ्कन हुँदैछ। पहाडी भूमि रमणीय प्राकृतिक विशेषता पहिचान गरेर सामुदायिक व्यवस्थापनमा कृषि पर्यटनको आधार खोजी गर्न पनि सुरू भएको छ।

भूमि सुधार अभ्यास प्रक्रियामा राम्चेको बाँदर, भिर, पहरा, ढाँड, पाखा जमिन सामुदायिक समस्या होइन, यी त विस्तारै सम्भावनाको आधार बन्दैछन्। सँगसँगै पछ्याइरहेका नीतिगत बेवास्ता, राजनीतिक निष्क्रियता, परम्परागत भ्रम र सामुदायिक मतभेद जस्ता चुनौती दोषका भागिदारमात्र हुने छैनन्। चुनौतीले घेरिएको भूमि सुधारका जटिल सवाललाई राम्चेबासीले अवसरको आधारविन्दुका रूपमा पनि स्वीकार गरिरहेका छन्। सामुदायिक भूमि सुधार अरू नयाँ र सफल रूपान्तरणको केन्द्र भाग बन्दै जानेछ। ●

कुराकानी



# आन्दोलन पुगेको छैन

**पहलसिंह पहराई मगराई**
अध्यक्ष, जिल्ला भूमि अधिकार मञ्च, सुर्खेत

भूमि अभियानका अगुवा, जिल्ला भूमि अधिकार मञ्च सुर्खेतका अध्यक्ष पहलसिंह पहराईसँग गरिएको कुराकानीका केही अंश :

**भूमि अधिकार अभियानसँग कसरी जोडिनुभयो ?**

सुकुम्बासी हुँ । अरूको जग्गामा घर छ । गरिखाने जमिन छैन । ज्याला मजदुरीले परिवारमा लाउन खान पनि धौ धौ छ। हामी यस्तै पीडामा बाँचिरहेका थियौँ । २०६४ सालमा भूमि अधिकार मञ्च गठन गरी सङ्गठित भएका हौं । २०२८ सालसम्म हामी सुर्खेतकै पहाडमा बस्थ्यौं । १३ रोपनी जग्गा थियो । २८ सालमा नापी भयो । त्यसबेला वर्षौंदेखि कमाइआएको जग्गा गाउँका जिम्मुवालले नाप्न दिएनन् । अरूको  नापियो तर हाम्रो नापिएन । हामीलाई बसिरहेको भन्दा फरक अन्तै उब्जाउ नहुने जग्गा नाप्न भनियो । त्यतिबेला पैसा मागिएको थियो तर हामीसँग पैसा थिएन । नापीले त्यसलाई डुवान क्षेत्र भनेर राखेको रहेछ। बसेको ठाउँ छाडेको थिएनौं । पछि जान्ने बुझ्ने भएपछि जग्गा पाउनुपर्छ भनी मुद्दा लड्यौं । त्यतिबेला मुद्दाका लागि विन्तिपत्र लेखेर राजाकहाँ चिठीमार्फत् पठाउनुपर्थ्यो, कतिपय चिठीपत्र हुलाकबाटै गायव गरिन्थे । १२ वर्ष मुद्दा लडेपछि जग्गा त पाइयो तर मुद्दा लड्दा लागेको खर्च तिर्नका लागि त्यही जग्गा बेच्दा पनि पुगेन । अनि हामी त्यहाँ छाडेर २०४५ सालमा बसाइसराई गरी वीरेन्द्रनगर नपा-२ मा बस्न थाल्यौं ।

**यहाँ आउँदाका दिन कस्ता थिए ?**

यहाँ आउँदा पनि हामीलाई गाह्रो भयो । म ससुरालीको घरमा बस्न थालें । तर घरमात्रै थियो । गरिखाने जमिन थिएन । दैनिक हातमुख जोर्नलाई ज्याला मजदुरी नै एकमात्र विकल्प थियो । सुकुम्बासी भएपछि दिनहरू कहिलेचाहिँ सुखी हुन्छन् र ? दुःखले कहिल्यै छाडेन ।

**जिल्लामा मञ्च गठन गर्दाको अवस्था कस्तो थियो ?**

१२ गाविसमा ४२ गाउँ सङ्गठन बनिसकेपछि मात्र हामीले जिल्ला मञ्च गठन गरेका हौं । अनेक मान्छेले अनेक आरोप पनि लगाउँथे । पीडित किसान अलमलमा हुन्थे । हामीले किसानको भूमि हक, 'सुरक्षित बास सबैलाई, खेतीयोग्य जमिन किसानलाई' भन्ने नारा आत्मसात गर्दै गाउँगाउँमा गएर भूमि अधिकारबाट वञ्चित किसानलाई बुझाउँदै उनीहरूलाई मञ्चमार्फत् सङ्गठित गरेपछि अधिकारका लागि सङ्घर्ष गर्न पीडित साथीहरू लागिपरे । २०६५ साल फागुन ७ गते पहिलो सम्मेलन पनि गर्‍यौं ।

**मञ्चले के के गरिरहेको छ त ?**

सुर्खेत जिल्लामा १२ गाविस र १ नगरपालिका क्षेत्रमा ऐलानी, अव्यवस्थित बसोबासी, अस्थायी पूर्जाको समस्या धेरै रहेकाले यी समस्यामा केन्द्रित भएर काम गरिरहेका छौं । सुकुम्बासी बस्तीहरूमा आगलागी गराई बस्ती उठाउने, डोजर लगाई टहराहरू भत्काउने, किसानलाई बेदखल गर्ने जस्ता कार्य कहिलेकाहीँ हुने गरेका छन् । तिनका विरूद्ध हामी सङ्गठितरूपले आन्दोलनमा लागिरहेका छौं ।

**तपाईँको जीविका कसरी चलिरहेको छ ?**

म र श्रीमती दुवै ज्याला मजदुरी गर्छौं । पहिले म घरैमा सानो पसल चलाउँथें । घर सानो छ । म बाहिर सुत्थें । एक दिन राति रक्सी खाएर आएको मानिसले कुकुरलाई ढुङ्गा हान्दा मलाई लाग्न पुग्यो, जसले टाउकोमा ठूलै चोट लाग्यो । धेरै समय लाग्यो निको हुन । त्यसपछि भारी बोक्न नसक्ने भएँ र पसल चलाउन तरकारी किन्न पनि जान नसक्ने भएँ । यसले गर्दा पसल पनि बन्द भयो । आम्दानी गर्ने बाटो पनि टुट्यो ।

**सुरक्षित बासका लागि गरेको अभियानबाट के के उपलब्धि हात परे त ?**

नौलापुरमा १३, मिलडाँडामा १६, रूप्सेमा २७ घरमा आगजनी गर्दा आन्दोलन गरी बस्ती पुनर्स्थापना गराइएको छ । ती बस्ती अब पनि विस्थापित गर्ने हिम्मत कसैको हुने छैन । सुकुम्बासीका लागि सुरक्षित बासको माग भइराखेको छ । यसका लागि आन्दोलन अघि बढिरहेको छ ।

**अब अभियान कसरी अगाडि बढ्छ ?**

हामीले जिल्लामा आन्दोलन गर्न पुगेको छैन । भूमिहीनका समस्या समाधान भएका छैनन् । जिल्लाका अन्य गाविसमा पनि यस्तै समस्या छन् । सुकुम्बासी र ऐलानी जग्गामा बस्ने किसान, साना किसानका समस्या जटिल छन् । यी किसानका अधिकारका लागि आवाज उठाउने एकमात्र सङ्गठन भूमि अधिकार मञ्च भएकाले हामीले अझ सशक्तरूपमा आन्दोलन गर्नुपर्ने आवश्यकता छ । हामीले सङ्गठन बलियो, आन्दोलन दरिलो बनाउनका लागि आन्दोलन कोष जुटाउने अभियान पनि थालेका छौं । यसमा हामी गाउँ तहदेखि मौसमी बाली सङ्कलन, सङ्गठनमा स्थानीय स्रोतको खोजी, सदस्यबीच कोष सङ्कलन, सङ्गठनैपिच्छै प्रतिसदस्य मासिक ५ रूपियाँ पनि जम्मा गर्न थालेका छौं । हामी गरिब केही नभएकाहरूलाई त झन गाह्रो हुने रहेछ तर गाह्रो भन्दा पनि हामीलाई गरिबीको पीडा छ । पीडाले हामीलाई आवाज उठाउन बाध्य बनाएको छ । ●

# पहाड हिँडाइ



■ शुभराज चौधरी

### ओझेलमा आफ्नो दुःख

दाङबासी भए पनि म्याग्दी, बाग्लुङ र पर्वतका गाउँमा पुगेर भूमि अधिकारबाट वञ्चितहरूसँग छलफल गर्ने अवसर मिलेको छ। यी जिल्लाका गाउँ जाँदा ६ घण्टासम्म उकालो र ओरालो हिँड्नुपर्दा मुस्किल नै हुन्छ। कहिले सङ्गठनका साथीसँग हिँड्ने अवसर जुर्छ त कहिले एक्लै। उकालो चढ्दा आएको पसिना पहाडको चिसो हावाले छिनभरमै ओभाउँछ। खुट्टा र ढाड निकै दुखिरहेको हुन्छ तर गाउँ मञ्चका सदस्यले पोखेका पीडा सम्झँदा आफ्ना दुखाई साना लाग्छन् र केही बेरमै हराउँछन्।

### बालकुनीमा दलितहरू

म्याग्दीको रत्नेचौर-२ सालघारी बस्तीमा ४० परिवार दलित छन्। त्यहाँका बासिन्दालाई आफ्नो जग्गाको उत्पादनले महिना दिन पनि खान पुग्दैन। त्यहाँ धान र गहुँ राम्रो फल्छ। मगर, बाहुन र क्षत्रीको पनि मिश्रित बसोबास छ। रत्नेचौरका बासिन्दाले सालघारीमा बसेका दलितलाई बालकुनीमा बसेर चिसो हावा खाएका छौ भन्दा रहेछन। तर के गर्ने शितल खाएर मात्र नहुने। बाँच्नका लागि अन्न खानुपर्ने हुन्छ तर बिडम्वना बालकुनीमा बसेका यिनै दलितसँग अन्न उत्पादन गर्ने जमिन भने रैनछ।

### भूमि अधिकार कि दलित अधिकार मञ्च ?

पर्वतको पीपलटारीमा दुई दिने भूमि शिविर भइरहेको थियो। गाउँबाट ५/६ जना पुरूष आए। के के न कार्यक्रम होला भनेर आएको त, दलितको पो रहेछ भनेर गए। शायद शिविरका सहभागी दलितमात्रै देखेर यसो भने होला भन्ने लाग्यो। मैले भूमि अधिकार मञ्चबारे बताएपछि उनीहरूले साझा सङ्गठन हो भनेर बुझे। पर्वत, म्याग्दी र बाग्लुङमा दलित प्रायः भूमि अधिकारबाट वञ्चित भएकाले दलित बस्तीमा मञ्च गठन भएका छन्। त्यसैले त्यहाँका गैरदलितलाई भूमि अधिकार मञ्च दलितको सङ्गठन हो भन्ने भ्रम परेको रहेछ। यसबाट मञ्चमा गैरदलितलाई पनि समावेश गरेर लैजानेबारे सोच्नुपर्ने सिकाई भएको छ।

### कामी खेतको पौडेल मालिक

पर्वतको पीपलटारी-९ चनौटेमा राम्रो उत्पादन हुने कामी खेत छ। सो खेत अहिले ऋषिकेश पौडेल र धनराज पौडेलको स्वामित्वमा छ। बाँझो जमिनलाई चनौटेका कामीहरूले खनजोत गरेर खेतीयोग्य बनाएका रहेछन्। चनौटेका ७८ वर्षीय मिनबहादुर विकका अनुसार पहिले जिम्वालहरूले ६० रूपियाँ मालपोत जसले तिर्छ, उसैले जमिन पाउँछ भन्ने उद्घोष गरेछन् तर त्यहाँका कामीहरूले रूपियाँ तिर्न नसक्दा पौडेलहरूले त्यति पैसा तिरेर आफ्नो नाममा गराएका रहेछन्। दुःखको कुरा, पहिले कामीहरू त्यही जग्गाको मालिक थिए तर अहिले भने त्यसबाट उनीहरूको स्वामित्व फुत्केको छ।

### जग्गा छ, अन्न छैन

पहाडी जिल्लामा सुकुम्बासीको सङ्ख्या निकै कम छ। प्रायः सबैजसोको जग्गा छ तर त्यसको आम्दानीले धेरैलाई खान पुग्दैन। वेशीको खेतीयोग्य जग्गामा प्लटिङ हुन थालेपछि अन्न अभाव हुँदै गएको छ। अधिकांशको आम्दानीले तीन महिना पनि खान नपुग्ने रहेछ। श्रीमान्हरू विदेश गएपछि परिवार सदरमुकाम बस्न थालेका केहीको पनि जग्गा बाँझो छ। हुनेखानेहरूले पनि मोहियानी हक खोज्छन् भनी अरूलाई कमाउन नदिई जग्गा बाँझो राखेको देखियो। जग्गा त छ तर के गर्ने जग्गा खान नमिल्ने, खान त अन्न नै चाहिन्छ। त्यसैले तराईबाट आएको चामल र तरकारी नै खानाको प्रमुख स्रोत बनेको छ। उनीहरू भन्छन्- पैसा विदेशमा छ, खाद्यान्न तराईमा।

### ढुंगेमा दलित बस्ती

म्याग्दीको राखु गाविसको दलित बस्ती प्रायः उत्पादन नहुने, भिरालो र ढुङ्गैढुङ्गा भएको ठाउँमा छ। अधिकांश दलितको खेती गर्ने जग्गा छैन। घरबास मात्र छ। एउटा सानो भाग खेतीयोग्य बनाउन पनि एक दिनले नपुग्ने। त्यति जग्गामा रहेका ढुङ्गा पन्छाउँदा सानो पर्खाल नै खडा हुने रहेछ। धन्न कसरी खान्छन् होला ?

### मोहियानी हकबारे अन्यौल

गाउँका किसान अधियामा कमाइरहेको जग्गामा मोहियानी हक माग गर्दै आवाज उठाइरहेका छन्। तर कस्तो जग्गामा मोहियानी हक कायम गर्ने र कस्तो जग्गामा नगर्ने भनेर छलफल नपुगेको देखियो। आफूले खेती नगरेर अरूलाई अधिया (ठेक्का) मा कमाउन दिनेहरू पनि दुईथरीका छन्। एकथरी मान्छे प्रशस्त जग्गा भएका छन्। उनीहरू आफैं खेती नगरेर अधिया र ठेक्कामा कमाउन दिन्छन्। अर्काथरीको थोरै जग्गा छ। कोही खान नपुगेर विदेश गएका छन् र कोही जीवन गुजारा चलाउनका लागि शहर पसेका छन् र जग्गा अरूलाई कमाउन दिएका छन्। प्रशस्त जग्गा हुनेहरूको जग्गा कमाइरहेका किसानलाई मोहियानी हक कायम गराउँदा त न्याय नै होला तर खानकै लागि कमाउन विदेश गएका र शहर पसेकाहरूको जग्गामा पनि मोहियानी हक कायम गर्दा अन्याय हुन्छ कि हुँदैन भनेर पर्याप्त छलफल गर्न जरूरी छ। ●

२०६४ सालमा निर्वाचित पहिलो संविधान सभा नयाँ संविधान दिन नसकी अवसान भयो । लामो समयदेखि एकलौटीरुपमा शासन गरेको राजतन्त्र ढल्यो, जनआन्दोलनको बलमा लोकतन्त्र आयो र गणतन्त्र पनि घोषणा भयो । १० वर्षे जनयुद्धमा होमिएको पार्टी नेकपा माओवादी पनि सत्तामा पुग्यो । नयाँ संविधान बनाउने भनेर सबै राजनीतिक शक्ति लागिपरे तर ५/५ वर्षको समय बित्दा पनि देशले संविधान पाएन । त्यो त्यसै अवसान भयो । ठूलाठूला क्रान्तिकारी कुरा गर्नेहरूले पनि केही गर्न सकेनन् । देशमा झन् समस्या थपिए । भूमि सुधार हुन सकेन । लाखौँ भूमि अधिकारबाट वञ्चित किसानले अधिकार पाउन सकेनन् । तर फेरि देशमा मङ्सिर ४ गतेका लागि अर्को संविधान सभा निर्वाचनको मिति तोकिएको छ । अघिल्लो संविधान सभाले संविधान बनाउन नसकेपछि मुलुकमा अर्को चुनावको विकल्प छैन । जति पटक चुनाव भए पनि कुरा क्रान्तिकारी गर्ने तर काममा भने मेखो नमार्ने हाम्रा दलहरूको बानी छ । मङ्सिर ४ मा चुनाव हुँदैछ, भोट कसलाई दिनुहुन्छ भन्ने प्रश्नमा देशका विभिन्न क्षेत्रका भूमि अधिकारबाट वन्चितहरूका भनाई यस्तो छ :

# भोट

## आश्वासन हैन, व्यबहार हेर्छौं



—अमरबहादुर कार्की
किसाननगर-७, महोत्तरी

हामी जस्ता भूमिहीन सुकुम्बासी गरिबले कहिल्यै पनि परिवर्तन अनुभूत गर्न पाएनौं । सरकारले चुनावको घोषण गरेको छ । तर हामी अन्यौलमा छौं । कसलाई चुनाव जिताउने ? विगतमा हाम्रा भोटले नेताले जिते तर हामीले भने हारीमात्र रह्यौं । भूमि अधिकारबाट वञ्चित, गरिब, दलित सुकुम्बासीलगायत्लाई केही परिवर्तन भएको महसुस गराउनुपर्छ, अनिमात्र चुनावी नारा लिएर गाउँ पस्नुपर्छ । त्यही पुराना वाचा र नारालाई लिएर यो गर्छौं त्यो गर्छौं, यो भयो त्यो भयो भनेर अब हामी कदापि भुलभुलैयामा पर्दैनौं । आसैआसमा कति पिल्सिने ? चुनाव जित्नेहरूले सत्ता, भत्ता अनि कुर्सीका लागि बखेडा निकालिरहे । कहिल्यै पनि जनताको आधारभूत आवश्यकता पूरा गर्नेतर्फ लागेनन् र सोचेनन् पनि ।

अहिले पनि हामीले उब्जाएको अन्नले साहूको भकारी भरिदिनुपर्ने अवस्था छ । हामीले गरेका जनआन्दोलन र दिएका भोटले हामीलाई कहिल्यै कसैले दासत्वको जीवनबाट बहिर ल्याएन । अझ भन्नुपर्दा चुनावका बेला मात्र हामी राजनीतिक दलका मुखमा जनता हुन्छौं । तर चुनावको माहौल सकिएपछि उही कुवाको भ्यागुतो झैं भएको अवस्था छ ।

चुनावी घोषणापत्रमा भूमि सुधारका कुरा लेखियोस् या नलेखियोस् चासो छैन । तर हामीले चाहेको भूमि सुधार जो जमिनमा रातो दिन श्रम पसिना बगाउँछ, जसले अन्न फलाउँछ, उसले उत्पादन गर्ने खेतीयोग्य जमिन पाउनुपर्छ । जसको सुरक्षित बास छैन, उसले सुरक्षित बास पाउनुपर्छ । यस्ता आधारभूत आवश्यकता पूरा गरी जो गाउँ आउँछ, त्यसलाई हामी हार्दिकतासाथ स्वागत गरी बहुमतले जिताउने छौं ।

## जनताका दुःख बुझ्नेलाई

-विजु खाँड
भूमि अभियानकर्मी, नवलपरासी

संविधान सभाको चुनावपछि ढुक्कले झुपडीमै भए पनि बस्न पाइन्छ भन्ने लागेको थियो । तर त्यसो भएन । अझ यसपछि मोही बेदखली गर्ने, सुकुम्बासीका घर टहरा भत्काउने, बस्ती उठिबास गर्ने, आगो लगाउने, डोजर लगाएर भत्काउने पो गर्न थाले । भूमि सुधार गर्छु भनेर बडो क्रान्तिकारी कुरा गर्नेहरूले नै यस्ता अपराधजन्य कार्य गर्न थाले । दलका नेताहरूले आफू अनुकूल हुने हो भनेचाहिँ जुनसुकै कानुन परिवर्तन गरेर हुन्छ वा नयाँ बनाएर हुन्छ, काम गर्न सक्छन् तर लाखौं जनताले दुःख पाइरहेको भूमि समस्याको विषयमा चाहिँ नेताहरूलाई चासो नै छैन । यस्ता बेवास्ती नेताहरूलाई हामी भूमिहीन भोट दिदैनौं । हामी भूमि अधिकारबाट वञ्चितहरूको माग सुन्ने, भूमि सुधार गर्ने र भूमिहीन पनि मान्छे हुन् भन्ने ठान्ने नेतालाई भोट दिन्छौं । सधैं झुटो बोल्ने र गरिब जनतामाथि खेलबाड गर्ने नेताहरूलाई भोट दिदैनौं ।



## झुटो आश्वासन नदिनेलाई



-विष्णु लुवागुन
अनारमनी ६, झापा

मैले दुई पटकको चुनावमा भोट हालेको छु । चुनाव आएपछि नेताहरू यो गरिदिन्छु, त्यो गरिदिन्छु भनेर गाउँ पस्छन् । सुकुम्बासीलाई दुई चार सय पैसा र दुई चार दिन मीठो खान पनि दिन्छन् । पहिला त श्रीमान्ले जसलाई भन्नुभयो उसैलाई भोट दिएँ । तर अब म दिन्न । यहाँ ३०० सुकुम्बासी घरपरिवारले खोलाको किनारमा जीवन बिताएको १८ वर्ष भयो । धेरैले जग्गा दिने आश्वासन दिए । अहिलेसम्म यहाँबाट चुनाव जितेर जानेहरू फर्केर गाउँमा आएका छैनन् । सुनेको हो,

# कसलाई ?

मङ्सिरमा फेरि चुनाव हुँदैछ रे । अब नेताहरू गाउँ पक्कै आउँछन् । यी नेताहरूले धेरै ठगे, झुक्याए । तर अब हामी नेताहरूसँग छलफल चलाउँछौं । उनीहरूको पैसा होइन, हामीलाई सुरक्षित बासको माग राख्ने छौं । सुकुम्बासीबाट जसले मुक्त गर्छ, त्यसैलाई नै भोट दिन्छौं । अब हामी फेरि पनि झुटो आश्वासन दिने नेतालाई भोट दिनेवाला छैनौं ।

## हरूवाचरूवाको पुनर्स्थापन गर्नेलाई

-दर्शन मण्डल
अध्यक्ष, हरूवाचरूवा अधिकार मञ्च



नेता भनेका त भगवानको रूप हो जस्तो लाग्थ्यो । पछि थाहा भयो, यिनीहरू त धेरै बोल्ने, केही पनि नगर्ने भूत पो रहेछन् । हामीलाई जमिनदारले गोरूलाई भन्दा बढीसँग जोतेको छ । दुःख दिएको छ । हाम्रो जीवन नै शोषण गरेको छ । कैद गरेको छ । हामीसँग पनि नागरिकता छ । हामी पनि देशका नागरिक हौं भन्ने हामीले पनि बुझेका छौं । भोट हाल्ने अधिकार हाम्रो पनि छ । जब चुनाव आउँछ, तब नेताहरू हाम्रा घरदैलोमा नै आएर हरूवाचरूवाबाट मुक्त गर्छौं, छोराछोरीलाई पढाइदिन्छौं अनि रोजगारीमा लगाइदिन्छौं भन्छन् तर खै कति वर्ष बित्यो, कति पटक चुनाव भयो, कति नेताहरू चुनाव जितेपछि कहाँ गए, हाम्रो जीवनमा कत्ति पनि फरक आएन । प्रविधि कहाँ पुगिसक्यो, संसार कहाँ पुगिसक्यो । तर हामी हरूवाचरूवा जमिनदारको खेतीको आलीभन्दा कहीँ पर पुग्न पाएनौं । हामीले स्वतन्त्रता पाएनौं । जीवन धान्नका लागि पेटभर खान पाएनौं । आङ ढाक्ने कपडा लाउनसमेत पाएनौं । बस्नका लागि सुरक्षित घर पाएनौं । हरूवाचरूवाको मुक्ति, सुरक्षितरूपमा पुनर्स्थापना नगरेसम्म हामी नेतालाई भोट दिदैनौं ।

## गरिबको पक्षमा न्याय गर्नेलाई

-रामजीत चौधरी
रङ्गपुर-८, रौतहट



अब त हामीलाई नेता चिन्न पनि गाह्रो भयो । को हो राम्रो नेता ? अहिलेसम्म जति पटक चुनाव भए पनि नेताहरूले पहिला भूमिको समस्या नै उठाउँछन् । तर केही गरेनन् । अब हामी भूमि अधिकारबाट वञ्चितहरू कसैलाई भोटै नदिने सोचमा पुगिसक्यौं । हामीले पटक-पटकको चुनाव र आन्दोलनमा भाग लियौं तर बदलामा के पायौं ? उही पीडा, अपहेलना, उही अन्याय र शोषण । चुनाव नगरी हामीले भोट नदिई राज्यको निकास निस्कँदैन, त्यो हामीले पनि बुझेका छौं । कोही असल बन्न चाहान्छ भने नेताले आफूहरूसँग भएको जग्गा राष्ट्रियकरण गरी जनतालाई अधिकार सम्पन्न गराउन र साँच्चिकै जनमुखी नेता बन्न सक्छन् भने त्यस्ता व्यक्ति र पार्टी खोजीखोजी भोट दिई जिताउँछौं । यस्ता व्यक्ति भेटिएन भने दलित, भूमिहीन सुकुम्बासी, पछाडि पारिएका वर्गबाट स्वतन्त्र उम्मेदवार बनाएर जिताउँछौं ।

## झुपडीको सुरक्षा गर्नेलाई

-सम्फावती चौधरी
हाँसपोसा-३, सुनसरी



हामी सुकुम्बासीबाट साना किसान पनि हुन सकेनौं । चुनावका बेला नेताहरू गाउँमा आएर बसेको जग्गाको पूर्जा दिने, खेती गर्न जग्गा दिने भन्दै ठूला ठूला सपना देखाएर भोट माग्न आउँछन् । भोट दियो, जितायो, त्यसपछि नेताको नाक मुख पनि देख्न पाईदैन । हामी सुकुम्बासीलाई बारम्बार विभिन्न व्यक्ति आएर उठाउन खोज्छन् । न बासको ग्यारेण्टी छ, न गासको नै । यस्ता समस्या हामी जनताले भोग्दा पनि नेताले हामीलाई केही सहयोग गरेनन् । सुकुम्बासीको पीडा र व्यथा बुझेनन् । यी नेताले बोलेका जस्तै सुकुम्बासीको पनि बास र गाँसको सुरक्षा गरिदिएका भए हामीले दुःख पाउने थिएनौं । ठूलो आशा र विश्वास लिई २०६४ सालमा पनि नेताहरूलाई चुनाव जिताएर पठायौं तर केही गरेनन् । अब हामी झुपडीको सुरक्षा गर्ने नेतालाई मात्र भोट दिन्छौं ।

## सुकुम्बासीलाई जग्गा दिनेलाई

-सोनावती सदाय
हनुमानगर गाविस-९
सिरहा



हामी यही देशका नागरिक भएर पनि नागरिकसरह अधिकार पाएनौं । कोशी टप्पु क्षेत्रमा हाम्रो सुकुम्बासी बस्ती छ तर सुरक्षित कतैबाट पनि छैन । खनजोत गरी बसेको जग्गामा रोक लगाई हामीलाई उठाउन खोजिएको छ । हामीलाई नेताले केही सहयोग गरेनन् । जब चुनाव आउँछ, अनि उनीहरू हामीलाई नानाथरीको आशा बाँड्छन् तर काम भने केही नगरिदिंदा बस्ने बासको समेत ग्यारेण्टी छैन ।

अब फेरी चनाव हुँदैछ रे भन्ने सुनेकी छु । हामी फेरि पनि धोका दिने नेताहरूलाई भोट दिने पक्षमा छैनौं । सुकुम्बासीलाई जग्गा, बालबालिकालाई शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी गर्ने र पूरा गर्ने पार्टी र नेता छानी भोट दिन्छौं ।

## बासको सुरक्षा गर्नेलाई

-तीर्थ खुना
मछेली, कञ्चनपुर



कञ्चनपुरको मछेली गाउँमा हामी ३० घरपरिवार सुकुम्बासी बस्छौं । यहाँ बस्ने कसैसँग पनि आफ्नो नाममा कुनै सम्पत्ति छैन । हरियाली सामुदायिक वनको जग्गामा छाप्रो हाली बसेका छौं । हामीसँग न सुरक्षित घर छ, न शौचालय र स्वच्छ पिउने पानी नै छ । हाम्रो बस्ती उठाउन सामुदायिक वनले बेलाबेला धम्क्याउँछन्, बस्तीमा आगो लगाउँछन्, छाप्रा भत्काउँछन् । तर हामी भूमि अधिकार मञ्चमा सङ्गठित भई अभियानमा लागेपछि भने आगो लगाउन सकेका छैनन् । जीविकाका लागि बगरमा खेती गर्छौं तर त्यहाँ तटबन्ध नहुँदा खेती गरिएको क्षेत्र डुवानमा पर्छन् र लगाएको बाली पनि खेर जान्छ । हाम्रो जीविका चलाउने अन्य कुनै स्रोत नै छैन ।

हामीले नेतालाई भोट हाल्छौं, उनीहरू हामीलाई बसेको ठाउँको पूर्जा दिने, नदीमा तटबन्ध लगाइदिने, छोराछोरीलाई पढाइदिने भन्छन् तर चुनाव जितेर गएपछि फर्केर पनि आउँदैनन् । हामीलाई सुकुम्बासी परिचयपत्रसमेत दिइएन । हामी पनि नेपाली नागरिक हौं । अघिल्लो संविधान सभाको निर्वाचनमा पनि भोट हालेका थियौं र अहिले पनि चुनाव हुँदैछ रे भन्ने सुनिएको छ । हामी सुरक्षित बास र जीविका चलाउनका लागि सङ्घर्ष गरिरहेका छौं । जसले हाम्रो माग पूरा गर्छ, त्यसलाई हामी भोट दिन्छौं र चुनाव जिताउँछौं ।

## क्रान्तिकारी भूमि सुधार गर्नेलाई

-केशबहादुर विक
बर्दिया



हामी वर्षौंदेखि भूमि सुधारको माग गर्दै आन्दोलनमा उत्रिरहेका छौं । हरेक पटकका आन्दोलन र सङ्घर्षका कार्यक्रममा दलका नेता आएर भूमि सुधार गर्छौं भनी प्रबिद्धता व्यक्त गर्छन् । अनि चुनाव आएपछि हरेक दलको चुनावी घोषणापत्र भूमि सुधार को मुद्दाले भरिन्छन् । तर अहिलेसम्म जति लेखिए, ती कार्यान्वयन भएको पाइएन । घोषणापत्रमा लेखिएका कुरा त खाली हामी जस्ता गरिब, भूमि अधिकारबाट वञ्चित जनता झुक्याउनका लागि पो लेखिएको रहेछ भन्ने अनुभूति भयो ।

हामी गरिबको मुक्ति गर्लान् जस्तो लाग्न पनि छाड्यो । गरिबहरू सोझासिधा भएकै कारण नेताहरूले सजिलै ठगेका हुन् । अब हामी झुक्किदैनौं । अब पनि झुक्कियौं भने भूमि सुधार कहिल्यै गर्ने छैनन् यी नेताले । त्यसैले विगतको जस्तो होइन, अब हामी पनि सङ्गठित भएका छौं । जबसम्म भूमि सुधार गर्दैनन्, तबसम्म हामी भूमि अधिकारबाट वञ्चितहरू भोटै दिदैनौं । हामी मोहीको समस्याबाट पीडित छौं, हामी भूमिहीन सुकुम्बासीको समस्याबाट पीडित छौं, हामी हरूवाचरूवा, ऐलानी र हलिया जस्ता अनेकौं समस्याबाट पीडित छौं तर यी सबैको समाधान भनेको क्रान्तिकारी भूमि सुधार विना सम्भव छैन । त्यसैले क्रान्तिकारी भूमि सुधार गर्नेलाई हामी विश्वास गर्छौं र भोट दिन्छौं ।

## लडाइँमा साथ दिनेलाई

-मेघप्रसाद धमला
ओखलढुङ्गा



देशमा भूमिका समस्या फरक फरक छन् । तर तिनले दिने दुःख र समस्या भने एउटै छन् । भूमिहीन वा भूमि अधिकारबाट वञ्चित धेरै मानिस गरिब छन्, । जमिन छैन । जमिन भएका किसानसँग पनि पर्याप्त छैन । खान पुग्दो छैन । जमिन काम नगर्ने जमिनदारको कब्जामा छ । हामी जस्ता गरिबलाई यी नेताले जग्गा बाड्छौं, भोट हाल भने । भोट हालियो । तर त्यो जग्गा बाँड्ने दिन कहिल्यै आएन । र, हामीले कहिल्यै पाएनौं पनि । भूमि अधिकार माग्दा माग्दा जीवन नै बित्न लागिसक्यो । तर नेताको आश्वासन पूरा भएन । अब भने हामी त्यसै भोट दिनेवाला छैनौं । हामी भूमि अधिकारका लागि लडाइँ गरिरहेका छौं । अब हामीलाई आश्वासन होइन, सक्ने भए भूमि अधिकार दिने, नसक्ने भए लडाइँमा साथ दिने नेता र दललाई भोट दिन्छौं ।

## गुठी जग्गा रैकर गर्नेलाई

-मेन्दो तामाङ, रसुवा



हामी रसुवा जस्तो विकट र त्यसको पनि विकट गाविस हाकुमा बस्छौं । हाम्रो गाविस पूरै गुठीको समस्यामा परेको छ । ३३६ घर परिवार गुठीपीडित छौं । कसैको नाममा एक आना पनि जग्गा छैन । आफूले बिराएको, आफैंले जोतभोग गरेको जग्गा भए पनि कसरी गुठीको नाममा दर्ता भयो, थाहा भएन । तर लामो समयदेखि गुठीको नाममा रहेको जग्गा रैकर गरी पूर्जा लिने अभियानमा लागेका छौं । धेरै नेताले हामीलाई आवश्वास दिए, विश्वास दिलाए, पक्कै तिमीहरूको जग्गाको पूर्जा बनाइदिन्छौं पनि भने । नेतालाई विश्वास गऱ्यौं अनि पटकपटकको चुनावमा भोट पनि दिँदै आयौं । तर खै अहिलेसम्म न हामीले पूर्जा पायौं न हाम्रो गाउँमा अरू कुनै विकास नै हुन सकेको छ ।

गुठी जग्गाले दिनुसम्मको दुःख दिएको छ । चुनावमा नेतालाई गुठी जग्गाको मुद्दाले भोट माग्नका लागि सजिलो बनाएको छ । नेताले गरेर हुने र बोलिदिए समस्या समाधान हुने हाम्रो समस्यामा उनीहरू जिम्मेवार भइदिएनन् । अब त हामी भोट त्याग्ने विचारमा छौं । कि हामीलाई चुनावभन्दा अगाडि गुठी जग्गा रैकर भएर पूर्जा चाहिन्छ, नत्र कुनै पनि नेता र पार्टीलाई भोट दिदैनौं ।

# बाँझै जग्गा, गाईवस्तुले के खालान्?



■ रामजी ढकाल

गएको फागुनमा पूर्वी पहाडी जिल्ला ओखलढुङ्गा र रामेछापको यात्रा गरियो। म त्यस क्षेत्रमा भूमि अधिकार मञ्चलाई सामुदायिक भूमि सुधारको अभ्यासमा सघाउन गएको थिएँ। राजमार्गका घुमाउरा मोड पार गर्दै भकुण्डेवेशी नेपालथोक हुँदै सिन्धुलीको दुम्जाटार, उदयपुरको व्यापारिक केन्द्र घुर्मी हुँदै ओखलढुङ्गा पुगेँ। मलाई त्यहाँ पुगेपछि कवि सिद्धिचरणले लेख्नुभएको गीत 'मेरो प्यारो ओखलढुङ्गा' को याद पनि आयो। साँच्चिकै प्यारो रहेछ ओखलढुङ्गा।

ओखलढुङ्गाका डाँडा, पहाड, समथर ठाउँ अति रमाइलो क्षेत्र तर धेरै ठाउँ सुख्खा र बाँझो जमिन। त्यसै खेर गएका। आफू कृषि वन पद्धतिद्वारा भूमि सुधार गर्नुपर्छ, अनि हरियाली बढाई पशुपालनमा समेत व्यावसायिकतामा जानुपर्छ भनी सिकाउन गएको। तर त्यहाँ जाँदा लाग्यो- जमिन बाँझो छ। जताततै सुख्खा छ। हरियाली देख्न पनि गाह्रो। के खालान् यहाँका गाईवस्तुले ? कसरी पाल्ने होला गाईवस्तु ? भन्ने लाग्यो। पश्चिममा कर्णाली भनेझैं, पूर्वको कर्णाली त ओखलढुङ्गा हो कि जस्तो पनि कता कता लाग्यो।

कुन्तादेवीमा भएको जिल्ला भूमि अधिकार मञ्चको बैठकमा सामुदायिक भूमि सुधारका लागि कृषि वन गर्नुपर्ने कुरामा मञ्चका साथीहरूसँग छलफल गरेँ। भूमि सुधार गर्न बाँझो जग्गाको अधिकतम् सदुपयोग गर्ने, हरियाली बढाउने, खेतबारीका डिल र कान्लामा डाँलेघाँस र भइघाँस लगाउनुपर्ने विषयमा छलफल भयो। कृषि र वन (खेतीपातीसँग बोटविरूवा/डाँले र भुइघाँस) सँगै खेती गरेमा खाद्यान्नमा पनि बढोत्तरी हुन्छ र गाई वस्तु पनि सजिलै पाल्न सकिन्छ भन्ने विषयमा छलफल गरेपछि सबै जना कृषि वन पद्धतिद्वारा भूमि सुधार गर्नुपर्छ भन्नेमा एकमत भए।

> सामुदायिक भूमि सुधारमार्फत् खेती प्रणाली सञ्चालन गर्ने हो भने पनि बढ्दो बेरोजगारी कम गर्न सकिन्छ ।

च्यानमा हुने कार्यक्रमका लागि नाकै ठोक्किने उकालो चढेर गइयो। बाटोमा एकदमै सुख्खा जमिन देखियो। जताजतै सुख्खा। बस्ती पनि उजाड देख्दा कृषि वन पद्धतिका लागि उपयुक्त देखिन्थे। त्यही कुरा च्यानमा पनि छलफल गराएँ। किसानलाई बस्ती वरपर रहेको खाली जमिनको सही सदुपयोग गर्ने तरिका, करेसाबारीमा हरियाली बढाउने, बारीका कान्लाहरूमा कृषि वन पद्धतिद्वारा डालेघाँस लगाउन सकिने र यसबाट सजिलै पशुपालन गर्न सकिने विषयमा छलफल गरेपछि उनीहरूको उत्साह बढ्यो।

कटुन्जेमा गाउँ भूमि अधिकार मञ्चमा छलफल गर्दा ६४ किसान सहभागी थिए। उनीहरू पनि छलफलमा सहभागी भएपछि तुरून्तै व्यासायिक योजना बनाएर अघि बढ्ने भए। योजना पनि बनाए। कटुन्जेकै अर्को गाउँको उकालो बाटो लाग्दा पनि उही रोग देखियो। नाङ्गो पाखो भएकाले मलाई कृषि वन गरिदिए पनि हुन्थ्यो भन्ने लाग्यो। डाले घाँस, तरकारी खेती, फलफूल खेती, जडीबुटी खेतीका लागि उपयुक्त किसिमका ठाउँ देखिन्थे। जमिन उपयोगमा ल्याउन सके लाखौंलाख आम्दानी लिन सकिने सम्भावनाले लोभ्याइरहेको छ।

यात्रा रामेछापको सुरू भयो। यात्राकै क्रममा असिना पानी परेकाले बाटो धराप भयो। गाडीको यात्रा, लिक छाड्यो पाङ्ग्राले। झण्डै गएन ज्यान ? कति यात्री त गाडीबाटै फाल हाने।

ओखलढुङ्गाको भन्दा रामेछापमा केही फरकपन होला भन्ने लाग्यो। तर रहेछ उस्तै। भूमि सुधार गर्नुपर्ने क्षेत्र धेरै रहेछन्। रामेछाप गाविसमा भएको छलफलमा किसान उत्साहित भए र सामुदायिक भूमि सुधारको अभ्यास गर्नका लागि स्थानसमेत छनोट गरी योजना पनि बनाए।

अर्को दिन सुकाजोरमा भएको छलफलमा आएका किसानमा उहीखाले उत्साह देखियो। त्यहाँका किसानले जग्गाधनीले बेदखल गरेकाले ज्यादै समस्या परेको सुनाए। भएको जमिनमा तुरून्तै व्यावसायिक योजना बनाई भूमि सुधारको कार्य थालनी गर्ने अठोट पनि गरे।

अर्को दिन बन्द भनिएको थियो। आत्मनिर्भर केन्द्रका स्रोत संयोजक भोला बस्नेत, अन्जु अधिकारी र म थियौँ। हिँडेरै कटुन्जे गाउँमा पुगी छलफल चलायौं। त्यहाँका किसान कृषि वन पद्धतिद्वारा सामुदायिक भूमि सुधार गर्नका लागि कम्मर कसरे लाग्ने अठोट गर्न पछि परेनन्। धेरै थकान, बिहानको भोको पेट भएकाले सन्चो नहोला जस्तो भयो। खाना खान मन नै लागेन। खिम्ती बजारमा बसियो।

फिल्ड यात्रा सकी काठमाडौंतर्फ आउने क्रममा बाटोमा पाखा, पखेरा र डाँडाकाँडाहरूको उजाडपन देख्दा १५ लाख नेपाली युवा विदेशिएको याद आयो। नेपालमा यति धेरै सम्भावना भइकन पनि युवाहरू धमाधम किन विदेशिएका छन् ? अर्बौंअर्ब रकम खाद्यान्नका लागि विदेश गइरहेको छ। तर यहाँ कृषिको सम्भावनालाई कसैले चासो दिएको पाएका छैनौं। सामुदायिक भूमि सुधारमार्फत् खेती प्रणाली सञ्चालन गर्ने हो भने पनि बढ्दो बेरोजगारी कम गर्न सकिन्छ। अपुग खाद्यान्न बढोत्तरी गर्न सकिन्छ भने बाँझो र खाली पाखामा पनि हरियाली कायम भई कृषि तथा पशुपालन व्यवसायसमेत छाउँछ। तर कसले बुझ्ने यो कुरा ? कहिले बुझ्ने ? ●

# थाकलघारी गाउँ भूमि अधिकार मञ्च

## सङ्गठन नै हाम्रो एकता

धनुषामा २०६३ बाट भूमि तथा कृषि अधिकार आन्दोलन सुरू भयो। जिल्लामा ४४ गाउँ भूमि अधिकार मञ्च निर्माण भएका छन् । तीमध्ये यज्ञभूमि-८ थाकलघारी २०६६ साउन २४ मा निर्माण भएको हो । यो मञ्चमा भूमि अधिकारबाट वञ्चित ४१ परिवार सङ्गठित छन् । यो सङ्गठनले 'चुरे संरक्षण जनजीविका र भूमि अधिकार' अभियान सञ्चालन गर्दै आइरहेको छ ।

सिन्धुली, ओखलढुङ्गा र रामेछापलगायत्का जिल्लाबाट बाढी पहिरो जस्ता प्रकोपबाट सुकम्बासी भएकाहरू चुरे क्षेत्रमा २०५० सालमा आएका हुन् । यो ठाउँमा सरकारले बस्न दिँदैन भन्ने हल्ला चल्न थाल्यो । ऐलानी जमिनमा बस्दै आएकाले खोसिने डर र त्रासका साथ बस्ती बस्दै आएको थियो । कहीले उठाउने हो भन्ने चिन्ता सधैँ हुन्थ्यो तर गाउँमा जब भूमि अधिकार मञ्च गठन भयो, तब सबै एकै ठाउँमा सङ्गठित भए, त्यसपछि कसरी सुरक्षित रहने, कसरी आफ्नो अधिकारका लागि लडाइँ गर्ने भन्ने विषयमा छलफल हुँदै गएपछि सङ्गठनमा एकता कायम भएको छ ।

गाउँ मञ्चको छलफल तथा सक्रियतामा १० रूपियाँबाट आन्दोलन कोष उठाउन सुरू भयो । देउसी भैलो खेली, बाँझो जग्गामा तिल लगाउने र त्यसबाट भएको आम्दानी आन्दोलन कोषमा राखी १ लाख ६१ हजार ८ सय ५ रूपियाँ जम्मा भइसकेको छ । सङ्गठनकै सक्रियता र लगानीमा समुदायमा खानेपानीको इनार निर्माण भएको छ, जसले गाउँका धेरैलाई खानेपानीको समस्या टारेको छ । सङ्गठनको सक्रियताबाट जिल्ला भू-संरक्षण कार्यालयबाट थप १ ठाउँमा इनार बनाउन सहयोग भयो । आन्दोलनलाई अझ बलियो बनाउन हरेक महिनाको ३ गते बैठक हुन्छ र विभिन्न विषयमा छलफल हुन्छ ।

'सङ्गठन नै एकता र एकता नै बल हो' भन्ने बुझाई सबै सदस्यमा छ । मञ्चबाटै हिँड्ने बाटो मर्मत तथा निर्माण गरिएको छ । मञ्चकै सक्रियतामा झुपडीमा सञ्चालन भइरहेको विद्यालयमा जस्ता र टायलको छाना राखी बनाइएको छ । मञ्चमा सङ्गठित महिलाले कृषि सहकारी गठन गरेका छन् । २७ जना सेयर सदस्य रहेका सहकारीमा १२ हजार रूपियाँ जम्मा भइसकेको छ । अगुवाहरू जिल्ला तथा राष्ट्रिय स्तरमा हुने अभियान तथा आन्दोलनका कार्यक्रमहरूमा सक्रियरूपमा सहभागी भइरहेका छन् । अगुवाहरूले अभियानमा हिँड्दा सिकेका नयाँ कुरा सङ्गठनमा छलफल गर्ने अभ्यास गरेका छन् । गाउँ भूमि अधिकार मञ्च र कृषि सहकारीको संयुक्त पहल र आफ्नै मेहनतले भूमि घर निर्माण गरिएको छ। बाँझो जग्गा खोजी गरी १३ कट्ठा ऐलानी र १७ कट्ठा व्यक्तिगत (वार्षिक ६ हजार भाडा तिर्नेगरी) सामूहीक मकै खेती सुरू गरिएको छ ।

अरूले चुरे विनासकारी भने पनि असल अभ्यास देखाउन वरिपरिको खोल्सीको दायाँबायाँ सुख्खा ठाउँमा रूख बिरूवा लगाई भू-संरक्षण कार्य पनि सुरू गरिएको छ । हामी प्रकृतिका विनासकारी होइनौँ, प्रकृतिका संरक्षणकर्मी हौं भन्ने सन्देश दिने अठोट मञ्चमा सङ्गठित सदस्यले लिएका छन् ।

# हरियाली गाउँ भूमि अधिकार मञ्च

## 'भूमि घरबाट होमस्टेसम्मको सोच'

कैलालीको टीकापुर-९ का बाढीपिडित ८७ परिवार हरियाली भूमि अधिकार मञ्चमा सङ्गठित छन् । उनीहरू आफूसँग भएको जग्गा र घर कर्णाली नदीले बगाएपछि विस्थापित भएर नगर विकास समितिको नाममा रहेको साढे ६ बिघा बाँझो जग्गामा छाप्रो हालेर शिविरमा बसेका छन् । शिविरमा बस्दा मान्छेले मात्र नभई सर्प बिच्छीले पनि दुःख दिन गरेको बासिन्दाको गुनासो छ ।

मञ्चमा सङ्गठित भूमि अधिकारबाट वञ्चितहरू गाउँ, जिल्ला र राष्ट्रियस्तरमा भएका कार्यक्रममा समेत सहभागी भएका छन् । जसले गर्दा सङ्गठनमा छलफल गर्न, अधिकार दाबी गर्न उनीहरूमा क्षमता बढेको छ ।

सङ्गठनलाई नमुना बनाउने अठोट गरी बस्ती व्यवस्थापन गर्ने निर्णय गरे उनीहरूले । मनपरी ढङ्गले राखिएका छाप्रा हटाए । जग्गा नापेर ८७ परिवारलाई समान हुनेगरी बाँडे । राम्रो जग्गा भाग पर्नेलाई १ कट्ठा र कमसल जग्गा पर्नेलाई २ कट्ठा दिने निर्णय गरे । यसले सङ्गठनभित्र कसैलाई अन्याय भएन । बस्तीभित्र मोटर जानसक्ने बाटो, धारा र सामूहिक खेतीका लागि पनि जग्गा छुट्याए । सबै मिलेर व्यवस्थितरूपमा भूमि घर बनाए ।

भूमि घर निर्माणका लागि काँचो ईँटा बनाउने र माटो निकालेको ठाउँमा पोखरी बनाई माछा पाल्ने र बस्तीभित्र रहेको खाली जग्गामा सामूहिक खेती गर्ने काम पनि सङ्गठनले गरिरहेको छ। अघिल्लो वर्ष बाझो रहेको २ कठ्ठामा हल्दी खेती गर्दा १० हजार ५ सय रूपियाँ आम्दानी भयो । अहिले ३ कठ्ठामा करेला र बोडी लगाइएको छ । शिविरभित्रको खाली जग्गामा सामूहिक खेती गरी सङ्गठनमा कोष बढाउने र व्यक्तिगत जग्गामा खेती गरी जीविका चलाउने काम मञ्चमा सङ्गठित सदस्यले गरिरहेका छन् । सङ्गठनभित्रै सांस्कृतिक टीम छ, जसले अभियान हुँदा सांस्कृतिक प्रस्तुतिसमेत गर्ने गर्छ ।

प्रत्येक महिना ४ पटक भूमि सिकाइ केन्द्र चल्छ । आन्दोलन कोषका लागि मासिक ५ रूपियाँ सङ्कलन गर्ने गरिएको छ । हालसम्म सामूहिक खेती, मासिक बचतबाट सङ्कलन भएको र कमले भूमि घर बनाउनुका साथै खानेपानीका लागि धारा निर्माण भएको छ । २५ हजार रूपियाँ सङ्गठनको कोषमा छ ।

हाल बसिरहेको जमिन नापी गरी लालपूर्जा उपलब्ध गराउन नगर विकास समिति र अन्य सरोकारवाला निकायमा दबाब दिने, व्यावसायिकरूपमा माछापालन र तरकारी खेती गरी आय वृद्धि गर्ने, भूमि घरलाई गाउँ तहको स्रोत केन्द्र र होमस्टेका रूपमा विकास गर्ने योजनासमेत मञ्चको छ ।

# राष्ट्रिय भू-उपयोग नीति, २०६९

भूमिको दिगो उपयोग र प्रभावकारी व्यवस्थापन गर्ने विषयलाई मार्गदर्शन गर्न सरकारले २०६९ वैशाख ४ गतेदेखि भू-उपयोग नीति कार्यान्वयनमा ल्याएको छ । २०७९ भित्र देशको सम्पूर्ण भूमिलाई बनौट, क्षमता, उपयुक्तता र आवश्यकताका आधारमा वर्गीकरण गर्ने लक्ष्य नीतिमा समेटिएको छ । यस्तो कार्य नगरपालिका, जिल्ला सदरमुकाम, नगरोन्मुख गाविस र मुख्य सडक आसपासका क्षेत्रमा भने ५ वर्षभित्र पूरा गरिने योजना छ ।

**मुख्य व्यवस्थाहरू**

भूमि तथा भूमि स्रोतको महत्व उपयोगका लागि भूमिलाई (क) कृषि क्षेत्र (ख) आवासीय क्षेत्र (ग) व्यावसायिक क्षेत्र (घ) औद्योगिक क्षेत्र (ङ) वन क्षेत्र (च) सार्वजनिक उपयोगको क्षेत्र र (छ) आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्र गरी वर्गीकरण गरिने उल्लेख छ । जसअनुसार तोकिएको वर्गीकरणको आधारमा मात्र भूमिको उपयोग गर्न पाइनेछ ।

कृषि क्षेत्र भन्नाले कृषि उत्पादन (अन्न बाली, नगदे बाली, बागवानी आदि) पशुपालन, मत्स्यपालन, निजी जग्गामा भएका वृक्षारोपण वा वनबाटिकासमेत भएका वा हुनसक्ने जग्गालाई जनाउँछ ।

बसोबास क्षेत्र भन्नाले मानिसले बासस्थानका लागि प्रयोग गरेका घर रहेका जग्गालाई जनाउँछ र सो शब्दले घरसँग जोडिएको वा नजोडिएको भए तापनि गोठ, भकारी, ग्यारेज, तवेला, इनार, फलफूल बगैंचा, करेसाबारी, आँगन वा त्यस्तै अरू कुनै काममा प्रयोग गरिएको जग्गासमेत जनाउनेछ । यो शब्दले कुनै निश्चित क्षेत्रलाई सरकारले बसोबासका लागि घोषणा गरी तोकेको क्षेत्रसमेत जनाउनेछ ।

व्यावसायिक क्षेत्र भन्नाले पसल, होटेल, प्रदर्शनी कक्ष, पेट्रोल पम्प, गोदाम, सिनेमा घर वा स्वास्थ्य, सञ्चार वा मनोरञ्जनसम्बन्धी सेवा वा वस्तुको खरिद बिक्री हुने स्थान वा कुनै साहित्यिक, वैज्ञानिक वा प्राविधिक सेवा, सूचना तथा परामर्श उपलब्ध गराउने संस्था वा अन्य कुनै व्यावसायिक प्रयोजनका लागि निर्माण गरिएका घरले चर्चेका जग्गा तथा सो प्रयोजनका लागि छुटयाइएका जग्गा तथा पर्यटकीय क्षेत्रले चर्चेका जग्गासमेत जनाउँछ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा बजार विस्तार तथा नयाँ शहर निर्माण गर्नेगरी सरकारले घोषणा गरी तोकेको क्षेत्रसमेत जनाउनेछ ।

औद्योगिक क्षेत्र भन्नाले कुनै पनि कार्यस्थल (वर्कसप) वा वस्तु उत्पादन गर्ने उद्योग तथा सो सञ्चालन गर्ने प्रयोजनका लागि रहेका घर, टहराहरूले चर्चेका जग्गालगायत् सो प्रयोजनका लागि छुटयाइएका जग्गा जनाउँछ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा उद्योग प्रबर्द्धन गर्ने उद्देश्यले सरकारले घोषणा गरी तोकेको विशेष आर्थिक क्षेत्रसमेत जनाउनेछ ।

वन क्षेत्र भन्नाले पूर्ण वा आंशिकरूपमा रूख तथा वनस्पतिले ढाकेको, माथि उल्लिखित कुनै क्षेत्रअन्तर्गत नपर्ने सरकारी, सामुदायिक, कबुलियतीलगायत् सबै प्रकारका वन्य क्षेत्र जनाउँछ । यो शब्दले कुनै निश्चित भौगोलिक क्षेत्रमा वन विस्तारका लागि सरकारले घोषणा गरी तोकेको क्षेत्रसमेत जनाउनेछ ।

सार्वजनिक उपयोगको क्षेत्र भन्नाले स्कुल, कलेज, छात्रावास, धर्मशाला, धार्मिक क्षेत्र, अन्त्येष्टिस्थल, इनार, कुवा, चौतारी, पाटी, पौवा, गौशाला, उद्यान, बसपार्क, एयरपोर्ट, गौचर तथा अन्य सार्वजनिक उपयोगका लागि निर्माण गरिएका घर, टहरा, स्थान तथा ती स्थानले चर्चेका जग्गा जनाउँछ । भूमिको खण्डीकरणलाई व्यवस्थित गर्न तथा योजनाबद्ध शहरीकरणलाई प्रोत्साहित गर्न कृषि भूमिको चक्लाबन्दी तथा विकास निर्माणका लागि जग्गा प्राप्त गर्न व्यवस्थित जग्गा एकीकरणको अवधारणा लागु गरिनेछ । तोकिएको मापदण्ड विपरीत प्राकृतिक स्वरूपमा परिवर्तन हुनेगरी गरिने भूमिको उपयोगलाई निरूत्साहित गरिनेछ ।

- विकास र वातावरणबीच सन्तुलन कायम राख्न शहरी क्षेत्रमा न्युनतम् हरित तथा खुला क्षेत्र निर्धारण गरिनेछ । भूमि, वातावरण र विकासबीच सन्तुलन कायम राख्दै जैविक विविधताको संरक्षण तथा सम्बर्द्धन गरिनेछ ।
- उपयोगका आधारमा जग्गाको न्युनतम् मूल्याङ्कन तथा करको दर निर्धारण गरिनेछ । तोकिएको प्रयोजनमा जग्गाको उपयोग नगर्ने प्रवृतिलाई निरूत्साहित गर्न थप कर लगाउनुका साथै राज्यबाट उपलब्ध गराइने सेवा/सुविधामा समेत कटौती गरिनेछ ।
- भूमिको वर्गीकरण गर्नेसम्बन्धी नीति कार्यान्वयनमा ल्याउन भू-बनौट, क्षमता र उपयुक्तता, मौजुदा भू-उपयोग, आवश्यकता आदिलाई आधार बनाइनेछ ।
- मनासिव कारणले भूमिको उपयोगमा परिवर्तन गर्नुपर्ने भएमा नीतिगत तथा संस्थागत व्यवस्था गरी सोको स्वीकृतिबाट मात्र गर्न सकिने व्यवस्था गरिनेछ । आवश्यक प्रक्रिया नपुर्‍याई जमिनको उपयोगमा परिवर्तन गरेको पाइएमा साविककै उपयोगमा ल्याइनुका साथै कानुनबमोजिम दण्ड सजाय गरिनेछ ।
- कृषि पेशालाई व्यवसायीकरण गर्न व्यावसायिक खेती, सहकारी खेती, करार खेती जस्ता खेती प्रणाली अवलम्बन गर्न प्रोत्साहन गरिनेछ ।
- मनासिव कारणबेगर ३ वर्षसम्म कृषि क्षेत्रमा पर्ने जग्गा वा अन्य प्रयोजनका लागि निर्णय गराई उपयोगमा नल्याइएको बाँझो कृषियोग्य जग्गालाई कानुनबमोजिम राज्यले प्राप्त गरी तोकिएको सार्वजनिक हितको कार्यमा लगाउन सक्नेछ ।
- कृषि उपयोगको वर्गीकरणमा परेको जमिनमा खेती नलगाउने जग्गाधनीलाई सरकारले दिने अनुदान, सुविधा र सहयोग कटौती गरी थप कर लगाउन सक्नेछ ।
- उपयोगका आधारमा जग्गाको न्युनतम् क्षेत्रफल तोकी सोभन्दा सानो टुक्रामा जग्गाको खण्डीकरण गर्न नपाउने व्यवस्था गरिनेछ ।
- स्थानीय निकायको समेत साधन स्रोत परिचालन गरी शहरी क्षेत्रमा आवश्यक मात्रामा खुल्ला क्षेत्र, पार्क, उद्यान, खेल मैदान, मनोरञ्जन स्थल आदिको विकासमा जोड दिइनेछ ।
- पहाडी क्षेत्रमा सडक विस्तार गर्दा पर्यावरणको संरक्षणलाई मध्यनजर गरी सुरूङ मार्ग वा रज्जु मार्ग निर्माणलाई प्रोत्साहन गरिनेछ ।

- नदीनालाहरूको प्राकृतिक बहाव, सीमा र मापदण्डलाई असर पर्नेगरी भूमिको प्रयोग गर्न नपाइने व्यवस्था मिलाइनेछ । तर मुलुकलाई ठूलो लाभ पुग्ने विकास-निर्माणका कार्यहरूका लागि योजना बनाई कार्यान्वयन गर्न यस प्रावधानले बाधा पुऱ्याएको मानिने छैन ।
- ताल-तलैया, सरकारी, सार्वजनिक पोखरी जस्ता सीमसार क्षेत्रहरूको सीमा अतिक्रमण नहुने तथा गुणस्तरमा ह्रास नहुनेगरी यसको प्राकृतिक उपयोग र पर्यटन प्रवर्धनको कार्यमा बाहेक अन्य प्रयोजनमा उपयोग गर्न नपाइने व्यवस्था मिलाइनेछ ।
- सरकारी सार्वजनिक जग्गाको संरक्षण तथा सदुपयोग गर्न यस्ता जग्गाको यथार्थ अभिलेख तयार गरी सोको कार्ययोजना बनाई कार्यान्वयन गर्न अधिकार सम्पन्न स्थायी संयन्त्र बनाइनेछ । यस्ता जग्गा कुनै पनि सङ्घ/संस्था वा व्यक्तिलाई भोगाधिकार दिइने छैन तथा यी जग्गाको संरक्षण र उपयोग गर्ने सम्बन्धमा स्थानीय निकायलाई समेत जिम्मेवार बनाइनेछ ।
- भू-उपयोग नीति कार्यान्वयनमा ल्याउनका निम्ति विभिन्न तह (केन्द्र, जिल्ला, नगरपालिका वा गाविसस्तर) मा भू-उपयोग योजनाहरू तर्जुमा गरिनेछन् ।
- घर-घडेरीवापत तोकिएको सङ्ख्या तथा क्षेत्रफलभन्दा बढी जग्गा राख्ने प्रवृत्तिलाई निरूत्साहित गर्न त्यस्तो बढी सङ्ख्या वा क्षेत्रफलको जग्गामा बढी भूमि कर लगाइनेछ ।
- खाद्य सुरक्षाको प्रत्याभूतिका लागि कृषि प्रयोजनका लागि उपयोग भएको भूमिमा कर सहुलियत दिइनेछ । अन्य क्षेत्रका हकमा उपयोग र लाभसमेतका आधारमा कर लगाइनेछ ।
- उचित उपयोगमा नरहेको सरकारी, सार्वजनिक तथा गुठी जग्गालाई आवश्यकताअनुसार सार्वजनिक हितमा प्रयोग गरिनेछ ।
- उपयोगमा नआएका जमिनलाई व्यावसायिक खेती, पर्यटन प्रवर्धन, मनोरञ्जन स्थल, खेलकुद स्थल आदिका रूपमा उपयोगमा ल्याउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

## संस्थागत संरचना

भू-उपयोग नीति कार्यान्वयनका लागि प्रभावकारी सङ्गठन-संरचना आवश्यक हुने भएकाले केन्द्रमा भू-उपयोग परिषद्को गठन र भू-उपयोग व्यवस्थापन विभागको गठन तथा स्थानीयस्तरमा जिल्लास्तरीय भू-उपयोग कार्यान्वयन समिति र गाविस वा नगर पालिकास्तरीय भू-उपयोग कार्यान्वयन समिति गठन गरिनेछ ।

## गाविस वा नगरपालिकास्तरीय भू-उपयोग कार्यान्वयन समितिको गठन

गाउँ विकास समिति वा नगरपालिकास्तरमा भू-उपयोग योजना निर्माण तथा कार्यान्वयनमा प्राविधिक सहयोग तथा परामर्श प्रदान गर्न गाउँ विकास समिति वा नगरपालिकामा भू-उपयोग कार्यक्रम कार्यान्वयन गर्न देहायअनुसारको समिति गठन गरिनेछ ।

प्रमुख, गाउँ विकास समिति /नगरपालिका - अध्यक्ष

सम्बन्धित वडाको अध्यक्ष - सदस्य

सम्बन्धित गाउँ विकास समिति/नगरपालिका हेर्ने कृषि प्राविधिक - सदस्य

सम्बन्धित गाउँ विकास समिति /नगरपालिका हेर्ने वन प्राविधिक - सदस्य

सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको वडा हेर्ने मालपोत कार्यालयको कर्मचारी - सदस्य

सम्बन्धित गाउँ विकास समिति/नगरपालिकाको वडा हेर्ने नापी कार्यालयको कर्मचारी - सदस्य

स्थानीय बुद्धिजीवीमध्ये गाउँ विकास समिति/नगरपालिकाबाट मनोनीत कम्तिमा १ जना महिलासहित २ जना - सदस्य

गाउँ विकास समितिको सचिव/नगरपालिकाको योजना शाखा प्रमुख - सदस्यसचिव

स्थानीयस्तर (नगरपालिका वा गाउँ विकास समिति) मा भू-उपयोगसम्बन्धी कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी सोही निकायको रहनेछ । स्थानीयस्तरमा भू-उपयोगसम्बन्धी कार्यक्रम सञ्चालन गर्न तथा स्थानीयस्तरको भू-उपयोग कार्यान्वयन समितिलाई भू-उपयोग नक्सा तयार गर्ने, भू-उपयोग योजना तर्जुमा गर्ने सन्दर्भमा प्राविधिक सहयोग आवश्यक परेमा जिल्लास्थित सम्बन्धित नापी कार्यालयले सो उपलब्ध गराउनेछ । सो क्रममा नापी कार्यालयलाई आवश्यक पर्ने साधन स्रोतको व्यवस्था सम्बन्धित निकायले नै गर्नुपर्नेछ ।

| | | |
|---|---|---|
| गाविस वा नगर पालिका | ❑ भू-उपयोगका सम्बन्धमा स्थानीय जनताको चाहना, आकाङ्क्षा तथा धारणाहरू एकीकृत गर्ने<br>❑ भू-उपयोग योजनाको कार्यान्वयनका क्रममा देखिएका समस्याहरू समाधान गर्ने<br>❑ भू-उपयोग योजनालाई कार्यान्वयनमा ल्याउन आवश्यक निर्णय लिने<br>❑ भू-उपयोग योजना-निर्माण तथा कार्यान्वयन-प्रक्रियामा सम्बन्धित सबै सरोकारवालालाई सहभागी गराउने<br>❑ भू-उपयोग योजनाको कार्यान्वयनका सम्बन्धमा आवश्यक पर्ने निर्देशन, सहयोग आदिका लागि माथिल्लो निकायमा अनुरोध गर्ने<br>❑ भू-उपयोग क्षेत्र परिवर्तनका लागि माथिल्लो निकायमा सिफारिस गर्ने | गाविस वा नगरपालिका कार्यालय, गाविस / नपास्तरीय भू- उपयोग कार्यान्वयन समिति |

स्रोत : राष्ट्रिय भूउपयोग नीति २०६९, नेपाल सरकार, भूमि सुधार तथा व्यवस्था मन्त्रालय



■ सुभद्रा ढकाल

# सङ्घर्षशील अगुवाको कथा

इचोक-३, सिन्धुपाल्चोकका नवराज गुरागाईंको जीवनका २० वर्ष भूमि आन्दोलनमा लागेर बित्यो । जागिर खाएको भए पेन्सन भइसक्थ्यो तर त्यसले मुक्ति दिँदैनथ्यो भन्ने उनले बुझे र अन्याय र अत्याचार विरूद्ध लड्ने अठोट गरे । उनलाई आफू र अघिल्ला पुस्ताले दुःख पाए पनि पछिल्लो पुस्ताले सुख पाउनुपर्छ भन्ने लाग्यो र भूमि अधिकार आन्दोलनमा उत्रने अठोट गरे ।

जतिबेला उनी १८ वर्षका थिए, खेतीमा लगाएको अन्नबाली उठाउन पनि मालिकको आदेश लिनुपर्थ्यो । अन्नबाली भित्र्याउन मालिकको निर्णय कुर्नुपर्ने अवस्था थियो । पालेको वस्तुभाउ बिक्री गर्न नपाउने । कुन बेला गाउँ छाडेर भाग्नुपर्ने हो भन्नेसमेत थाहा हुन्नथ्यो- उनले भने । उनैका अनुसार 'त्यतिबेला घरघरमा आएर गुण्डागर्दी गर्ने, पुलिस/प्रशासन पनि उनीहरूकै हातमा हुन्थे । उत्पादनको हिस्सा काम गर्नेले भन्दा साहूले बढी लिन्थे । त्यति धेरै बाली बुझाउँदा पनि भर्पाइ भने केही दिँदैनथे । भर्पाइको कुरा गर्दा खेत कमाउने अधिकार छैन भन्दै थर्काउने र कुट्नेसम्म गरेको उनले सुनाए ।

२०४९ सालमा साहूसँग भनाभन भएको दिनको घटना सम्झँदै उनी भन्छन्- 'राति घरमा आएर दाइको घाटीमा समात्यो । मैले छुट्याएँ । उसले झ्याल ढोका फोरेर घरमा बस्न दिन्न भन्यो । त्यसको भोलिपल्ट सबै मोहीलाई कुट्दै हिँड्यो । हामीले पनि अन्याय र अत्याचार सहनु ठीक हुँदैन भनी प्रतिवाद गऱ्यौं । त्यसपछि केही गर्न भने सकेन ।' २०५१ सालमा सङ्गठितरूपमा भूमि अधिकार अभियान उठेको र सामुदायिक आत्मनिर्भर सेवा केन्द्रले यो अभियानको खुट्टा टेकाउने काम गरेको नवराज बताउँछन् । जनयुद्ध कालमा माओवादीले भूमि आन्दोलन भनेको हामीले उठाउने आन्दोलन हो भन्दै धम्क्याउने गरेका थिए रे । सङ्गठितरूपमा भएको आन्दोलनको प्रभावले सरकारले जिल्लाका १८ गाविसमा रहेको गुठी जग्गाको मोही पूर्जा दिने निणर्य गरेको पनि उनले बताए ।

अर्को एउटा घटना सुनाउँदै नवराज भन्छन्- 'सरकारले जग्गा दिने निर्णय गऱ्यो, हामी खुसी भयौं । गाउँमा जग्गा नापजाँच गर्न ल्याएको अमिनलाई माआवादीले राति अपहरण गरेर लगेछन् । हामी खोज्न जाँदा गाउँको एउटा घरमा लगेर राखेका रहेछन्, अमिन फिर्ता गर्न माओवादीलाई ३ हजार तिर्नुपऱ्यो । त्यसपछि इचोक गाविसमा मात्र १२० किसानले लालपूर्जा पाए ।' निरन्तरको आन्दोलनमा सहयोगी संस्थासँग हातेमालो गरेर अठोटका साथ हिँड्दा सफल हुँदोरहेछ भन्ने सिकाई उनमा भएको छ । जिल्लामा ८/९ हजार किसानले अभियानमा लागेर अधिकार प्राप्त गरिसकेका छन् । आन्दोलन सफल बन्दै गइरहेको नवराज बताउँछन् । ●

## मोही किसानले हक पाए

जिल्ला भूमि अधिकार मञ्च सिन्धुपाल्चोकले गरेको मोही किसानको हक प्राप्तिको अभियानपछि किसानले मोही हक पाएका छन् । कुन्चोक-२ का फूलमाला हमाल, जसोदा हमाल, सम्झना हमाल र तिलकबहादुर हमालले मोही हक पाएका छन् । उनीहरूले प्रतिघर १ रोपनी ११ आना जग्गा प्राप्त गरेका छन् ।

पाल्चोक गाउँ भूमि अधिकार मञ्चका सदस्य शमशेर खड्काले ४ रोपनी ८ आना जग्गा मोही हक प्राप्त गरेका छन् ।

गैरीथोक भूमि सिकाई केन्द्रमा सङ्गठित काले तामाङ, आइती तामाङ र सुकवीर तामाङले जग्गाधनी पेम्बा छिरिङ लामा र ज्याम्लिङ लामाबाट ६ रोपनी जग्गामा मोही हक पाएका छन् । गैरीथोक भूमि सिकाई केन्द्रले ५ वर्षदेखि कुत रोकेर भपाई माग गरेपछि ६ पुस्तादेखि कमाउँदै आएको जग्गाको मोही हक उनीहरूले प्राप्त गरेका हुन् ।



# अध्ययन लेखन कार्यशाला

सामुदायिक आत्मनिर्भर सेवा केन्द्र, स्रोत केन्द्र ५ को आयोजनामा सिन्धुपाल्चोक मेलम्चीघ्याङ, हेलम्बूमा सिकाई तथा अध्ययनशाला आयोजना भयो । वैशाख २७ देखि ३१ गतेसम्म आयोजित अध्ययनशालामा रसुवा, नुवाकोट र सिन्धुपाल्चोक जिल्लाका २३ जना सहभागी थिए ।

भूमि तथा कृषि अधिकार आन्दोलनको २०६९ पुसमा भएको राष्ट्रिय समीक्षामा उत्कृष्ट कार्य गर्ने स्रोत केन्द्रहरूलाई दिइएको ६० हजार प्रोत्साहन रकमबाट अध्ययनशाला आयोजना गरिएको थियो । अध्ययनशालामा सहभागीले अध्ययनपछि लेखेका केही सामग्री यस अङ्कमा छापिएको छ ।

## दैनिकी



■ सुमित्रा तामाङ

२९ वैशाख, २०७० आइतबार

आज मेलम्ची घ्याङको अध्ययनशालामा आएको तेस्रो दिन, बिहान ५.३० मा उठियो । बिहान उठ्दा वातावरण एकदम चिसो थियो । शायद बेलुकी असिना र पानी धेरै परेकाले पनि हुन सक्छ । सधैंको झैं नृत्यकर्म सकी बिहानको नास्ता खाइयो । त्यसपछि सबैले पालैपालो हिजोको सिकाईलाई एक अर्कामा अदान-प्रदान गर्‍यौं । अघिल्लो दिनको झैं व्यक्तिगत अध्ययनका लागि किताब लिएर पढ्न बसें । सेतो हिमालको काखमा रहेको शीतल अनि सुन्दर चौरमा बसेर स्वच्छ वातावरणमा राजेन्द्र दाहाल सम्पादनको 'कर्मनिष्ठहरूको आत्मकथा, मेरो जिन्दगी मेरो विश्वास' किताव पढें । विभिन्न व्यक्तिहरूको सङ्घर्ष र सफलताका कथा थिए । जुनसुकै चुनौतीलाई पनि निरन्तर प्रयत्न र अभ्यास गरेमा सफलताको विन्दुमा पुग्न सकिन्छ भन्ने सिकाइ यस पुस्तकबाट पाएँ । जीवनका सफलता/असफलता यसमा समेटिएका छन् । सफल हुनका पछाडि पनि विभिन्न आयाम हुँदारहेछन् । ठूला मानिस त्यसै सफल भएका होइन रहेछन्, जसको जीवनमा पनि सङ्घर्ष र दुःख भन्ने कुरा आउँदा रहेछन् भन्ने प्रेरणादायी कुरा पुस्तकमा समेटिएका छन् । जुन कुरा हामी अभियानकर्मीले पढ्नैपर्ने छ ।

२ देखि ४ बजेसम्म मेलम्ची घ्याङ माध्यमिक विद्यालयमा गयौं । विद्यालयका शिक्षक/शिक्षिकासँग परिचय भयो । प्रअ पूर्ण गौतमले विद्यालयका सङ्घर्षको कुरा सुनाउनुभयो । लालपूर्जामा विद्यालयको नाममा भएको जग्गा फिल्डबुकमा नभएका कारण गुठी संस्थानसँग मुद्दा परेको र समस्यामा परेको कुरा उहाँले सुनाउनुभयो । विद्यालयको वातावरण राम्रो थियो । भित्तामा राखिएको बोर्डमा सुन्दर अक्षरमा लेखिएका कविता, प्रेरक व्यक्तिहरूको जीवनी, सन्देशमूलक भनाईहरू ज्यादा राम्रा देखिन्थे र उत्तिकै ज्ञानबर्द्धक पनि । अझ राम्रो त विद्यालयको होस्टलको वातावरण लाग्यो । कति राम्रोसँग सरसफाई गरिएको । बालमैत्री वातावरणको लाग्यो । हाम्रो गाउँठाउँमा पनि यस्तै गर्न पाए हुने भन्ने पनि लाग्यो ।

त्यसपछि पुनः बिहान पढेको किताबको सिकाईलाई सारांश गरी आदान-प्रदान गरें । भोलिका लागि ४ समूह विभाजन भयो । गीत, नाटक, नारा र कविताको छुट्टाछुट्टै समूह बन्यो । सबैले आ-आफनो समूहमा छलफल गर्‍यौं र भोलिका लागि प्रस्तुति तयार गरियो । खाना खाएपछि सुत्यौं ।

## अगुवाले अध्ययन किन गर्ने ?

१. परिवार, समाजलाई विश्लेषण गर्ने क्षमता विकास गर्न अध्ययन गर्नुपर्छ । नराम्रो संस्कार छाड्दै जाने र राम्रा संस्कार अनुकरण गर्न । नयाँ विषयवस्तुको जानकारी लिन र व्यावहारिक जीवनमा परिवर्तन ल्याउन ।

२. अध्ययनले हाम्रो सोच, विचार र व्यवहारमा फर कपन ल्याउँछ । जस्तो- महिला र पुरूषमा भएको असमानता, छुवाछुत, धनी र गरिबबीचको असमानता, प्राकृतिक स्रोतको असमान वितरण, छोरीलाई अंश नदिने कुरा मानिसले बनाएको नियम हो । यी कुरा परवर्तन गर्न सम्भव छ भन्ने ज्ञान अध्ययनले दिन्छ ।

३. कुनै मुद्दा वा सवाललाई छिनाफनो गर्नका लागि परिवेश र कानुन अध्ययन जरूरी हुन्छ । सही समाधानले अगुवाको

पहिचान दिलाउँछ । अरूलाई पनि परिवर्तनको बाटो देखाउँछ ।

४. अध्ययनले अगुवालाई सक्षम बनाउँछ । नयाँ विषयवस्तु र अन्य ठाउँमा भएको परिवर्तनको ज्ञान व्यवहारमा उतार्न सहयोग पुर्‍याउँछ । जस्तै- विदेशी मुलुक जापान, चीन, ताइवान, कोरिया जस्ता देशमा भूमि सुधार कसरी भयो र भूमि सुधारपछि विकास कसरी भयो भन्ने विषयको ज्ञान र सिकाइ लिन अध्ययन जरूरी छ ।

५. अध्ययनले समयको सदुपयोग गराउँछ । खराब आचरणबाट टाढा राख्छ । अगुवाको विश्लेषण गर्ने र अरूलाई बुझाउन सक्ने क्षमता बढाउन मद्दत पुर्‍याउँछ । तनावबाट पनि मुक्त गराउँछ ।

६. समस्या आउँदा र अप्ठ्यारो पर्दा आत्तिने, दुःखी हुनेभन्दा विकल्प र समाधानतर्फ सोच्न सक्ने बनाउँछ ।

७. अध्ययनले अगुवालाई व्यावहारिक र आत्मनिर्भर बनाउँछ । सङ्गठनका अन्य सदस्यलाई सीप र ज्ञान अदान-प्रदान गर्न मद्दत पुर्‍याउँछ ।

## कस्ता पुस्तक अध्ययन गर्ने ?

१. समस्या, बाधा, अड्चन, फुकाउँदै अगाडि बढेकाको जीवनी ।

२. सामाजिक आन्दोलन र त्यसका सफलताका कथा ।

३. प्राकृतिक स्रोत (भूमि, वन र पानी) सँग सम्बन्धित नीति, ऐन, कानुनका पुस्तक ।

४. भूमि सुधारसम्बन्धी ऐतिहासिक र वैदेशिक दस्तावेजहरू ।

५. महिलामाथि हुने हिंसाविरूद्धको अभियान र सफलताका पुस्तक, लेख रचना र विचार ।

६. असली भूमि सुधार भएका देशका पुस्तक ।

७. व्यक्तिको जीवनमा सरलता ल्याउने पुस्तक ।

८. राजनीतिक दलका घोषणपत्र, भूमि आयोगका प्रतिवेदनहरू

९. देशको कानुन, संविधानका दस्तावेजहरू

१०. वर्ग सङ्घर्ष र वर्ग विश्लेषण ।

११. समाजको परिवेश (न्याय र अन्याय) झल्काउने पुस्तकहरू

१२. प्राकृतिक स्रोत साधनमाथिको अधिकार बढाउनेखालका ज्ञानबर्द्धक पुस्तकहरू ।

## के दियो सामूहिक अध्ययनले ?

- सामूहिक अध्ययन गर्दा विषयवस्तुमा गहिरिने कुराले प्रेरित गर्‍यो । यस्तो अध्ययनलाई सङ्गठनमा पनि अभ्यासका रूपमा प्रयोग गर्न सकिन्छ । यसले सङ्गठनको बैठक रसिलो र रचानात्मक बनाउँछ । अक्षर चिन्नेले मात्र हैन, नपढ्नेलाई पनि पढाउनुपर्छ । स्वअध्ययन भन्दा सामूहिक अध्ययनले धेरैलाई एकै पटक ज्ञान दिन सकिन्छ ।
- लेखनलाई निरन्तरता दिनुपर्छ । दैनिक डायरी लेख्दा जीवनको दस्तावेज तयार हुन्छ । लेखबाट जीवन सङ्गाल्न सकिन्छ ।
- सामूहिक अभ्यास मात्र गरियो तर अध्ययनलाई सङ्गठन, भूमि सिकाइ केन्द्रमा पनि पठाउन सकिन्छ । किनकि यो महत्वपूर्ण सामग्री हो ।
- स्वअध्ययनमा भन्दा सामूहिक अध्ययनबाट जाँगर बढ्ने रहेछ । बुझाई बढाउन सकिने रहेछ ।
- पढाई भनेको जागिर र सर्टिफिकेटका लागि मात्र भन्ने हो भन्ने लाग्थ्यो तर होइन रहेछ । आफू र समाज परिवर्तनका लागि पनि पढ्नुपर्ने रहेछ र निरन्तर लागिपरेपछि जस्तोसुकै समस्या पनि समाधान हुने रहेछ ।
- व्यक्तिगत सरसफाईसँगै वातावरणीय सरसफाईमा पनि उत्तिकै ध्यान दिइनुपर्छ । घरपरिवार, विद्यालय व्यवस्थापनलाई सँगै लान सकिन्छ । सङ्गठनमा बैठकमात्र होइन, सामाजिक काम पनि गर्नुपर्ने रहेछ । अध्ययन पुस्तक र अवलोकन दुवैबाट हुन्छ ।
- व्यक्तिगत आलोचना आउँदा दुःखी भइन्थ्यो । हरेक कुरालाई हल्का नसोची गहिराईसम्म पुग्न सिकायो ।
- अध्ययनले अझै गम्भीर बनायो । हामी लागेको सङ्गठन, श्रमिकको विषयमा अझै बढी सोच्न बाध्य बनायो ।
- विभेद अन्त्यका लागि लागि अझै धेरै चुनौती आउन सक्छ । कामलाई निरन्तरता दिनुपर्छ । हामीले गरेको काम ठीक रहेछ, अगुवाले बीचमा खुट्टा छाड्नुहुँदैन । आफूसँगै अरू सहयोगीलाई पनि बुझाएर सँगै हिँड्नुपर्छ ।
- सवालगत वकालतका लागि वैचारिक क्षमता बढाउनुपर्ने रहेछ । वर्गीय आन्दोलनप्रति माया र आफ्नोपन बढ्यो ।
- हामी पनि अभियान क्रममा राजनीतिक र सामाजिक कुरामा सचेत हुनुपर्ने रहेछ । अगुवाले नेताको जिम्मेवारी पूरा भए/नभएको महसुस गरेर उनीहरूलाई सचेत बनाउनुपर्ने रहेछ । नारा बोकेर हिँड्नुअगाडि काम र विचार बुझ्नुपर्ने रहेछ ।
- गरिब, सुकुम्बासी आफैं बनेको होइन । समाजले मान्छेलाई गरिब बनाइरहेको रहेछ । हामीले गरिब सुकुम्बासीको बाध्यता पेशालाई राम्रोसँग बुझ्नु र अन्यायविरूद्धको आवाज उठाउनुपर्ने रहेछ ।

(अध्ययन कार्यशालाको समीक्षाबाट)



## छोराको नजरमा

# बाबुको सङ्घर्ष

■ सुष्मा न्यौपाने

अध्ययनशालाका क्रममा बुद्धिसागरद्वारा लिखित कर्नाली ब्लुज पढेँ । यस उपन्यासमा एउटा छोराको आँखाबाट बाबुको जीवन र जीवनका सङ्घर्षका कथा देखाइएको छ। सानो छँदा आफ्नो बाबुलाई संसारको सबैभन्दा क्षमतावान, बलियो र सर्वश्रेष्ठ मान्ने छोराले बढ्दो उमेर र परिवेशसँगै बाबुप्रति हेर्ने दृष्टिकोण र सोचाई बदलिँदै गएको देखाएको छ ।

उपन्यासमा परिवार पाल्नका लागि मेडिकल चलाउने डाक्टर हर्षबहादुरको ५ जनाको परवार हुन्छ । उसले दुःख गरेरै छोराछोरीका चाहना पूरा गरिदिन्छ । बाबुबाट धेरै माया ममता र हौसला पाउँदा छोराले बाबुलाई संसारकै बलवान, ज्ञानी, बुद्धिजीवी र असल मानिसका रूपमा लिन्छ । मधेसमा मेडिकल चलाउने हर्षबहादुरले त्यसैको आम्दानीबाट परिवारको शिक्षा, स्वास्थ्य र गुजारा चलाउँछन् । पछि उनी कटासे भन्ने बजारमा बसाई सर्छन् । त्यहाँ पनि मेडिकल नै चलाउँछन् । उनकी छोरी पढ्न जाँदा स्कुलबाटै विवाह गरेर जान्छिन् । त्यसले बाबुआमाको आत्मामा चोट पुग्छ । समयसँगै हर्षबहादुर बूढा हुँदै जान्छन् ।




उनमा स्मरणशक्ति र काम गर्ने जागर पनि कम हुँदै जान्छ । त्यहाँ पनि प्रतिस्पर्धी धेरै हुने र व्यवसाय टिक्न नसकेको हुँदा त्यो परिवार त्यहाँबाट पनि विकट जिल्ला कालिकोटको कटासेमा बसाई जान्छन् । त्यहाँ पनि उही पुरानो पेशा नै गर्छन् । तर हर्षबहादुरको श्रीमतीलाई सुर्खेत जाने, गतिलो घरमा बस्ने रहर हुन्छ । कालिकोट बसाईकै क्रममा देशमा लागेको सङ्कटकाल, जनयुद्धको असर र घटनाहरूमा उनीहरूको पनि भोगाई हुन्छ । अशान्तिले गाँज्छ । उनको छोरा कालिकोटबाटै एसएलसी पास गरेर काठमाडौं पढ्न जान्छ । बाआमाको एक्लो सहारा टाढा हुँदाको क्षण कस्तो हुन्छ भन्ने कुरा पुस्तकमा उल्लेख छ ।

एक दिन अचानक डाक्टर बिरामी पर्छन् । यातायातको सुविधा नभएकाले साँढे तीन दिन कुरेपछि हवाईजहाजबाट उनलाई बाँके अस्पताल लगिन्छ । छोरा पनि काठमाडौँबाट त्यही जान्छ । बाबुलाई ब्रेन ह्यामरेज (दिमागका नसाहरू फुटेर रगत जमेको) रोग लागेको हुन्छ ।

१० दिन अस्पतालमा उपचार गरिन्छ । संसारकै बलवान र सर्वश्रेष्ठ मानेका बाबुको अवस्था, पीडा, छटपटी देख्दा छोरा र आमालाई अत्यन्तै पीडा हुन्छ । छोरी पनि अस्पतालमा बाबु भेट्न आउँछिन् । बिरामी बाबुको नाति भेट्ने इच्छा बाँकी रहन्छ । उनलाई अस्पतालबाट निकालेर नातिको मुख देखाउन लैजाँदा बाटैमा मृत्यु हुन्छ । नाति हेर्ने, छोरो ठूलो मानिस भएको हेर्ने, श्रीमती र छोरालाई अझै सुख दिने इच्छा पूरा नहुँदै हर्षबहादुरको मृत्यु हुन्छ । वियोगान्त र पीडायुक्त उपन्यास । अत्यन्तै मार्मिक र सन्देशमूलक छ । उपन्यास पढ्दै गर्दा कहिल्यै नसकियोस् भन्ने लागिरह्यो ।

समग्र नेपाली परिवेशसँगै मधेस र कालिकोट जस्तो विकट ठाउँको कुरीति र कुसंस्कारलाई उपन्यासमा जोड्न खोजिएको छ। बङ्गुरले छुँदा अशुद्ध भइन्छ भनेर छोरालाई घरमै राख्ने पण्डित । बिरामी हुँदा बाआमाले धाँमीझाँक्री लगाएर अकालमै ज्यान गुमाएकी ममता, जस्ता थुप्रै गाउँले परिवेश र रूढिवादी परम्परालाई उपन्यासले छर्लङ्ग पार्न खोजेको छ ।

कर्नाली ब्लुज पढ्दै गर्दा आफैं कर्नाली पुगेर सम्पूर्ण कुरा भोगेजस्तो महसुस भयो । यस उपन्यासले कर्नाली क्षेत्रको जनजीवन, बाध्यता, पीडा र जीवनयापनको तरिकालाई यथार्थरूपमा प्रस्तुत गर्न खोजेको छ । एउटा व्यक्ति र परिवारको सिङ्गो जीवनमा आइपर्ने सुख, दुःख, बाध्यता, परिस्थिति, बदलिँदो अवस्था र सोचलाई यसमा देखाइएको छ ।

सानो छँदा आफ्नो बाबुलाई संसारको सबैभन्दा क्षमतावान, बलियो र सर्वश्रेष्ठ मान्ने छोराले उमेर ढल्कँदै जाँदा बाबुप्रति हेर्ने दृष्किोण र सोचाई बदलिँदै गएको चित्रण यसमा छ ।

उपन्यासबाट मैले पाएको सबैभन्दा ठुलो शिक्षा भनेको मानिसको जीवनमा दुःख, सुख, पीडा, रमाइलो मिलन, विछोड, जन्म, मृत्यु जस्ता अनेक क्षण र अवस्था आइपर्छन् । जीवनमा आउने तीतामीठा र सम्पूर्ण यथार्थता र सत्य स्वीकार गर्न सक्नुपर्छ भन्ने महत्वपूर्ण हुन्छ । हामी मृत्यु स्वीकार्नबाट भाग्छौं तर तर सत्य कुरा त्यसै टर्दैन भन्ने सन्देश पनि यसमा छ । ●

# हरूवाचरूवाले बुझाए मागपत्र

सिरहा र सप्तरी जिल्लाका हरूवाचरूवाका अगुवाले विभिन्न सरोकारवाला निकायसँग भेटघाट तथा छलफल गरी मागपत्र बुझाएका छन् । स्थानीय निकायले चासो नदिएको र आफूहरू हरूवाचरूवा प्रथाबाट मुक्त हुन नसकेको भनी उनीहरू देशको मुख्य प्रशासनिक निकाय सिंहदरबारमा पुगी भूमि सुधार तथा व्यवस्था मन्त्री ऋद्धिबाबा प्रधानलाई भेटी मागपत्र बुझाए ।

हरूवाचरूवा अझै पनि जमिनदारकोमा सस्तो ज्यालामा बधुँवा मजदुरझैं काम गर्न बाध्य छन् । विनापारिश्रमिक जमिनदारको हलो जोत्नु हरूवाको बाध्यता हो भने मालिकहरूको गाईवस्तु चराउनु, घाँसपात गर्नु र अन्य कुराको हेरचाह गर्नु चरूवाको मुख्य काम हो । काम गर्दिन भन्न नपाइने, स्वतन्त्र हुन नदिने जस्ता बाध्यतामा परेका हरूवाचरूवा मालिकहरूको आफ्नै नियमले वर्षौंदेखि बँधुवाझैं राखेपछि मुक्तिका लागि देशको प्रशासनिक निकायसम्म पुगेका छन् ।



सरकारले मध्यपश्चिमका कमैयालाई २०५७ सालमा र सुदूरपश्चिमका हलियालाई २०६५ सालमा मुक्तिको घोषणा गर्‍यो । तर त्यस्तै समस्यामा रहेका पूर्वी तराईका झण्डै ६९,००० को हाराहारी सङ्ख्यामा रहेका हरूवाचरूवाको भने अझै मुक्ति हुन सकेको छैन । हरूवाचरूवा प्रथा मुक्त गरी पुनर्स्थापना गरियोस् भनी १० जना हरूवाचरूवाका अगुवा प्रतिनिधिले भूमि सुधार तथा व्यवस्था मन्त्री प्रधानलगायत् अर्थ मन्त्रीका प्रमुख आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपाल र नेपाल सरकारका मुख्य सचिव लीलामणि पौडेललाई भेटी मागपत्र बुझाएका छन् ।

त्यस्तै उनीहरूले मानव अधिकार आयोगमा पनि मागपत्र बुझाएका छन् । हरूवाचरूवाको मानव अधिकार हनन् भएको, मालिकले शोषण गरेको तर सरकारले न्याय माग्दा पनि नदिएको भन्दै राष्ट्रिय मानव अधिकार आयोगको केन्द्रीय कार्यालय हरिहर भवन पुगी आफ्नो पीडा सुनाउँदै मागपत्र बुझाएका छन् । 'अहिलेसम्म जति पनि सरकार बने, जति पनि प्रशासक बने, ती सबैलाई भेटेर माग राख्दासमेत आफूहरूको मागमा सरकारले चासो नदिएको हरूवाचरूवा अधिकार मञ्चका अध्यक्ष दर्शन मण्डलले बताए । 'अब यो सरकारले चाहिँ हरूवाचरूवाको मुक्ति गर्छ कि भन्ने ठूलो आशा लिएका छौं'- मण्डलले भने ।

भूमि सुधार तथा व्यवस्था मन्त्री ऋद्धिबाबा प्रधानले हरूवाचरूवाको मागपत्र बुझ्दै आफूले पहिलो पटक हरूवाचरूवाको समस्या सुनेको बताउनुभयो । 'मन्त्री प्रधानले हरूवाचरूवाको समस्या जटिलखालको भएको भन्दै कानुन तथा अन्य मन्त्रालय र निकायहरूसँग छलफल हरूवाचरूवा प्रथा मुक्त गरी उनीहरूको पुनर्स्थापनका लागि सहयोग गर्ने बताउनुभयो । अर्थ मन्त्रीका प्रमुख आर्थिक सल्लाहकार डा. चिरञ्जीवी नेपालले हरूवाचरूवाको लगत सङ्कलन र पुनर्स्थापनाका लागि आगामी बजेटमा व्यवस्था गर्न पहल गरिने बताउनुभएको थियो ।

उनीहरूले सबै हरूवाचरूवाले आधारभूत मानव अधिकार समेत नपाइरहेकाले सहयोग गर्न अनुरोध गरे । मानव अधिकार आयोगका सदस्यद्वय रामनगिना सिंह र गौरी प्रधान, आयोगका कर्मचारीसँग भेटी मागपत्र बुझाउँदै क्षेत्रीय कार्यालय विराटनगरमा उजुरी गर्दा पनि कुनै सुनुवाई नभएकाले केन्द्र गुहारेको सुनाएका थिए ।

'हामी पनि यही देशका नागरिक हौं । हामीलाई पनि राज्यले अन्य नागरिकसरह नागरिकता प्रदान गरेको छ । तर ख्वै त हामीलाई मानव अधिकार ?' राष्ट्रिय भूमि अधिकार मञ्चकी उपाध्यक्ष गुलावदेवी रामले सोधेकी थिइन् । 'हामीलाई न बास छ, न गास छ, न लाउनलाई लत्ता कपडा नै छ । अब हामीले छोराछोरी कसरी पढाउने ? हाम्रो त मुक्ति भएन भएन, अब हाम्रा छोराछोरीले पनि हरूवाचरूवाबाट मुक्ति नपाउने भए', उनले गुनासो गरिन्- 'स्वतन्त्रपूर्वक बाँच्न पाउने मानव अधिकार दिलाइदिनुपर्‍यो ।

मानव अधिकार आयोगका सदस्यद्वय रामनगिना सिंह र गौरी प्रधानले हरूवाचरूवाको मागका आधारमा नीतिगत तहमा सिफारिस गर्ने बताउँदै आयोगमा प्रमाणहरू जुटाएर निवेदन दिन हरूवाचरूवालाई आग्रह गरेका थिए ।

## सुकुम्बासी परिचयपत्र प्राप्त




सरकारले सुकुम्बासी पहिचान गरी परिचयपत्र वितरण गर्नका लागि गठन गरेको आयोगले २०७० वैशाख-जेठमा पनि सुकुम्बासी परिवारलाई परिचयपत्र वितरण गरेको छ । २५ जिल्लामा गठन भएको आयोगले यस अवधि (वैशाख-असार) मा ८ जिल्लामा २ हजार ९ सय ७५ सुकुम्बासी परिवारलाई परिचयपत्र वितरण गरेको छ ।

जिल्ला भूमि अधिकार मञ्चहरूले गरेको अभियानपछि आयोगले कञ्चनपुरमा ४४, बर्दियामा ६६३, बाँकेमा १३७६, सर्लाही २५३, रौतहटमा १६९, सप्तरीमा ११, कैलालीमा १८१, धनुषामा ५७९ सुकुम्बासी परिवारलाई सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समितिहरूले परिचयपत्र वितरण गरेका हुन ।

जिल्ला भूमि अधिकार मञ्च दाङले गरेको अभियानपछि हेकुली गाविसमा बसोबास तथा जोतभोग गर्ने ४ परिवार किसानले बसोबासको आधार प्रमाणपत्र गाविसको कार्यालयबाट प्राप्त गरेका छन् । त्यस्तै सप्तरी जिल्ला पडहरिया गाविसका ३४ परिवारले गाविसबाट बसोबास प्रमाणपत्र पाएका छन् ।

# दलहरूलाई प्रतिबद्धता सम्झाउँदै

राष्ट्रिय भूमि अधिकार मञ्च, नेपालले राजनीतिक दलले भूमि अधिकार मञ्चसँग गरेको प्रतिबद्धता सम्झाउँदै विभिन्न राजनीतिक दलका पार्टी कार्यालयमा पुगी छलफल गर्दै ध्यानाकर्षणपत्र बुझाएको छ । आगामी संविधान सभाको निर्वाचनमा राजनीतिक दलले आफ्ना चुनावी घोषणापत्रमा भूमि सुधारको मुद्दा समेटेर लान मञ्चले चुनावको मुखमा दलहरूलाई पुनः स्मरण गराउँदै मागपत्र बुझाएको हो ।

विभिन्न राजनीतिक दलको पार्टी कार्यालयमा पुगी सरकारले सुकुम्बासी आयोग खोरेज गरेपछि सुकुम्बासी पहिचान र परिचयपत्र वितरणको काम रोकिएको भन्दै तत्काल विकल्प खोजी परिचयपत्र वितरणको कामलाई निरन्तर गर्न माग गरेको छ । मञ्चले जेठ १२-१७, २०७० सम्म सबै राजनीतिक दलका पार्टी कार्यालय, भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा पुगी भूमि समस्याबारे छलफल गर्दै भूमि सुधारका लागि ध्यानाकर्षण गराएको छ ।

यस क्रममा १२ जेठ, २०७० मा एनेकपा माओवादीका नेता कृष्णबहादुर महारा र अध्यक्ष पुष्पकमल दाहालसँग भेटी मागपत्र बुझाइयो । एनेकपा माओवादीले भूमि सुधार र गरिबी न्युनीकरणको मुद्दालाई लिएर जनयुद्ध गरेको र त्यसबाट सफल हुँदै राज्य सत्ता सञ्चालन गर्नसमेत पुग्दा पनि गरिबको पक्षमा काम नगरेको, भूमि सुधारको वाचा बिर्सिएकोप्रति पुनः स्मरण गराइएको छ ।

१३ जेठ, २०७० मा नेकपा-माओवादीका अध्यक्ष मोहन वैद्यलाई पार्टी कार्यालय बुद्धनगरमा भेटी मागपत्र बुझाइयो ।

१४ जेठ, २०७० मा नेपाली कङ्ग्रेसका उपसभापति रामचन्द्र पौडेललाई मागपत्र बुझाइयो । पौडेलले 'कृषि क्रान्ति र समाजवाद' पुस्तकमा किसान हित र उत्पादनमुखी कृषिको कुरालाई जोड दिएको स्मरण गराई भूमि सुधारको मुद्दालाई किनारा नलगाउन आग्रह गरियो ।

सोही दिन, नेपाल मजदुर किसान पार्टी कार्यालय भक्तपुरमा गई अध्यक्ष नारायणमान बिजुक्छे, प्रेम सुवाल, सुनिल प्रजापतीलगायतका नेतासँग छलफल गरी मागपत्र बुझाइयो ।

१५ जेठ, २०७० मा नेपाल कम्न्युनिष्ट पार्टी (माले) का महासचिव सीपी मैनालीसँग पार्टी कार्यालय रातोपुलमा भेटी मागपत्र बुझाइयो । माले महासचिव मैनालीले पार्टीले स्थापना कालदेखि नै भूमि सुधारको मुद्दा उठाउँदै आएकाले मञ्चका मागहरू कपी पेष्ट गरी चुनावी घोषणापत्रमा समावेश गरिने बताए ।

१६ जेठ, २०७० मा नेपाल महिला सङ्घकी अध्यक्ष डा. डिला सङ्ग्रौलासँग भेट गरी भूमि अधिकार मञ्चको मागपत्र बुझाइयो ।

सोही दिन गाउँब्लक जग्गा नापी भइरहेको र जग्गाधनी प्रमाणपूर्जा वितरण नभएको सम्बन्धमा नापी विभाग मीनभवनमा डेलिगेसन गईयो । नापी विभागका उपमहानिर्देशक उदयमान मिश्रसँग भेटी रूपन्देही र नवलपरासीमा गाउँब्लक जग्गा नापी गर्ने कार्यमा ढिलासुस्ती भइरहेकोबारे जानकारी गराइयो । उहाँले जेठ १४ गते नै जग्गाधनी प्रमाणपूर्जा वितरण गर्नका लागि नापी शाखा कार्यालय नवलपरासीलाई फ्याक्स गरी पत्र पठाइसकेको जानकारी दिनुभयो ।

१७ जेठ, २०७० मा नेकपा एमाले पार्टी कार्यालय बल्खुमा महासचिव ईश्वर पोखेलसँग भेटघाट गरी चुनावी घोषणापत्रमा भूमि सुधारको मुद्दा गम्भीरतासाथ समेट्न, सुकुम्बासी समस्या समाधान आयोगको विघटनपश्चात त्यसको विकल्पका लागि पहल गर्न र मोही बेदखल भइरहेकोप्रति ध्यानकर्षण गराउँदै मागपत्र बुझाइएको छ । भेटघाट तथा छलफलका क्रममा सबैले भूमि अधिकार मञ्चको माग तथा घोषणापत्रमा उल्लेख भएको भूमि सुधारका मुद्दालाई पार्टीको चुनावी घोषणापत्रमा समावेश गरिने पुनः प्रतिबद्धता व्यक्त गरेका छन् ।

## भूमि घर बन्यो

कटान गाउँ भूमि अधिकार मञ्च देखतभुली, कञ्चनपुरको भूमि घर बनेको छ । स्थानीय बाल विकास समितिबाट जग्गा र कटान सामुदायिक वन उपभोक्ता समितिबाट काठ सहयोग प्राप्त भएपछि मञ्चले भूमि घर निर्माण गरेको हो । भूमि घर निर्माणमा सङ्गठनका ८० जना सदस्यले १० दिनसम्म श्रमदान गरे । त्यस्तै हजारी गाउँ भूमि अधिकार मञ्च टीकापुर कैलालीको पनि भूमि घर बनेको छ । भूमिघर निर्माणका लागि सङ्गठनमा सङ्गठित ६६ अगुवाले २८ दिन श्रमदान गरेका थिए ।

त्यसैगरी गैयाँडाँडा भूमि अधिकार मञ्च ओखलढुङ्गाको पनि भूमि घर निर्माण भएको छ । एक कोठे भवन निर्माणका लागि गाउँ मञ्चले सामुदायिक वनको सहयोगमा काठ, आफ्नै प्रयासमा माटो, ढुङ्गा र अन्य सामग्री सङ्कलन गरेको थियो । घरको छाना छाउनका लागि आत्मनिर्भर केन्द्रले सहयोग गरेको थियो ।

## गाउँ ब्लकको जग्गा नापी भयो

किसाननगर-६ महोत्तरीको गाउँब्लकमा बसोबास गर्ने २४ घरपरिवारको जग्गा नापी भएको छ । नापी कार्यालय महोत्तरीले गाउँ ब्लकबासीको जग्गा नापी गरेको हो । सौफर्साटिकर-३ रूपन्देहीको बेतानी गाउँ भूमि अधिकार मञ्चका ४० घरधुरी र दोगना गाउँ भूमि अधिकार मञ्चका ८५ घरधुरीको गाउँब्लक जग्गा नापी भएको छ । नापी कार्यालय भैरहवाले गाउँब्लक जग्गा नापी गरिरहेको छ ।

रङ्गपुर-८ शान्तिटोल, रौतहटको गाउँब्लक बसोबास गर्ने ८ घर धुरीको जग्गा नापी भएको छ । त्यस्तै बस्तीपुर गाविस-४ सिरहाको गाउँ ब्लकमा बसोबास गर्ने ३५ गाउँ ब्लकबासीले बसोबास गरेको जग्गाको नापीपछि स्थायी पूर्जा पाएका छन् । गाउँ ब्लक जग्गा नाप जाँच गर्नका लागि बस्तीमा गएको टोलीले उनीहरूलाई पूर्जा वितरण गरेको हो ।

## सङ्गठन निर्माण

भूमि अधिकार अभियानमार्फत आफ्नो भूमि अधिकार प्राप्तिको अभियानमा सङ्गठित हुनका लागि यस अवधि (वैशाख-असार) मा १२ गाउँ भूमि अधिकार मञ्च गठन भएका छन् । जिल्ला भूमि अधिकार मञ्चको पहलमा धनुषामा २, सुर्खेतमा २, झापामा १, महोत्तरीमा २, डडेलधुरामा १, पर्वतमा १, बारामा १, रौतहटमा २ गाउँ भूमि अधिकार मञ्च गठन भएका छन् । गाउँ तहमा निर्माण भएका सङ्गठनमा महिला १८१ र पुरूष १७२ गरी ३५३ भूमि अधिकारबाट वञ्चित महिला, दलित, साना किसान, भूमिहीन, सुकुम्बासी, गुठीपीडित, गाउँ ब्लकबासी, चुरेपीडित सङ्गठित भएका छन् ।

## सहकारी अभियान

जिल्ला भूमि अधिकार मञ्च ओखलढुङ्गाको च्यानम गाविसमा गठन भएको गाउँ भूमि अधिकार मञ्चका सदस्य मिली परिर्वतनशील महिला कृषि सहकारी संस्था गठन गरेका छन् । सहकारीमा ३१ महिला सङ्गठित भएका छन् । जिल्ला अधिकार मञ्च खोटाङको दुर्छिम गाविसमा वरभञ्याङ्ग महिला कृषि सहकारी संस्था गठन भएको छ । सहकारीमा २९ महिला सङ्गठित भएका छन् । भूमि अधिकार अभियानमा सङ्गठित महिलाको सक्रियतामा कृषि सहकारी गठन भई दर्ता गर्ने तयारीमा छ ।

जिल्ला भूमि अधिकार मञ्च कैलालीको मौरनिया कृषि सहकारी संस्था लि. र कालिका भूमि अधिकार कृषि सहकारी संस्था लि.सहकारी प्रशिक्षण तथा डिभिजन कार्यालय कैलालीमा दर्ता भएको छ । त्यसैगरी जिल्ला भूमि अधिकार मञ्चले निर्माण गरेको भूमि अधिकार कृषि सहकारी संस्था लि. पिपलाडी, सहकारी डिभिजन कार्यालय कञ्चनपुरमा दर्ता भएको छ । मोरङ जिल्लाको शान्तिटोल गाउँ भूमि अधिकार मञ्च र किराँतटोल गाउँ भूमि अधिकार मञ्चका सदस्य सङ्गठित भई सहकारी गठन गरी सहकारी दर्ता गरेका छन् । शान्तिटोल भूमिहीन कृषि सहकारी संस्था सहकारी डिभिजन कार्यालय झापामा दर्ता भएको छ ।

## पाल्पा मञ्चको डेलिगेसन

जिल्ला भूमि अधिकार मञ्चले विभिन्न माग राख्दै डेलिगेसन गरेको छ । पाल्पादेखि सिहंदरबारसम्म पुगी मञ्चले मागपत्रसमेत बुझाएको छ । मञ्चले दर्ता छुट जग्गा दर्ता गरी लालपूर्जा वितरण गरिनुपर्ने, सुकुम्बासी र अव्यवस्थित बसोबासलाई जग्गा उपलब्ध गराउनुपर्ने, गुठी जग्गा रैकर गरिनुपर्ने, खेतीयोग्य जमिन प्लटिङ गर्न बन्द गरिनुपर्ने, सार्वजनिक जग्गा चोरी दर्ता रोकिनुपर्ने, मोहियानी हकको व्यवस्था गरी जग्गा बाँडफाँट कार्य गरिनुपर्ने माग राख्दै मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी र भूमि सुधार तथा व्यवस्था मन्त्री ऋद्धिबाबा प्रधानलाई बुझाइएको छ ।

पाल्पाका राजनीतिक दलका नेताहरूसहित भूमि अधिकार मञ्चले मन्त्रिपरिषद् अध्यक्ष, भूमि सुधार तथा व्यवस्था मन्त्री, भूमि सुधार तथा व्यवस्था मन्त्रालयका सचिव, भूमि सुधार तथा व्यवस्थापन र नापी विभागका महानिर्देशकलाई भेटी पाल्पाको भूमि समस्या समाधान गर्न माग गरेको थियो ।



डेलिगेसनमा एनेकपा (माओवादी) का जिल्ला इन्चार्ज वसन्त शर्मा, नेपाली कङ्गेसका महासमिति सदस्य दानबहादुर पछाई, नेकपा (एमाले) का लुम्बिनी अञ्चल समिति सदस्य अशोक शाही, राष्ट्रिय जनमोर्चा नेपालका जिल्ला अध्यक्ष सोमबहादुर कार्की, राष्ट्रिय जनमुक्ति पार्टीका उपाध्यक्ष नरबहादुर राना र जिल्ला भूमि अधिकार मञ्चको टोलीले डेलिगेसनमार्फत् सरकारको ध्यानाकर्षण गराएको हो ।

## मन्त्रीसँग भेट

भूमि सुधार तथा व्यवस्था मन्त्री ऋद्धिबाबा प्रधानसँग भेटघाट गरी भूमि अधिकार मञ्च र यसले गर्ने अभियानको विषयमा जानकारी गराइयो। मञ्चका अध्यक्ष सोमप्रसाद भण्डारीले भूमि अधिकार मञ्चको गतिविधि र मञ्चले उठाउँदै आएका माग तथा मुद्दा मन्त्रालयसँग जोडिएकाले सहयोग गर्न आग्रह गर्नुभयो । अध्यक्ष भण्डारीले क्षेत्रीय सभाहरूबाट पारित घोषणापत्र मन्त्री प्रधानलाई बुझाउँदै भूमिका समस्यालाई समाधान गर्न नयाँ ऐन बनाउनुपर्ने र कतिपय बनेका ऐन नै संशोधन गर्नुपर्नेमा सुझाव दिनुभयो ।

मन्त्रालयमा रसुवाको तामेली विर्ता, गुठी समस्या र सुकुम्बासी आयोगको खारेजीपछि देशभरका सुकुम्बासीको परिचयपत्र वितरणको कार्य रोकिएकामा त्यसको विकल्प दिन मञ्चले माग गरेको थियो । भूमि सुधार तथा व्यवस्था मन्त्री प्रधान तथा सचिव ज्ञानदर्शन उदासले सुकुम्बासी परिचयपत्र वितरणका लागि विकल्पका रूपमा भूमि सुधार कार्यालय तथा मालपोत कार्यालयबाट गरिने व्यवस्था मिलाउने बताएका छन् ।

## भूमि शिविर

जिल्ला भूमि अधिकार मञ्च मोरङको आयोजनामा असार २ गते एक दिने भूमि शिविर बबियाबिर्ता गाविस-३ मा भयो । भूमि शिविरमा मोही अधिकार, सुकुम्बासी आन्दोलन र जोताहा किसानको अधिकार बारे छलफल भयो । जमिन जोत्नेलाई मोहियानी हक दिने कानुनी व्यवस्था भूमिसम्बन्धी ऐन २०२१ ले ल्याएको र २०५३ सालमा भएको चौथो संशोधनले समेत करिब साँढे चार लाख मोहीलाई बेदर्तावाल जोताहा बनाएको मार यस क्षेत्रका मोहीले पनि खेप्नुपरेको समस्यामाथि छलफल भयो। शिविरमा सरकारसँग मोही बाडँफाँट खुलाउनुपर्ने र बेदर्तावाल मोही (जोताहा) को मोहियानी हक दिलाई जग्गाको न्यायोचित बाँडफाँटका लागि अभियान गर्ने योजनासमेत बनेको छ ।

प्रशिक्षणको सहजीकरण राष्ट्रिय भूमि अधिकार मञ्चका सदस्य मनोज चौधरी, जिल्ला मञ्च सुनसरीका अध्यक्ष शिवनारायण भण्डारी र अभियान नेपालका क्षेत्रीय संयोजक शैलेन्द्र राईले गर्नुभएको थियो । प्रशिक्षणमा जोताहा किसान, मोही किसान, सुकुम्बासी, हरूवाचरूवाका ९९ अगुवा सहभागी थिए ।

## मानव अधिकार आयोगसँग छलफल

राष्ट्रिय मानव अधिकार आयोगको कार्यालय हरिहर भवन पुल्चोक, ललितपुरमा आयोगका सदस्यद्वय रामनगिना सिंह र गौरी प्रधानलाई भेटी मोहीहरूले मानव अधिकारबाट समेत वञ्चित भएको र राज्यका निकायहरूले सहयोग नगरेको समस्या सुनाए । नेपालका धेरै जिल्लामा मोही किसानसँग आफू बस्ने बास र खाने गासको ग्यारेण्टी छैन। वर्षौंदेखि जमिनमा हलो जोत्यो, त्यहीं जीवन बितायो तर पनि मोहीसँग जमिन छैन भन्दै उनीहरूले बेथा सुनाए । मोही र जग्गाधनीबीचको द्वैध स्वामित्व अन्त्य गर्न, मोही किसानलाई सहयोग गर्न, अन्यायबाट मुक्त गराउन



राज्यको कुनै पनि निकायले सहयोग नगरेको उनीहरूको भनाई थियो । राज्यको निकाय भूमि सुधार कार्यालयहरूले मोहीहरूलाई अनेक बहानामा वर्षौंदेखि तारेख धाउन लगाएर झनै पीडित बनाएको गुनासो पनि गरे ।

मानव अधिकार आयोगका सदस्य रामनागिना सिंह र गौरी प्रधानले मोही किसानको मागपत्र बुझ्दै सरकारी निकायसँग त्यसका लागि आवश्यक सोधपुछ गरिने र दोषी देखिए कार्बाहीका लागि सिफारिस गरिनेसमेत बताए । साथै मोही बेदखलीविरूद्ध राष्ट्रिय मानव अधिकार आयोगमा अजुरी हाल्ने विषयमा पनि छलफल भयो ।

## जिल्ला सम्मेलन

३० जेठ, २०७० मा जिल्ला भूमि अधिकार मञ्च झापाको दोस्रो जिल्ला सम्मेलन भयो। सम्मेलनले विनोद मण्डलको अध्यक्षमा १३ सदस्यीय जिल्ला मञ्च गठन गरेको छ । सम्मेलनबाट उपाध्यक्ष, सचिव, सहसचिव, कोषाध्यक्ष र सदस्यहरूमा क्रमशः अर्जुन लिम्बु, चिन्ता प्रसाई, सन्तोष कार्की, भीमकुमारी मगर, भूपाल बस्नेत, विष्णु विक, शिव राजवंशी, विर्जु कोल, सोमालिया खातुन, चेदु गणेश, डिकबहादुर तामाङ, र डेनामणि चयन भएका छन् ।

जिल्ला भूमि अधिकार मञ्च सप्तरीको पनि जिल्ला सम्मेलन भयो। सम्मेलनले रामलखन रामको अध्यक्षतामा २१ सदस्यीय जिल्ला मञ्च गठन गरेको छ। सम्मेलनबाट उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सहसचिव र सदस्यमा क्रमशः जसुमतीदेवी सदा, रामप्रसाद राम, चन्द्रेश्वरी सदा, जोगेन्द्र मण्डल, भोला सदा, लक्ष्मण राम, सुकदव सदा, खुशीलाल सदा, दयावती प्रणामी, युक्तिलाल मरिक, चन्द्रदेव राम, राधादेवी सदा, गोनर सदा, भिखनीदेवी सदा, विता राम, दुःखनीदेवी राम, गुलावदेवी राम, दर्शन मण्डल, भीम तामाङ र प्रयागदेवी सदा चयन भएका छन् । त्यसैगरी जिल्ला भूमि अधिकार मञ्च सर्लाहीको पनि सम्मेलन भयो ।

जिल्ला सम्मेलनले समस्तीलाल आलेको अध्यक्षतामा ११ सदस्यीय जिल्ला समिति चयन गरेको छ । सम्मेलनबाट उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, सदस्यहरूमा क्रमशः विमला कामइत, रामसेवक राम, सीता पासवान, चन्द्रबहादुर मोक्तान, श्यामु उदास, पार्वती सदा, सुगावती पासवान, उचितलाल राम, रिक्मा विश्वकर्मा र शिवलाल पासवान चयन भएका छन् ।

## किसानको जग्गा ब्याङ्कको नाममा

रसुवा जिल्लाको भोर्ले गाविस-५ का १६ परिवार किसानको जमिन कृषि विकास कार्यालय, धुन्चेका नाममा पुगेको छ । २०३५ सालमा नापी हुँदा आफ्नो नाममा नापी भई सक्कली पूर्जासमेत आफूसँग भएको जग्गा ब्याङ्कको नाममा पुगेपछि किसान चिन्तित बनेका छन् । काठमाडौँका खेमराजशमशेर राणाले २०४२ सालमा किसानलाई समेत थाहा नदिई १७९ रोपनी क्षेत्रफलको जमिन मालपोत कार्यालयसँगको मिलेमतोमा आफ्नो नाममा दर्ता गराएका रहेछन् । त्यसमध्ये १३१ रोपनी क्षेत्रफलको जग्गा कृषि विकास ब्याङ्क, धुन्चेमा धितोमा राखी ३५८१३ रूपियाँ लगेका रहेछन् । त्यसपछि ऋण तिर्न राणा रसुवा नफर्केकाले २०४९ सालमा ब्याङ्कले नै जग्गा सकारेछ । त्यतिबेलासम्म किसानलाई आफ्नो जग्गा अरूको नाममा दर्ता भएको थाहा थिएन । तर पछि किसानहरू मालपोत तिर्न जाँदा थाहा भयो कि आफ्नो नाममा नापी भएको जग्गाको लगत कट्टा भएर राणाको नाममा दर्ता भएको रहेछ ।

आफ्नो नाममा पूर्जा भए पनि लगत कट्टा भएर गइसकेकाले किसानले ब्याङ्कबाट जग्गा आफ्नो नाममा ल्याउन सकेनन् । भूमि अधिकार मञ्चको पहलमा असार ३ मा किसानहरू कृषि विकास ब्याङ्क लिमिटेड केन्द्रीय कार्यालयमा डेलिगेसन गई छलफल गरेका छन् । किसानले ब्याङ्कसमक्ष वास्तविक कुरा राखी आफूहरूलाई न्याय दिलाइदिन अनुरोध गरेका थिए । छलफलपछि अहिलेसम्म भएको ऋणको ब्याज र साँवा तिरेमा किसानलाई टेण्डरमार्फत् जग्गा दिन सकिने ब्याङ्कका विभागीय प्रमुख हेमलाल शर्माले जानकारी दिएका थिए । त्यतिबेला लिएको ऋणको ब्याजसहित अहिले कुल ३७१३८० रूपियाँ पुगेको जानकारी ब्याङ्कले दिएको छ ।

## संयुक्त जग्गाधनी पूर्जा बनाउने अभियान जारी

संयुक्त जग्गाधनी पूर्जा अभियान देशव्यापीरूपमा जारी छ । यस अवधि (वैशाख-असार) मा विभिन्न जिल्लामा सञ्चालन भएको अभियानबाट संयुक्त जग्गाधनी पूर्जा बनाउने जोडी बढेको छ । संयुक्त जग्गाधनी पूर्जा बनाउने अभियानबाट भूमिमा महिलाको स्वामित्व बढ्दै गएको छ । यस अभियानमा संलग्न भई श्रीमान्को नाममा भएको जमिनको लालपूर्जामा श्रीमतीको नाम थपी फोटो टाँस गरी ९० जोडीले संयुक्त जग्गाधनी पूर्जा बनाएका छन् । यसबाट हालसम्म श्रीमान्को नाममा मात्र भएको जमिनमा श्रीमतीको पनि उत्तिकै हक कायम भएको छ । यस अवधिमा ५ सय ८५ रोपनी क्षेत्रफल जमिनमा महिलाको पनि पुरूष बराबर स्वामित्व कायम भएको छ ।

## कृषि उद्यममा सहयोग

गाउँ भूमि अधिकार मञ्चमा सङ्गठित परिवारको आयवृद्धिका लागि कृषि उद्यममा सहयोग गरिएको छ । कैलालीको हरियाली र शान्ति, कञ्चनपुरको हिमालय र मछेली गाउँ भूमि अधिकार मञ्चलाई सिँचाईका लागि सहयोग गरिएको छ । चारवटै सङ्गठनले सिँचाइका लागि बोरिङ राखेका छन् । यसबाट २८ बिघा जमिनमा सिँचाई सुविधा पुगी १६८ परिवार लाभान्वित भएका छन् । हरियाली भूमि अधिकार मञ्चले आधा कठ्ठा जग्गामा पोखरी बनाई माछा पाल्ने योजना बनाएको छ । मछेली भूमि अधिकार मञ्चले नदी किनारमा रहेको बाँझो जग्गामा खेती गर्दै आएको छ । हिमालय भूमि अधिकार मञ्चका १६ परिवारले व्यावसायिक तरकारी खेती गर्दै आएका छन् । १६ परिवारले २/२ कट्ठा जग्गामा तरकारी खेती गरी वार्षिक १३ लाख कमाई गर्ने योजना बनाएका छन् । शान्ति भूमि अधिकार मञ्च मसुरियाका ३४ परिवारले १४ कट्ठा जग्गामा सामूहिक खेती गर्दै आएका छन् ।

## मोहीले मन्त्रीलाई बुझाए मागपत्र

मोही किसानले भूमि सुधार तथा व्यवस्था मन्त्री ऋद्धिबाबा प्रधानलाई मागपत्र बुझाएका छन् । मन्त्रीसँग बाँके गनापुर-३ का ८२ वर्षे बुधई गडरियाले आफू बुढेसकालमा पनि मोही हककै लागि तारेख धाइरहेको तर अझै पनि मोही हक पाउन नसकेको दुःखेसो राख्दै हक दिलाइदिन अनुरोध गरे । ८ कट्ठा जमिनमा मोही हकका लागि भूमि सुधार कार्यालयमा ९ वर्षदेखि तारेख धाइरहेको भए पनि आफ्नो पालामा मोही हक नपाइनेमा चिन्ता लागको गडरियाले मन्त्री प्रधानसँग भने । भूमि सुधार मन्त्री प्रधानले मोहीको समस्या देशका अधिकांश जिल्लामा अझै पनि रहेकाले त्यसको समाधानका लागि मन्त्रालयबाट पहल गरिने बताउनुभयो । जग्गाधनी र मोहीबीचको द्वैध स्वामित्व अन्त्य गर्नका लागि कानुन मन्त्रालयसँग परामर्श गरी मोही किसानको पक्षमा हित हुने निर्णय लिइने उहाँले आश्वासन दिनुभएको छ ।



मोही किसानले भूमि सुधार तथा व्यवस्थापन विभागका महानिर्देशक तेजराज पाण्डेसँग पनि आफ्ना माग राखे । किसानले भोग्दै आएका समस्या सुनाए । मोहीलाई जग्गाधनीले दुःख दिएको, पुस्तौंदेखि जोत्दै आएको जमिनको हकभोगको अधिकार नदिइएको दुःखेसो पोखे ।

मोही किसानको कुरा सुनेपछि महानिर्देशक पाण्डेले मोहीको समस्या जटिल बन्दै गएको आफूले पनि विभिन्न जिल्लाको भ्रमणका क्रममा देखेको बताउनुभयो । काम नगरेकाले केही ठाउँका भूमि सुधार कार्यालय हटाउन लागिएको जानकारी पनि उहाँले गराउनुभयो । विभागले अध्यादेश संशोधन गरेर वर्षौंदेखि मारमा परेका किसानका लागि न्याय दिलाउने पक्षमा लागेको र मोहीको समस्या पार हुने आश्वासन पनि उहाँले दिनुभयो । मोही डेलिगेसन टोलीमा सुनसरी, मोरङ, झापा, दाङ, बाँके र बर्दिया जिल्लाका १० प्रतिनिधि थिए ।

•

### भूमि सुधार हुने आशा

भूमि अधिकारको चैत २०६९, अङ्क ३२ मा सोमप्रसाद भण्डारीद्वारा लिखित 'भूमि सभाका सन्देशहरू' लेख मलाइ ज्यादै महत्वपूर्ण लागेको छ। यो लेख पढ्दा देशका १० ठाउँमा भएका भूमि अधिकार सभाको बारेमा जानकारी पनि भयो र नेताहरूले सभामा गरेका वाचाले अब साँच्चै भूमि सुधार हुनेमा आशा पनि पलाएको छ।

नेताहरूले भूमि सुधार गर्न र त्यसको मुद्दा संविधानमा नै लेख्नका लागि भूमि अधिकारबाट वञ्चितहरूलाई पनि संविधान सभामा लाने भन्ने कुराले झनै खुसी लागेको छ। भूमिहीनको प्रतिनिधित्व संविधान सभामा हुने हो भने पक्कै भूमि सुधार हुन्छ। यो कुरालाई कार्यान्वयन गर्नका लागि हामी भूमि अधिकारबाट वञ्चितहरू नेताज्यूहरूसँग आग्रह गर्छौं।

**–सुष्मा गौतम**
अभियानकर्ता, कुन्तादेवी, ओखलढुङ्गा

### सानो कामको ठूलो उपलब्धि

'भूमि अधिकार' बुलेटिन पूर्णाङ्क ३२ मा छापिएको 'भारत पुनेको फोहोर मा कबाडी सङ्कलन गर्ने कामदारको अभियान' लेखबारे सङ्गठनको बैठकमा छलफल गर्‍यौं। भारतको यो अभियान निकै नै महत्वपुर्ण र सन्देशमूलक लाग्यो। कबाडी सङ्कलन गर्ने कामदारहरूले जस्तै हामी पनि एकताबद्ध र सङ्गठितरूपमा अगाडि बढ्न सङ्गठनमा पनि रचनात्मक कामको योजना बनाएर अगाडि बढ्नुपर्छ।

निरन्तर फलोअप गर्दै दबाब दिइरहनुपर्छ। कुनै पनि कामबाट एकैपटक उपलब्धि हासिल हुँदैन। यसो भयो भन्दैमा निरास भई निस्क्रिय बन्नुहुँदैन। सङ्गठनमा निरन्तर छलफल गरी उपलब्धि ल्याइछाड्ने योजना बनाई अगाडि बढ्ने आँट र साहसका साथ लाग्न उत्पेरित भएका छौं।

**–रामभक्त विक**
चनौटा गाउँ भूमि अधिकार मञ्च, पिपलटारी-१, पर्वत

### गरिब किसानको वकालतीय सामग्री

म भूमि अधिकार बुलेटिन नियमित पढ्छु। यो बुलेटिन भूमिमा काम गर्ने मेहनती किसानबारे वकालतीय सामग्रीका रूपमा काम गर्छ। यसले भूमिसम्बन्धी नीति नियमहरूबारे सुझाव सल्लाह दिने गरेको छ। जसले गर्दा हामी अभियानकर्ताहरूलाई समुदायमा भूमिसम्बन्धी विभिन्न विषयमा छलफल चलाउन सजिलो पनि हुने गरेको छ।

खास गरेर भूमिमै आश्रित तर भूस्वामित्व नपाएका वर्गहरूको हक अधिकारबारे वैचारिक बहस हुन्छ यस बुलेटिनमा। साथै अन्य लेख, रचना, गतिविधि आदिका माध्यमबाट भूमि नीति परिमार्जन गर्न मद्दत गर्छ। बुलेटिन पढ्ने सम्पूर्ण व्यक्तिको मनोबल र पीडितको साहस भर्ने काम यसले गरेको छ। तसर्थ भूमि अधिकार मञ्चमा सङ्गठित हुनेहरूको आफ्नो समस्या र यसको समाधान गर्नका लागि चालिनुपर्ने कदमबारे पनि यसले सबैलाई ज्ञान दिन्छ।

**–शिवकुमार पासवान**
अभियानकर्ता, सप्तरी

### नीतिगत कुरा छाप्नुपर्छ

'भूमि अधिकार' त्रैमासिक बुलेटिन पढ्न पाउँदा धेरै खुसी लाग्छ। भूमिहीन, गरिब, सुकुम्बासी भूमि अधिकारबाट वञ्चितको आवाजलाई प्राथमिकतामा राखी यो प्रकाशित हुँदै आएको छ। भूमिहीन सुकुम्बासी मुक्त कमैया, गुठी हरूवाचरूवा, मोही, उखडापीडित, गाउँब्लकबासी जस्ता भूमि अधिकारको आन्दोलनमा लागेकालाई अभियान कसरी गर्ने ? कस्ता अभियान गर्ने ? भन्नेखालको ज्ञान पनि यसले दिन्छ।

गत अङ्कको पछिल्लो कभर पेजमा छापिएको भूमि अधिकार मञ्चको आचारसंहिताले धेरै कुरा सिकायो। यसबारे हामीले पनि सङ्गठनमा छलफल गर्न पायौं। आगामी दिनमा पनि यस्तै सन्देशमूलक सामग्री प्रकाशित भइरहोस्। यसमा अझ नीतिगत कुराहरू पनि निरन्तर छापिए भने गाउँ सङ्गठनहरूमा छलफल गराउन र भूमि अधिकारबाट वञ्चितहरूलाई पनि बुझाउन सजिलो हुन्छ।

**–जगवीर चौधरी**
अभियानकर्ता, दाङ

### आन्दोलन जित्नेछौं

भूमि अधिकारबाट वञ्चितहरूले गरेको आन्दोलनमा राजनीतिक दलहरूले जहिले पनि प्रतिवद्धतामात्र व्यक्त गर्छन् तर काम गर्दैनन्। पछिल्लो समय देशका १० स्थानमा भएको क्षेत्रीय भूमि अधिकार सभाहरूमा पनि दलका नेताहरूले त्यही प्रक्रिया दोहोर्‍याए। तर अबचाहिँ हामी आफ्नो निर्णायक आन्दोलनमा नै जानुपर्छ भन्ने लाग्न थालेको छ।

अब बन्ने संविधानमा भूमि सुधारको मुद्दालाई निष्कर्षमा पुर्‍याउनुपर्छ। भूमि सुधार गर्ने हो भने सबै राजनीतिक दलले राष्ट्रिय भूमि अधिकार मञ्चका मुद्दा समेट्नुपर्छ। भूमि अधिकारबाट वञ्चितहरू मञ्चमार्फत् खुलेर आन्दोलन र अधिकारका कुरा गर्न थालेका छन्। हामी पनि सङ्गठन बलियो बनाउँ। जीत अवश्य नै हाम्रो हुनेमा शङ्का छैन।

**–श्रीदेव चौधरी**
भरतपुर-१, महोत्तरी

**सूचना**

यो पत्रिका तपाईंलाई कस्तो लाग्यो ? तपाईंले पनि भूमिअधिकार वा यो विषयसँग सम्बन्धित केही लेख्नुभएको छ ? तपाईंका गाउँठाउँमा पनि भूमिसम्बन्धी समस्या छन् ? हामीलाई पठाउनुहोस्। छोटा, मीठा र स्तरीय तथा गाउँघरका समस्याले प्राथमिकता पाउने छन्। तपाईंले पठाएको सामग्रीसँग सम्बन्धित तस्बिर छन् भने त झनै राम्रो।

पठाउने ठेगाना :
**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पो.ब.नम्बर १९७९०, फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org

**सामुदायिक आत्मनिर्भर सेवा केन्द्र (सिएसआरसी)**
पोस्ट बक्स नम्बर १९७९०, भूमिघर, धापासी-८ काठमाडौं, नेपाल
फोन ९७७-१-४३६०४८६, फ्याक्स ४३५७०३३
इमेल landrights@csrcnepal.org, website– www.csrcnepal.org